# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ५ अङ्क २८ पूर्णाङ्क २१८ २०७७ पुस २७ गते सोमबार Monday, 11 Jan., 2021 पृष्ठ ८ मूल्य रू. १०।–


## क्रान्तिकारी पत्रकार महासंघद्वारा भावपूर्ण श्रद्धाञ्जली व्यक्त



काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघले संगठनका केन्द्रीय सदस्य केशव अधिकारी अविरलका बुबाको निधनमा श्रद्धाञ्जली वक्तव्य जारी गरेको छ । संगठनका अध्यक्ष इन्द्र राउतले जारी गरेको श्रद्धाञ्जली वक्तव्यमा गुल्मी जिल्लाको रुरु गाउँपालिका-४ बले टक्सार, भगवती टोल निबासी संगठनका केस अविरलका बुबा कृष्णप्रसाद अधिकारीको ७४ बर्षको उमेरमा असामयिक निधन भएको खबरले संगठनलाई स्तब्ध तुल्याएको भन्दै केन्द्रीय सदस्य अविरल लगायत शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै दिवंगत बुबा बाँकी ७ पेजमा

## क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको बैठकको निष्कर्ष :

# 'संकटको समाधान संघीय जनगणतन्त्रको स्थापनाबाट मात्रै'



काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को सम्पन्न केन्द्रीय समितिको बैठकले मुलुकमा उत्पन्न राजनीतिक संकटको समाधान संघीय जनगणतन्त्रको स्थापनाबाट मात्रै हुने निष्कर्ष निकालेको छ । पौष २४ देखि २६ गतेसम्म काठमाडौमा सम्पन्न केन्द्रीय समितिको आकस्मिक बैठकले यस्तो निष्कर्ष निकालेको हो ।

बैठकले निकालेका निष्कर्ष र गरेका निर्णयहरुलाई सार्वजनिक जानकारीका लागि पार्टी महासचिव मोहन वैद्य'किरण'ले पौष २७ मा जारी गर्नु भएको वक्तव्यमा उक्त कुरा उल्लेख गरिएको छ । ६ वटा बुँदामा सार्वजनिक वक्तव्यमा भनिएको छ, "केन्द्रीय समितिको बैठकमा पारित राजनीतिक प्रस्तावमा वर्तमान सत्ता तथा व्यवस्थामा पैदा भएको सङ्कटको वास्तविक निकास र राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्याहरुको समाधान सङ्घीय जनगणतन्त्रको स्थापना बाटै हुने कुरा उल्लेख गर्दै त्यसका लागि देशभक्त, जनवादी तथा वामपन्थी शक्ति, समूह तथा व्यक्तित्वहरुका बीच बलियो संयुक्त मोर्चा तथा कार्यगत एकता गरी सङ्घर्षलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनु पर्ने निष्कर्ष निकालिएको छ ।"

"वर्तमान परिस्थिति र पार्टीको कार्यभार" शीर्षकमा पार्टी महासचिवले पेश गरेको संक्षिप्त राजनीतिक प्रस्तावमाथि व्यापक छलफल चलाइएको थियो । आवश्यक विचार, विमर्श, थपघट र परिमार्जनसहित सो प्रस्ताव सर्वसम्मत रुपमा पारित गरिएको थियो ।

बाँकी २ पेजमा

## वैदेशिक चलखेल तीव्र, जोखिममा राष्ट्रिय स्वाधीनता

काठमाडौं । यतिबेला नेपालको राष्ट्रियता इतिहासकै कमजोर अवस्थामा रहेको छ । प्रधानमन्त्री ओलीले संसद विघटन गरेपछि उत्पन्न तरल राजनीतिक अवस्थामा विदेशी स्वार्थ देखिने गरी सल्बलाउन थालेका छन् र तीव्र रूपमा विदेशी चलखेल बढेर गएका छन् । अमेरिका, चीन र भारतका त्रिपक्षीय स्वार्थहरू नेपाली भूमिमा टकराउँदा नेपाली स्वाधीनतामाथि गम्भिर संकट उत्पन्न हुन पुगेको छ । मुलुकभित्रको राष्ट्रिय राजनीतिक संकटको दीर्घकालीन समाधान तथा सही व्यवस्थापन नहुने हो भने विदेशी शक्तिहरूको तानातानमा पर्ने र नेपालले आफ्नो स्वाधीनता गुमाउने खतरा रहेको राजनीतिक तथा कुटनीतिक विज्ञहरूले दिँदै आएका छन् ।

***ओलीले निम्त्याए बैदेशिक हस्तक्षेप***

तत्कालीन डबल नेकपाका अध्यक्ष समेत रहेका केपी शर्मा ओलीले एमसीसी जस्तो राष्ट्रघाती सम्झौता सदनबाट जसरी पनि पास गर्न मरिहत्ते गरे । अर्थमन्त्री युवराज खतिवडा र परराष्ट्रमन्त्री प्रदीप ज्ञावलीमार्फत् उनले अमेरिकी हस्तक्षेप प्रत्यक्ष रूपमा निम्त्याउने काम गरे । चीनलाई घेरा हाल्ने र नेपाललाई चीनको बीआरआई परियोजनाबाट विमुख गराई आफ्नो सैन्य रणनीतिमा आधारित हिन्द प्रशान्त रणनीतिको अभिन्न अंग एमसीसी सम्झौता सदनबाट पास गर्न अमेरिकाले प्रत्यक्ष रूपमा दबाब दिन थाल्यो र अहिले पनि दिइरहेको छ । संसद विघटन भइसकेको अवस्थामा पनि अमेरिकी दूतावासले नेपालले एमसीसी सम्झौता छिटो कार्यान्वयनमा लैजान दबाब दिएको छ । बाँकी ८ पेजमा

## भारतीय कुटनीतिज्ञ एसडी मुनी भन्छन्

# 'भारतले ओलीको सत्ता टिकाउन र हिन्दूवादी शक्तिहरुलाई मलजल गर्न सहयोग गरिरहेको छ'

काठमाडौं । नेपालका बारेमा गहिरो जानकारी राख्ने भारतीय लेखक तथा कुटनीतिज्ञ एस डी मुनीले भारतले ओलीको सत्ता टिकाउन र हिन्दूवादी शक्तिहरूलाई मलजल गर्न सहयोग गरिरहेको बताएका छन् । नेपालको आन्तरिक मामिलामा भारतले सावधानीपूर्वक र चलाखीपूर्ण तरिकाले कार्ड खेलिरहेको समेत बताएका छन् ।

नेपालको पछिल्लो विकसित घटनाक्रमबारे भारतीय पत्रिका हिन्दुस्तान टाइम्समा एक लेख लेख्दै उनले नेपालमा ओलीको सत्ता टिकाउन बाँकी ७ पेजमा



## नेकपा (क्रान्तिकारी माओवादी)को प्रथम जिल्ला भेला लगत्तै जाजरकोटको ठाँठीबजारमा विरोधसभा सम्पन्न

जाजरकोट । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) को प्रथम जिल्ला भेला सम्पन्न भएको छ । उक्त जिल्ला भेलालाई पार्टीका केन्द्रीय सदस्य तथा रुकुम, सल्यान, जाजरकोटका इन्चार्ज क. प्रकाशउर्जाले सम्बोधन गरेका थिए । उक्त भेलाले क. राजनको नेतृत्वमा १५ सदस्यीय जिल्ला संगठन समिति निर्माण गरेको छ । उक्त जिल्ला भेलाको उदघाटन प्रमुख अतिथिले क्याण्डेल बालेर गरेका थिए ।

जिल्ला भेलाको लगत्तै जिल्ला भेलालाई जाजरकोटको ठाँठिबजारमा विरोध सभामा परिणत गरिएको थियो । उक्त विरोधसभामा बोल्दै अवको विकल्लप नयाँ जनगणतन्त्र, सीमा सुरक्षा बलको निर्माण, राष्ट्रिय सेना निर्माण, सीमामा तारवार गर्नपर्ने कुरा जाजरकोटका नव नीर्वाचित सेक्रेटरी क. राजनले बताएका थिए । कम्युनिष्ट आन्दोलनलाई निरन्तरता दिने र पुँजीवादी संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनवादी व्यवस्थाको सुत्रपात गर्ने कुराको अभिव्यक्ति प्रमुख अतिथिले प्रकाश उर्जाले भेलालई सम्बोधन गर्ने क्रममा भनेका थिए ।



# एसएसबीले नेपाली भूमिमै पुल बनाउन दिएन



राजविराज । सप्तरीमा भारतीय सीमा सुरक्षा बलले नेपाली भूमिमा पुल बनाउनमा रोक लगाएको छ । सप्तरीको खडग खोलाको पुल निर्माणमा भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले रोक लगाएको हो । हुलाकी राजमार्ग अन्तर्गत रहेको कठौना-पातो-कटैया सडक खण्ड अन्तर्गत डाकनेश्वरी नगरपालिका-६ कटैयामा रहेको अन्तिम बिन्दुमा पुल निर्माणमा एसएसबीले अबरोध गरेको स्थानीयले जनाएका छन् ।

नेपाल भारत सीमा छुट्याउने पिलर भन्दा १ सय ९५ मिटर उतर नेपालतर्फ सो पुल निर्माण गर्ने योजना रहेपनि एसएसबीले आफूहरूलाई माथिल्लो निकायबाट निर्देश नआएसम्म पुल निर्माण गर्न नदिने बताएको हुलाकी आयोजनाका इन्जिनयर आशुतोष कर्णले जानकारी दिएका छन् ।

०७६ साल माघ बाँकी ७ पेजमा

## युद्धबारे अवसरवादी कार्यविधिका विरुद्ध लेनिनवादी कार्यविधि

***लेनिनले सुस्पष्ट पारे कि साम्राज्यवादी युगमा र सर्वहारा क्रान्तिमा समाजवादीहरूले सबै यस्ता युद्धहरूको समर्थन गर्ने छन् ताकि यसले विश्व समाजवादी क्रान्तिलाई अगाडि लिएर जाने छ । यस्तो एउटा बुझाइ अनुसार लेनिनले युद्धहरूका प्रकारहरूका उदाहरणहरू दिए जसलाई प्रगतिशील अथवा न्यायपूर्ण युद्धहरू भन्न सकिन्छ***



● हुकुमबहादुर सिंह ●

शताब्दीयौको मोडबाट साम्राज्यवादको उदयसंगै उपनीवेशहरूको बाँडफाँडका लागि साम्राज्यवादी शक्तिहरूद्वारा युद्धहरूलाई निम्ताउने काम गरियो । एउटा उदाहरणका रूपमा रसियन- जापनिज युद्धलाई लिन सकिन्छ । रसियन- जापनिज युद्ध किन भयो ? किनभने दुवै रसिया र जापानले उत्तर चीन र कोरियामा रहेको मञ्चुरियामाथि नियन्त्रण गर्न चाहन्थे । त्यही खालका युद्धहरू विश्वका विभिन्न भागहरूमा उपनिवेशहरूलाई हडप्न र पुनः हडप्नका लागि फैलिन सुरू भए । यसरी उपनिवेशवाद र युद्धको प्रश्नहरूमा सहि क्रान्तिाकरी स्थिति लागु गर्न अन्तराष्ट्रिय सर्वहारा आन्दोलनका लागि संकटपूर्ण तर महत्वको हुन गयो ।

यो उल्लेखित घटनाहरू त्यससमयमा भए, जुन समय दोस्रो अन्तराष्ट्रियको कंग्रेसको पहिलो शिविर चलिरहेको थियो । अवसरवाद यद्धपि, त्यसवेलासम्म, दोस्रो बाँकी ७ पेजमा

## सम्पादकीय

### इतिहासले सुम्पेको जिम्मेवारी बहन गर्न क्रान्तिकारी संयुक्त मोर्चामा आवद्ध सबैको पहलको आवश्यकता

नेपाल अहिले गम्भीर राजनीतिक संकटको अवस्थाबाट गुज्रीरहेको छ। यो संकट संसदीय व्यवस्थाको प्रतिक्रियावादी चरित्रका कारण उत्पन्न भएको हो। त्यसैले मुलुकमा उत्पन्न राजनीतिक संकटको समाधान प्रतिक्रियावादी संसदीय व्यवस्थाको अन्त्यबाट नै सम्भव छ।

अमेरिकादेखि नेपालसम्म विश्वभरी संसदीय व्यवस्थाको प्रतिक्रियावादी चरित्र उदाङ्गीएको छ। संसदीय व्यवस्थाको प्रतिक्रियावादी चरित्रलाई अझबढता उदाङ्गीन नदिन नेपालमा देशीय र विदेशी प्रतिक्रियावादी शक्तिहरुबीच संसदीय मध्यावधि निर्वाचन वा पुनस्थापना गरेर विद्यमान सङ्कटको समाधान खोज्ने प्रयास गरिदै छ। यस्तो अवस्थामा नेपालका वामपन्थी, देशभक्त तथा जनवादी शक्तिहरु एकतावद्ध भई संयुक्त सङ्घर्षलाई प्रभावकारी ढङ्गले विकसित तुल्याउन सकेमा देश अग्रगामी निकास तर्फ अगाडि बढ्न सक्तछ। र जसका लागि संसदीय घेराभन्दा बाहिर -संघीय जनगणतन्त्रको स्थापनामार्फत वैज्ञानिक समाजको मार्गतर्फको यात्राको खाँचो छ।

यही आवश्यकतालाई मध्यनजर राखेर भरखरै सम्पन्न(पौष २४देखि २६सम्म) नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिको बैठकले वर्तमान सत्ता तथा व्यवस्थामा पैदा भएको सङ्कटको वास्तविक निकास र राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्याहरुको समाधान सङ्घीय जनगणतन्त्रको स्थापना बाटै हुने कुरा उल्लेख गर्दै त्यसका लागि  देशभक्त, जनवादी तथा वामपन्थी शक्ति, समूह तथा व्यक्तित्वहरुका बीच बलियो संयुक्त मोर्चा तथा कार्यगत एकता गरी सङ्घर्षलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनु पर्ने निष्कर्ष निकालिएको छ।

क्रान्तिकारी शक्तिहरुबीचको यस्तो मोर्चाले नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्न छरिएर रहेका कम्युनिस्ट क्रान्तिकारीहरुलाई एकताको सुत्रमा बाँध्ने दायित्व निर्वाहा गर्ने छ। वर्तमानमा नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (विप्लव), नेकपा (ऋषि कट्टेल) र आहुती नेतृत्वको वैज्ञानिक समाजवादी पार्टीबीच संघीय जनगणतन्त्र तथा वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाका लागि क्रान्तिकारी संयुक्त मोर्चा निर्माण गर्ने सहमतिको घोषणा बाहिर आएको पनि छ। घोषणा गरिएको वक्तव्यमा केपी ओली सरकारको निरंकुशता, फासिवाद र दलाल तथा प्रतिक्रियावादी राज्यसत्ताका विरुद्ध अग्रगामी राजनीतिक निकासको ऐतिहासिक पहलकदमीका निम्ति क्रान्तिकारी  संयुक्त मोर्चा निर्माण गर्ने सहमति भएको समेत बताइएको छ। यो संयुक्त मोर्चा निर्माणको सहमतिले नेपाली कम्युनिस्ट आन्दोलनको देशभक्त तथा क्रान्तिकारी पंक्तिलाई र आमूल परिवर्तनका पक्षधर जनपंक्तिलाई समेत उत्साहित बनाएको छ।  अर्कोतिर यो सहमतिले यथाःिथतिमा गोलचक्कर मारिरहेको र पुनरुत्थानवादीहरुले समेत टाउको उठाउन लागेको विकसित राजनीतिक परिःिथतिमा अग्रगामी तथा क्रान्तिकारी राजनीतिक निकासका लागि मार्ग प्रशस्त गरेको छ र नेपाली राजनीतिक रंगमञ्चमा क्रान्तिकारी राजनीतिक धार अगाडि आएको छ . यो धारलाई नेपाली राजनीतिको अबको मूलधार बनाउन र मूलुकलाई अग्रगामी तथा क्रान्तिकारी राजनीतिक निकास दिन यो धारलाई सबल र प्रबल बनाउन जरुरी छ . त्यसका लागि अब चाँडै बाँकी क्रान्तिकारीहरुलाई पनि संयुक्त मोर्चामा ल्याउन र यो क्रान्तिकारी संयुक्त मोर्चालाई क्रान्तिकारी पार्टी एकतामा रुपान्तरण गरी शक्तिशाली क्रान्तिकारी पार्टी निर्माण गर्न जरुरी छ .। त्यसैगरी कार्यगत एकतामा रहेका २३ राजनीतिक संगठनबीच पनि संघीय जनगणतन्त्र  र वैज्ञानिक समाजवादको मुद्दामा एक ठाउँ आउने, ल्याउने वातावरण सिर्जना गर्न जरुरी छ . यो अहिलेको समयको माग र इतिहासले क्रान्तिकारीहरुलाई सुम्पेको प्रमुख जिम्मेवारी र दायित्व पनि हो .यसरी संयुक्त मोर्चालाई पार्टी एकतामा विकसित गर्न सकिएको खण्डमा क्रान्तिकारी ध्रवीकरणले तीव्रता पाउने वस्तुगत अवस्था सृदृढ बनेर गएको छ। क्रान्तिका लागि यो स्वर्णिम अवसर रहेको अहिलेको वर्तमान अवस्थामा क्रान्तिकारीहरुको आत्मगत अवस्थालाई सुदृढ पार्ने र विकसित राजनीतिक परिस्थितिमाथि पहलकदमी बढाउँदै परिस्थितिलाई लक्ष्य र उद्देश्य अनुसार दिशा दिन सक्ने स्थिति प्रबल बनेर गएको छ।. केही निहीत महत्वकांक्षा र आग्रहहरुलाई तपशीलमा राखेर मिलेका कुराहरुबाट एकताको प्रक्रिया अगाडि बढाउने र नमिलेका कुराहरुलाई पार्टीका विभिन्न निकायहरुमा छलफल बहस गर्दै टुग्याउने गरी पार्टी एकताको कोर्स अगाडि बढाउनु अहिलेको अपरिहार्य आवश्यकता बनेको छ।

संघीय जनगणतन्त्र र वैज्ञानिक समाजवादलाई केन्द्रमा राखेर गरिने सिद्धान्तनिष्ठ एकताले अबरुद्ध बनेको समाजको आर्थिक-सामाजिक रुपान्तरणलाई अवश्यै पुनः तीव्रता दिनेछ . र, वास्तविक रुपमा शोषित उत्पीडित वर्ग र समुदायको राजनीतिक व्यवस्था स्थापना गर्न सकिने छ . जसले बर्षौदेखि हल गर्न नसकेको राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरुको दीर्घकालीन समाधान दिन सक्नेछ। यसतर्फ सबै छरिएर रहेका कम्युनिस्ट क्रान्तिकारीहरुले बेलैमा ध्यान दिन जरुरी छ . र, इतिहासले सुम्पेको जिम्मेवारी बहन गर्न क्रान्तिकारी सयुक्त मोर्चामा संलग्न सबैले आ-आफ्नो ठाउँबाट गम्भीरताका पहल बढाउन जरुरी छ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।
www.moolbato.com

# पुँजीपतिले अतिरिक्त मूल्य कसरी कमाउँदछ ?

**पुँजीपति वर्गले नाफा बढाउने प्रतिस्पर्धा पुँजीवाद अघिका समाजहरूको तुलनामा उत्पादन विकासको स्तर धेरैमाथि उठाउने मात्र नभई त्यस्ता उत्पादक शक्तिहरुलाई पनि हुर्काउने गर्दछ । जसले पुँजीवादी उत्पादन पद्धतीलाई नै धराशायी गराउन सक्छ । त्यो शक्ति हो मजदुर वर्ग ।**



● सितराम तामाङ ●

पुँजीवादी उत्पादन व्यवस्था नै यस्तो छ कि त्यहाँ श्रम गर्ने मजदुरले दासको रूपमा बाँच्नु पर्दछ। यो व्यवस्थामा एक मुठी शोषकवर्गद्वारा लाखौं लाख श्रमिकहरू पिल्सिएका हुन्छन। जो गर्दैनन त्यसले खान्छ, जो गर्छ त्यसले खाँदैन अर्थात यो व्यवस्था शासकहरूले मै लाउ, मै खाउ, सुख सयल मोज मै गरु भन्ने सिद्धान्तमा आधारित छ। मजदुरहरू शोषणको जाँतोमा पिसिएर सँधै दलिनै रहनु पर्छ र आफ्नो एक मात्र पेवा भएको श्रम शक्ति पनि पुँजीवादलाई बेच्नु पर्छ। पुँजीपति वर्गले भने उनीहरूको श्रमद्वारा तयार गरिएको उत्पादन हडप गरेर आराम सँग भूडी ढल्काएर बसेको हामीले देखेका छौं। तर समाज संधै यही रूपमा थिएन। एक जमनमा यस्तो पनि थियो जसलाई हामी आदिम समाज भन्छौं जहाँ हजारौं वर्ष सम्म पनि मानिसलाई मानिसद्वारा मानिसको शोषण हुन्छ भन्ने थाह थिएन। त्यतिखेर मानिसहरूले सबै मिलेर काम गर्थे। तिनीहरू आफ्नो श्रमको फल पनि आपसमा मिलेर नै उपभोग गर्थे। मानिसको श्रमले आफूलाई चाहिने भन्दा बढी वस्तु उत्पादन गर्ने सम्भावना पनि थिएन किनभने मानिसहरू सबै काम गर्थे र अर्काको श्रममा कोही पनि बाँच्दैनथे। अर्थात त्यस बेला जो गर्छ उसले खान्छ भन्ने सिद्धान्त लागू हुन्थ्यो।

तर यो समाजको विघटन भएपछि यस्तो पनि जमना आयो जहाँ मानव श्रमले स्वयं आफैलाई चाहिने भन्दा बढी वस्तुहरू उत्पादन गर्न थाल्यो। अनि मात्र मान्छेले मान्छेलाई शोषण गर्ने परिपाटी पनि शुरु भयो। यसबाट हामी के देख्दैछौं भने पुँजीवाद भन्दा पहिले (आदिम समाजवाद व्यवस्था भन्दा पछि) अतिरिक्त श्रमको अस्तित्व कायम थियो अर्थात यसो भनौं त्यसबेला पनि मानव श्रमको शोषण थियो। शोषकद्वारा शोषित वर्गको अतिरिक्त श्रमको उपज हडप गरिनु नै वास्तवमा शोषण हो तर फरक कति छ भने दास वा भूदास प्रथामा जबसम्म विनिमयहिन अर्थात व्यवस्था नै प्रधान थियो। निश्चित घेरा भित्र मात्रै अतिरिक्त श्रमलाई हत्याउन सकिन्थ्यो। दासको मालिक अथवा सामन्तले उसले शोषण गर्ने दास वा भूदासहरू बाट त्यति नै मात्र श्रम हत्याउन सक्थ्यो जति उसको आवश्यकता र ऐस आरमको लागि आवश्यक हुन्थ्यो, पुँजीवादमा भने पुँजीपति वर्गले मजदुर वर्गको अतिरिक्त श्रमलाई व्यापक रूपमा शोषण गर्छ। पहिले त उसले यो अतिरिक्त श्रमलाई मुद्रामा परिणत गर्छ अनि थप पुँजीको रूपमा त्यो धनराशीलाई फेरी कारोबारमा लगाउँछ। जसबाट उसलाई फेरी अतिरिक्त मूल्य प्राप्त हुन्छ। यसरी पुँजीपतिहरू दिनदिनै मोटाउदै जान्छन। पुँजीवादमा श्रम प्रतिको लोभ मार्क्सको शब्दमा कहिले नअघाउने ब्वाँसोको जस्तो हुन्छ। पुँजीपति वर्ग आफ्नो ज्यालादारी दासहरूको शोषणमा तिव्रता ल्याउन जुनसुकै प्रकारको साधनको प्रयोग गर्न पनि पछि पर्दैनन।

आखिर मजदुर वर्गको शोषण गर्न ब्वाँसोको जस्तो लोभ देखाउन पर्ने पुँजीपति वर्गले पाउने त्यो अतिरिक्त श्रम भनेको के हो ? र उनीहरूलाई त्यसको मूल्य कसरी प्राप्त हुन्छ अब यस कूरोको हामी विस्तारपूर्वक विचार गरौं। हामीलाई के थाह छ भने कुनैपनि वस्तु उत्पादन गर्दा त्यसमा मानिसको श्रमको आवश्यकता पर्दछ र जुन वस्तुमा मानिसको श्रम परेको हुन्छ त्यसको चाही मूल्य हुन्छ। प्रकृति प्रद्धत वस्तु जस्तो हावापानी, माटो ढुंगा आदिको मूल्य हुँदैन किनभने त्यसमा मानव श्रम परेको हुँदैन। हामी नै भनौं खोलामा पडिरहने वालुवाको के मूल्य हुन्छ र ? तर जब यसलाई मानवोपयोगी कार्यमा लगाइन्छ अर्थात जब त्यसमा मानव श्रम पर्दछ त्यसको मूल्य हुन्छ यस हिसाबले हेर्दा कुनै पनि वस्तुको मूल्य श्रमको आधारमा तोकिने प्रष्ट छ र (त्यो श्रमको मालिक हुन्छ। श्रमजीवि अर्थात मजदुर) त्यो श्रमको मूल्य पनि जसले गर्छ उसैले पाउनु पर्ने हो तर पुँजीवादमा त्यसो नभएर बरु त्यो श्रममाथि पुँजीपति वर्गको पूर्ण अधिकार रहने भएकोले त्यसको मूल्यमा उसैको अधिकार रहन जान्छ। आधुनिक मेसिनको विकासले गर्दा श्रम शक्तिलाई अझ बढाइदिएको छ। फलस्वरूप उत्पादन पनि स्वयं बढी हुन जान्छ। तर दुखको कुरा के छ भने त्यो बढी उत्पादनको भागिदार मजदुर हुँदैन। जसले आफ्नो श्रम बगाएर त्यस वस्तुको उत्पादन गरेको छ, उसले त त्यस वस्तुलाई किनेर मात्रै प्रयोग गर्न सक्छ अर्थात आफ्नो उत्पादन उसले आफैले किन्नु पर्छ अनि त्यत्रो उत्पादनको रकम कहाँ जान्छ त ? पुँजीपतिको खल्तिमा। हो, पुँजीपतिको खल्तिमा। किनभने पुँजीपति हरेक उत्पादन कार्य मात्र नाफा कमाउनको लागि गर्छन। उसको मूख्य उद्देश्य नै नाफा कमाउने र पुँजी बढाउने हुन्छ। नाफाको मतलब हो कुनैपनि वस्तु वास्तविक मूल्य भन्दा कममा किन्नु र वास्तविक मूल्य भन्दा बढीमा बेच्नु अर्थात यहाँ पुँजीपतिले वस्तु खरिद र बिक्रीको बिचमा फरक पाउछ त्यो नै उसको नाफा हो। यही लक्ष्यलाई धुरी बनाएर पुँजीपति मजदुरलाई श्रमको वास्तविक मूल्य भन्दा कम ज्याला दिन्छ र उसबाट बढी भन्दा बढी काम लिन्छ जसले गर्दा सस्तो भन्दा सस्तोमा वस्तु उत्पादन होस र महंगो भन्दा महंगोमा बेच्न सकियोस्। यसरी वास्तविक श्रमको मालिकलाई ठगेर पुँजीपति नाफा कमाउछ।

पुँजीपतिले नाफा कमाउन के गर्छ त ? उसको सामान्य गणितीय व्याख्या गरौं। उसले उद्योग धन्दा सञ्चालन गर्छ। उद्योग सञ्चालनको लागि उसलाई घर, आधुनिक मेसिन, कोरा पदार्थ आदिको आवश्यकता पर्दछ तर त्यतिले मात्रै उसको उद्योग सञ्चालन हुँदैन। त्यसको लागि उसले मानव श्रम, मजदुर लगाउछ र यो नै यस्तो श्रम हो जसलाई ठगेर उ नाफा बढाउछ। अब एउटा उदाहरणको रूपमा हेरौं। उसको उद्योगमा काम गर्ने एउटा मजदुरले दिनमा मानौं आठ घन्टा काम गर्छ र सो अवधिमा मानौं रु १६ बराबरको मूल्य उत्पादन गर्छ अर्थात उसले प्रति घन्टा रु. २ बराबरको मूल्य उत्पादन गर्छ तर उसलाई ज्याला दिइन्छ रु. ८ मात्र। यो पनि पुँजीपतिले मानौं उसलाई अधिकतम रकम दिएको छु र पनि त्यहाँ उसको श्रमको मूल्य हुन्छ। आठ रूपैयाँ मात्र अर्थात आफूले उत्पादन गरेको मूल्यको आधा जुन मूल्य उसले चार घन्टा श्रम गर्दा नै कमाउछ अझ स्पष्ट शब्दमा भन्ने हो भने उसले आफ्नो श्रम शक्ति खर्च गरे वापत पाउने ज्याला कमाउन केबल चार घन्टा काम गरे पुग्छ तर उ त्यहाँ काम गर्छ आठ घन्टा अर्थात ठीक डबल र जसमा बाँकी चार घन्टा उसले पँजीपतिको लागि सित्तैमा काम गर्नु पर्दछ।

अब हामी मजदुरको श्रमलाई यहाँ दुई भागमा बाँडन सक्छौं जस्तो दिनको पहिलो चार घन्टामा उसले आफ्नो श्रम शक्ति बेचे वापत प्राप्त भएको रकम बराबरको मूल्य उत्पादन गर्छन यसलाई हामी आवश्यक श्रम समय (लभअभककबचथ बिदयगच तष्भ) भन्दछौँ र दिनको पछिल्लो चार घन्टामा मजदुरले जुन मूल्यको उत्पादन गर्छन, त्यो उसको नभई पुँजीपतिको हुन्छ। अर्थात पुँजीपतिले सित्तैमा त्यो मूल्य पाउछन। यसलाई हामी अतिरिक्त श्रम (कगचउगिक बिदयगच) भन्दछौँ। मजदुरको त्यो अतिरिक्त श्रमद्वारा सृजना गरिएको मूल्यलााई हामी अतिरिक्त मूल्य (कगचउगिक खबगिभ) भन्दछौँ। हामी पुँजीपति वर्गलाई यस्तो अतिरिक्त मूल्य कमाई दिने कारखानामा काम गरिरहेका हजारौं लाखौं मजदुरको कल्पना गर्न सक्छौं। पुँजीपति वर्गले यी हजारौं लाखौं संख्यामा काम गर्ने मजदुर वर्गले उत्पादन गरिदिएको अतिरिक्त मूल्यलाई थप पुँजीको रूपमा फेरी कारोबारमा लगाउदछ जसबाट फेरी उसलाई थप अतिरिक्त मूल्य प्राप्त हुन्छ। यही क्रमद्वारा उद्योगको विस्तार हुँदै जान्छ। उत्पादन पनि बढदै जान्छ। पुँजीपति वर्ग झन झन मोटाउदै जान्छ तर मजदुर वर्गको दशा भने उस्तै रहन्छ। केबल आठ रूपैयाँ ज्याला।

पुँजीपति वर्गले नाफा बढाउने प्रतिस्पर्धा पुँजीवाद अघिका समाजहरूको तुलनामा उत्पादन विकासको स्तर धेरैमाथि उठाउने मात्र नभई त्यस्ता उत्पादक शक्तिहरूलाई पनि हुर्काउने गर्दछ। जसले पुँजीवादी उत्पादन पद्धतीलाई नै धराशायी गराउन सक्छ। त्यो शक्ति हो मजदुर वर्ग। पुँजीपतिका ठुलठुला उद्योगहरूमा लाखौं मजदुरहरूले काम गर्दछन तर तिनको श्रमफलमाथि मजदुरहरूको नभएर मुठीभर पुँजीपतिहरूको अधिकार रहन्छ। यो अन्तरविरोध नै पुँजीवादको आधारभूत अन्तरविरोध हो जसको समाधान यो व्यवस्थाले गर्न सक्दैन। त्यसैले मार्क्सले भनेका छन पुँजीवादी उत्पादन प्रणाली सम्पतिको उत्पादन गर्ने निरपवाद प्रणाली होइन, यसको विपरित निश्चित अवस्थामा गएर यसले आफ्नो विकासमा आफैले बाधा पुर्याउँछ।

*साभारः मजदुर विद्रोह*
*वर्ष १ अंक १ कार्तिक २०७७*

## संकटको...

महासचिवले बैठकमा पेश गरेको सो प्रस्तावमा प्रतिनिधि सभा विघटनको कदमलाई एकातिर आर्थिक, राजनीतिक तथा सांस्कृतिक रुपमा सङ्कटग्रस्त बन्दै गएको वर्तमान प्रतिक्रियावादी राज्यसत्ता, व्यवस्था र संविधानको असफलताको द्योतक तथा परिणाम र अर्कोतिर गणतन्त्र, सङ्घीयता तथा धर्मनिरपेक्षताका विरुद्ध परिलक्षित निरङ्कुशतावादी तथा फासीवादी कदमका रुपमा विश्लेषण गरिएको छ।

उक्त राजनीतिक प्रस्तावमा नेपाली राजनीतिक क्षितिजमा तीन प्रकारका संभावना वा परिदृश्य देखापरेको उल्लेख गरिएको छ। जस अनुसार – पहिलो, संसदीय मध्यावधि निर्वाचन वा पुनस्थापना गरिएका दुवै अवस्थामा विद्यमान सङ्कटको समाधान हुन सक्दैन। दोस्रो, देशीय प्रतिक्रियावादी शक्तिहरुबीचका अन्तर्विरोध तथा वैदेशिक चलखेल बढ्दै गएमा वा अन्य कुनै कारणले मध्यावधि चुनाव हुन नसकेमा देश पुनरुत्थानवाद वा झनै निरङ्कुशतावादको बाटोमा जान सक्तछ। तेस्रो, वामपन्थी, देशभक्त तथा जनवादी शक्तिहरु एकतावद्ध भई संयुक्त सङ्घर्षलाई प्रभावकारी ढङ्गले विकसित तुल्याउन सकेमा देश अग्रगामी निकास तर्फ अगाडि बढ्न सक्तछ। प्रस्तावमा उक्त तीन संभावनामध्ये तेस्रो संभावनातर्फ केन्द्रित हुनुपर्नेमा जोड दिइएको छ।

बैठकले नेपालको कृषि क्षेत्रमा विदेशी पुँजी लगानी गर्न दिने ओली सरकारको हालैको निर्णयले नेपालका आम साना किसानको जीवन निर्वाहको बाटो नै समाप्त गरिदिने र नेपाली कृषिजन्य व्यवशायलाई समेत विस्थापित गर्ने हुनाले यो निर्णय जनघाती मात्र होइन राष्ट्रघाती समेत भएको ठहर गरी त्यसको तुरुन्त खारेजीको माग गरेको छ।

***यस्तो छ वक्तव्यको पूर्णपाठ :***

**प्रेस-वक्तव्य**

२०७७ पौष २४देखि २६ गतेसम्म काठमाण्डौमा नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिको आकस्मिक बैठक महासचिव कमरेड किरणको अध्यक्षतामा बस्यो। बैठकमा लिइएका महत्वपूर्ण निर्णयहरुलाई यसै प्रेस-वक्तव्य मार्फत् निम्नानुसार सार्वजनिक गरिएको छ।

१. बैठकमा सर्वप्रथम विभिन्न जनआन्दोलन, जनयुद्ध र विश्वक्रान्तिका ज्ञात-अज्ञात सबै अमर सहिदहरुप्रति एक मिनेट मौनधारण गरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो।

२. महासचिव क. किरणद्वारा बैठकमा 'वर्तमान परिस्थिति र पार्टीको कार्यभार' शीर्षक राजनीतिक प्रस्ताव प्रस्तुत गरियो। आवश्यक विचार, विमर्स, थपघट र परिमार्जन सहित सो प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो।

३. सो प्रस्तावमा प्रतिनिधि सभा विघटनको कदमलाई एकातिर आर्थिक, राजनीतिक तथा सांस्कृतिक रुपमा सङ्कटग्रस्त बन्दै गएको वर्तमान प्रतिक्रियावादी राज्यसत्ता, व्यवस्था र संविधानको असफलताको द्योतक तथा परिणाम र अर्कोतिर गणतन्त्र, सङ्घीयता तथा धर्मनिरपेक्षताका विरुद्ध परिलक्षित निरङ्कुशतावादी तथा फासीवादी कदमका रुपमा विश्लेषण गरिएको छ।

४. उक्त राजनीतिक प्रस्तावमा नेपाली राजनीतिक क्षितिजमा तीन प्रकारका संभावना वा परिदृश्य देखापरेको उल्लेख गरिएको छ। त्यस अनुसार – पहिलो, संसदीय मध्यावधि निर्वाचन वा पुनस्थापना गरिएका दुवै अवस्थामा विद्यमान सङ्कटको समाधान हुन सक्दैन। दोस्रो, देशीय प्रतिक्रियावादी शक्तिहरुबीचका अन्तर्विरोध तथा वैदेशिक चलखेल बढ्दै गएमा वा अन्य कुनै कारणले मध्यावधि चुनाव हुन नसकेमा देश पुनरुत्थानवाद वा झनै निरङ्कुशतावादको बाटोमा जान सक्तछ। तेस्रो, वामपन्थी, देशभक्त तथा जनवादी शक्तिहरु एकतावद्ध भई संयुक्त सङ्घर्षलाई प्रभावकारी ढङ्गले विकसित तुल्याउन सकेमा देश अग्रगामी निकास तर्फ अगाडि बढ्न सक्तछ। प्रस्तावमा उक्त तीन संभावना मध्ये तेस्रो संभावना तर्फ केन्द्रित हुनु पर्नेमा जोड दिइएको छ।

५. केन्द्रीय समितिको बैठकमा पारित राजनीतिक प्रस्तावमा वर्तमान सत्ता तथा व्यवस्थामा पैदा भएको सङ्कटको वास्तविक निकास र राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्याहरुको समाधान सङ्घीय जनगणतन्त्रको स्थापना बाटै हुने कुरा उल्लेख गर्दै त्यसका लागि देशभक्त, जनवादी तथा वामपन्थी शक्ति, समूह तथा व्यक्तित्वहरुका बीच बलियो संयुक्त मोर्चा तथा कार्यगत एकता गरी सङ्घर्षलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनु पर्ने निष्कर्ष निकालिएको छ।

६. बैठकले नेपालको कृषि क्षेत्रमा विदेशी पुँजी लगानी गर्न दिने ओली सरकारको हालैको निर्णयले नेपालका आम साना किसानको जीवन निर्वाहको बाटो नै समाप्त गरिदिने र नेपाली कृषिजन्य व्यवशायलाई समेत विस्थापित गर्ने हुनाले यो निर्णय जनघाती मात्र होइन राष्ट्रघाती समेत भएको ठहर गरी त्यसको तुरुन्त खारेजीको माग गरेको छ।"

# कार्लमार्क्सको राजनीतिक विचारधारा र नेपाली समाज–२

❑ गोरे

त्यसैगरी युरोपियन देशहरूमा समाजवादी असफल क्रान्ति पनि भए । रुषमा वोल्सेभिक शहरी विद्रोह पनि सफल भएको हो । यसरी यी मजदुर वर्ग र विधार्थीमार्फत शहरी विद्रोहबाट सफल आन्दोल कतै दिर्घकालिन नहुने पो हो कि ? भन्ने प्रश्न उब्जिन्छ । हुन त म यस विषयमा अनभिज्ञ पनि हुन सक्छु । तर वास्तवमा मार्क्सले भनेजस्तो गरिएको विद्रोहले राज्य सत्ता कब्जा त गर्न सक्ने तर छोटो समयमै असफल भएको ऐतिहांसिक घटनाक्रमले यसरी गरिएको विद्रोह धैरै जसो देशको लागि असफल हो कि ? अहिले माथि वालेरस्टाइनले भने जस्तै पुंजिवादी व्यवस्थाको कारण स्थानीय पुंजि परिचालन नभएर अर्थतन्त्र नै धराशायी भएको विश्लेषण गरिएकोबाट पनि प्रष्ट हुन्छ कि यदि स्थानीय पनि विशेषगरि ग्रामिण अर्थतन्त्रलाई चलायमान नबनाएसम्म अब विश्व अर्थतन्त्र अवनतितिर जाने खतरा देखिन्छ । हो अब हामी यहिनिर घोत्लिनु पर्ने समय आइसकेको छ । विश्व अर्थव्यवस्था शहरी क्षेत्रमा पनि केहि सानो घेरामा मात्र अर्थतन्त्र चलायमान हुने तर ग्रामिण अर्थतन्त्र नचलेकोले अबको अर्थव्यवस्था नै पुनर्व्याख्या हुनु पर्ने तर्क अघि सार्न थालिएको छ । अब यहिनिर उभिएर हेर्नु पर्नेछ । हाम्रो नेपाल त्यो बेलाको चीनको जस्तै सामन्ति, अर्धऔपनिवेशिक अवस्था हो । फरक यत्ति हो, त्यतिखेर सिधै युद्ध लड्ने परम्परा थियो तर अहिले आर्थिक, सामाजिक, कुतनीतिक, राजनीतिक प्रभाव, व्यापार, विभिन्न प्रलोभन, हस्तक्षेप मार्फत औपनिवेशिक रणनीति अपनाएको देखिन्छ । भारतको सिधै हस्तक्षेप देखिन्छ भने अन्य दातृ राष्ट्रहरूको लुप्त किसिमको रणनीति अपनाएको देखिन्छ । उनिहरूको विभिन्न संघ/संस्थामार्फत हस्तक्षेप बढाएको देखिन्छ । यता देशभित्र सामन्त, दलाल, नोकरशाह, ठेकेदार, व्यापारी, तस्कर आदिको बोलवाला रहेको छ । उनिहरूकै आदेश, निर्देशनमा शासनसत्ता सञ्चालन भैरहेको छ । यिनीहरूमध्ये केहि सानो झुण्ड देशभित्रबाटै सञ्चालित छन् भने ठूलो झुण्ड उनै विदशी प्रभुको आदेश पालन, आज्ञापालक, अरौते, धुपौरे, लम्पसारे यस्तै यस्तै हुन् । नियम कानून सबै उनिहरूकै हुन् । नेपालको संविधान भनेको विश्वलाई यसो देखाउने भांडो मात्र हो । यसलाई अझ बुझ्ने भाषामा भन्नु पर्दा मागिखाने कचौरा मात्र हो ।

नेपालको भौगोलिक अवस्था, जनताको मनोविज्ञान र विश्व परिवेशलाई केलाउदा हामीले अब स्थानीय ग्रामिण जनतालाई साथ नलिई क्रान्ति सफल बनाउछु भन्नु दिउसै रात पार्नु बाहेक अर्को योजना सायद मेरो विचारमा काल्पनिक समाजवाद मात्र हुन सक्छ । अहिले नेपाली जनतामा पूर्ण निराशा छाएको छ । हो, हाम्रो गल्ति त छैन होला तर पनि हामीले केहि गल्ति अवश्य गरेका छौं । जस्तो प्रचण्ड, वावुरामले लाइन छोड्नासाथ हामीले जनयुद्धका समयमा स्थापित जनकम्युन, स्कूल, लडाकुको संरक्षण जस्ता कार्य गर्नु पर्थ्यो र तुरुन्तै सबै कार्यकर्ता गाउंले अर्थतन्त्रलाई चलायमान बनाउने र तिनीहरूलाई राजनीतिक प्रशिक्षण दिदै गर्नु पर्थ्यो । जसले गर्दा हामीप्रति जनताको जनविश्वास टुट्न पाउने थिएन । यी दलाल, छलकपटीहरूको व्यवहारको कारण जनताको मनोविज्ञान कुनै पनि दलप्रति विश्वास छैन । अब, हामीले दुई वटा कार्य संगसंगै गर्नु पर्नेछ । पहिलो काम सक्छौं भने सबै क्षेत्रको स्थानीय जनतासंगै हाम्रा जनवर्गिय संगठन जोडिनु पर्छ । जहां बसेर स्थानीय उत्पादनलाई हौसला बढाउनु पर्छ र त्यसलाई सहज रूपमा उनिहरूकै संरक्षणमा वजारिकरणको व्यवस्थालाई सहजीकरण गर्ने कार्य तुरुन्तै मात्र होइन, अब ढिला नगरि यो कार्य शुरुवात गरिहाल्नु पर्छ । यसको लागि पहिलो टार्गेट काठमाडौंको वरिपरिको क्षेत्रलाई समेटेर कार्यक्रम बनाउन सक्नु पर्छ । जहां वजारिकरणको लागि सहज छ र छिटो प्रभाव पनि पार्न सकिन्छ । त्यसको साथसाथमा बुर्जुवा शिक्षाको ठाउंमा हाम्रो परिवेश अनुकुल शिक्षा पनि शुरु गर्नु पर्छ । दोस्रो कार्य भनेको तिनीहरूलाई राजनीतिक प्रशिक्षण पनि दिदै गर्नु पर्छ । जसले क्रान्तिको नेतृत्व गर्न सकोस् र समाजवादी राज्य सत्ताको मालिक बन्ने साहस लिन सकोस् । हामीले क्रान्ति भन्दा पहिले ग्रामिण अर्थतन्त्र र शहरी अर्थतन्त्रलाई जोडेर आन्तरिक अर्थव्यवस्थालाई सशक्त बनाउनु पर्ने किन पनि बाध्यता आएको छ भने पहिले आर्थिक रूपमा सम्पन्न नभएसम्म लड्न सकिदैन । सारंगी (भोको) पेटमा लड्न सक्ने क्षमता र राजनीतिको बारेमा सोंच्ने चेतना कहांबाट आउनु र ? हाम्रो अर्थतन्त्र भारत परस्त छ, त्यसैले उसले जे चाह्यो त्यहि भैरहेको छ । अहिले विश्व परिस्थिति पनि पुंजिवादी अर्थव्यवस्थालाई टेवा पुग्ने र त्यसै अनुसार सहयोग र्‌गे गरिन्छ । यदि कुनै देशमा नेपालको नेकपाको जस्तो पुंजिवादी चरित्रको शासन नचलाएर अलिकति मात्र पनि समाजवादी चरित्रको देखिनासाथ विभिन्न बहानामा आर्थिक नाकाबन्दि गर्ने, अनेक दुःख दिने गरेको घटनाबाट पाठ सिकेर पनि हामीले आफ्नो अर्थव्यवस्थालाई मजबुट नबनाएसम्म क्रान्ति अगाडि बढाउन सकिने अवस्था आउला जस्तो लाग्दैन । किन भने हामीले तीन वटा देशको क्रान्तिलाई केलाउने हो भने पहिले आन्तरिक अर्थतन्त्र त्यसमा पनि ग्रामिण स्थानीय अर्थतन्त्र बलियो बनाएको र तिनै जनताको साथ र सहयोगको बलमाा सम्भव भएको देखिन्छ । जस्तो दक्षिण एशियामा उत्तर कोरिया, चीन र उत्तर अमेरिकाको क्युवाको सफलताबाट पाठ सिक्नु पर्ने देखिन्छ । यिनीहरूले आन्तरिक अर्थव्यवस्था बलियो बनाउन सकेको कारण अमेरिकाले भएभरको शक्ति प्रयोग गर्दा पनि केहि गर्न सकको छैन । जुन कुरा मार्क्सले मजदुर वर्गलाई परिवार पाल्ने गरि ज्याला नदिंदा काम गर्न नसकि मालिकलाई आम्दानी कम भएको कुरा उल्लेख गरेका छन् । हो, यहां पनि त्यहि नियम लागु हुन्छ । जबसम्म हामी आन्तरिक रूपमा आर्थिक रूपले बलियो बनेर भारतले नाकाबन्दि लगउंदा पनि केहि फरक नपर्ने अवस्थामा पुग्दैनौं तबसम्म जनता छाति खोलेर युद्ध मैदानमा उत्रन सक्दैनन् । यदि हामीले यसो गर्न सकेनौं भने भारतले नाकाबन्दिको डर देखाएर झुक्न बाध्य पारिरहने र हाम्रा देशका दलाल, सामन्त, विज्ञ, विश्लेषक, पत्रकार, राजनीतिक भरौटे धुपौरेलाई मसला बन्नेछ कि भारतसंग निहु खोज्नुको परिणाम देख्यौ ? अझ खुच्चिंग पनि गर्लान । अनि हामीलाई सधैं असफलको त्याग लाग्नेछ र कम्युनिष्ट भनेका सबै खराव हुन्, यिनले समाजलाई बिगार्छन् यस्तै यस्तै ।

नेपालमा समाजवादी राज्य क्रान्ति गर्न ठ्याक्कै माओको चीनियां मोडल सहि हुन सक्छ । किन भने मार्क्सले भने जस्तै यहां भौगोलिक अवस्थाको कारण औधोगिक विकासको सम्भावना कम छ । औधोगिक विकास नभएपछि श्रमिक वर्ग सौतः कम हुने भई हाले । अर्को शक्ति विधार्थी हो जुन ं२ को शुरुवातसंगै कमजोर अवस्थामा पुगेको देखिन्छ । अन्य श्रमिक वर्गको कुरा छ जसलाई मानव शंसाधनमार्फत भर्ना गर्ने व्यवस्था गरिएको छ । यो भनेको ठेकेदारी प्रथा हो जसले कुनै पनि समयमा हटाउन सक्छ । यसको प्रकृति कस्तो हुन्छ भने नियुक्ति लिन्छ मानव शंसाधनबाट, तलव खातामा जान्छ अनि काम गर्छ अर्कै तोकिएको ठाउंमा । त्यहांका कामदार एकापसमा संगठित हुने कुरा त परै जाओस् चिनजानसमेत हुदैन । यस्तो प्रकृतिको श्रमिक वर्गले आन्दोलनमा भाग लिनु र राजनीतिबारे बुझ्नु आकाशको फल सरह हो । आन्दोलनका लागि भरपर्दो औधोगिक मजदुर जसलाई कांग्रेस, एमालेले प्रयोग गरे आज ती औधोगिक कारखानाहरू ध्वस्त पारियो । बिराटनगर जुट मिल जहांबाट गिरिजा प्रसाद कोइराला, मनमोहन अधिकारी जस्ता नेताहरूले उपयोग गरे, त्यसैलाई पछि अरुले उपयोग नगरुन भन्ने हेतुले र पुंजिवादी अर्थव्यवस्थाको उदार अर्थनीतिको मूल्यमान्यता अनुसार ध्वस्त पारियो, जसको फलस्वरूप नेपालको अर्थतन्त्र कमजोर बन्यो भने मजदुर वर्गको रोजिरोटी पनि खोसियो । अर्को हामीले जुन जनतामा निराशासंगै आक्रोस पैदा हुनेछ र स्वतस्फुर्त रूपमा आन्दोलनमा उत्रनेछन् भन्ने परिकल्पना गरेका छौं त्यसले केहि क्षणलाई जनआक्रोसलाई मत्थर पार्ने काम मात्र गर्नेछ । त्यसपछि फेरी उहि पुरानो रोग बल्झनेछ । जुन नेपालमा २००७ साल, २०४६ साल र २०६२ सालको जनआन्दोलनले पुस्ति गरेको छ । त्यसैगरि विश्वमा फ्रान्सको मजदुर आन्दोलन, युरोपमा असफल समाजवादी आन्दोलन र रुषमा वोल्सेभिक राज्य क्रान्तिले पुस्ति गरिसकेको छ । यसको प्रकृति कस्तो देखिन्छ भने यो भनेको सानो स्वार्थीहरूको झुण्ड हो जसले आन्दोलन सफल हुनासाथ नाफा खोज्न थालिहाल्छ । स्वार्थरहित निष्पक्ष रूपमा राज्यलाई सधैं दिगो बनाउन चाहने बलियो जग (खम्बा) भनेको त्यहि ग्रामिण स्थानीय जनता हुन् भन्ने प्रमाणित विश्व पुंजिवादी व्यवस्थामा आएको विचलन र छिमेकी देशहरू चीन, उत्तर कोरिया र क्युवा जस्ता समाजवादी दशबाट ज्ञात हुदैन र ?

हो, हामीले मार्क्सले भने झैं पुंजिवादको विकास नभएको र चीनको जस्तै सामन्त, दलाल, शोषक, अर्धऔपनिवेशिक अवस्थामा रहेको नेपालमा जनताबट सिक्ने, जनताकै साथ सहयोग र जनताकै नतृत्वमा जनवाद हुदै समाजवादी राज्य क्रान्ति सफल बनाउनु पर्छ । अहिले नेपालमा पहिला राजा जस्तो स्थायी किसिमको वर्ग शत्रु छैन । अब बांकी भनेका विश्वबाट मक्किसकेको र धमिराले जस्तै भित्रभित्रै खोक्रो बनाइसकेका पुंजिवादी व्यवस्थाका दलाल, ठेकेदार, जनताबाट तिरस्कृत भैसकेका, नाइकेहरूलाई परास्त गर्नलाई हामीले एके ४७, रकेट लन्चर, वम गोलाबारुद खरिद गरेर ठूलो धनराशि खर्च गर्नु पर्दैन । यिनलाई परास्त गर्न गाउंले हतियार कुटो कोदालो, लाठी मुंग्री, हंसिया, खुकुरी, बन्चरो, चिरपट दाउरा नै काफि छन् । यहि बिचमा हामीले लालसेना पनि तयार पार्नेछौं जसलाई हाम्रो नेतृत्वभित्र आउन सक्ने विचलन रोक्न र राज्य क्रान्ति सफल भएपछि ती पराजित वर्ग शत्रुबाट आउन सक्ने खतरालाई परास्त गर्न प्रयोग गरिनेछ । अहिले राजनीतिमा आएको विचलन र विकृतिले जनतामा बिखण्डन आएको छ । हत्याहिंसा, अराजकता, निराशा, बेरोजगार, पलायन हुने प्रवृत्ति, ग्रामिण अर्थतन्त्रमा सुस्तता जस्ता समग्र विषयलाई सम्बोधन हुने गरि हाम्रा गतिविधि सञ्चालन गरिनु पर्छ । जसले हामीप्रति जनताको जनविश्वास बढ्दै जानेछ र त्यसलाई विस्तारै राजनीतिक प्रशिक्षण दिदै हाम्रा नीति नियम प्रयोग गर्दै जानु पर्छ । यसको लागि हामीले हाम्रै जनतामा भएका परम्परा, चालचलनलाई उपयोग गर्न सक्नु पर्छ । जातिविशेष अनुसार आफ्नो समुदायलाई जोड्न विभिन्न परम्परा प्रयोग गरेको देखिन्छ । जस्तो नेवारमा गुठी, चौधरीमा गोलघर, मगरमा भेजा, थकालीमा ढिगुर आदि छन् । यी समुदायमा रहेका यो परम्परालाई उपयोग गर्दा अलि सामन्ति प्रवृत्तिको देखिन्छ । सामन्ति प्रवृत्तिले समाजलाई जोड्ने भन्दा भांड्ने काम गर्छ । यी समुदायभित्र रहेको परम्परालाई मूल्यांकन गर्दा थकालीको ढिगुर राम्रो देखिएको छ । यसले थकाली समाजलाई सम्पन्न र एकताबद्ध बनाउनमा सहयोगी रहेको देखिएको छ । ठाउं विशेष अनुसार यी परम्परालाई उपयोग गरेर हाम्रो कार्यक्रमलाई अगाडि बढाउन सकिन्छ । तर विश्व परिवेशलाई मूल्यांकन गर्दा विश्वले मान्यता दिएको र सबैलाई मान्य हुने र सबै जाति जनजाति, समुदाय, गाउं, शहर, कर्मचारी, घरवारविहिन, भूमिहिन आदि सबैलाई जोड्न सकिने भरपर्दो माध्यम भनेको सहकारी नै उत्तम मोडेल हुन सक्छ । यसैमार्फत सम्पूर्ण गतिविधि सञ्चालन गर्न सकिन्छ । जस्तो ठाउं विशेष अनुसार विभिन्न कृषि, फलफूल, पशुपालन गर्ने र यसैसंग सम्बन्धित उद्योग कलकारखाना सञ्चालन गर्ने र होम्स्ते, होटल जस्ता पर्यटन व्यवसाय सञ्चालन गर्ने, ती उत्पादित वस्तुको सहज व्यवस्थित वजारको व्यवस्थापनसंगै आयात निर्यातमा सहयोगी भूमिका जस्ता गतिविधि सञ्चालन गर्नु पर्छ । जसले गर्दा देशभित्रैको उत्पादनले नेपालीको जीवन निर्वाह हुनेछ र समाजवादी राज्य क्रान्तिको लागि बाटो खुला हुनेछ । अनि हाम्रो शक्ति बलियो हुनेछ र हामीले विश्व सर्वहारा शक्तिसंग पनि हातेमालो गर्दै समाजवादी राज्यको लागि उत्प्रेरित गर्न सकिनेछ ।

७. केहि विचार र निश्कर्ष

क्रान्तिकारी पार्टीको एउटा सदस्यको नाताले त्यसैसंग सम्बन्धित रहेर केहि विचारहरू उत्पन्न हुनु द्वान्द्धात्मक भौतिकवादको असली रूपको परिकल्ना हो जस्तो लाग्न थालेको छ । केहि यस्ता विषय वस्तुहरू छन् जुन क्रान्तिबाट पनि पूरा हुन्छन जस्तो लाग्दैनन् । या त अधुरो क्रान्तिको कारण पनि पूरा नभएको हुन सक्छ । यिनै यस्तै विचार विमर्श गर्दा र राज्य उत्पत्ति सम्बन्धि इतिहांसलाई केलाउंदा के देखिन्छ भने राज्य भनेको आदर्श समाज निर्माणको लागि एउटा सानो शहरबाट शुरु गरेको पाइन्छ । राज्य भनेको त्यो देशमा सुख शान्ति, समृद्धि, उचित न्याय, व्यक्तिगत स्वतन्त्रता र सम्प्रभु, सम्पत्तिको सुरक्षा, सामाजिक, आर्थिक आदि सबैको प्रत्याभुतिको अनुभुतिको लागि विकास गरिएको हो । समयक्रममा यसले यति धैरै विकृति भित्र्याए छ कि अहिले त राज्य सत्ताको वरिपरि बस्ने सिमित वर्गहरूको आफन्ति, नातागोता, आसेपासे, चाकडी, चाप्लुसी, फटाहा, लुटेराको संरक्षणमा पो परिणत भएछ । मार्क्सले राज्य सम्बन्धि विचारमा विश्लेषण गरे झैं राज्य सत्ता भनेको राज्य सत्तामा बस्ने वर्गले अर्को विरोधी वर्गलाई दमन गर्ने हतियार हो । अहिलेको राज्य सत्ता भनेको यहि रूपमा प्रयोग र विकास भैरहेको देखिन्छ । राज्य भनेको त्यो भूगोलभित्र बस्ने सबैलाई समानताको आधारमा न्याय सम्पादन गर्नको लागि परिकल्पना गरिएको हो । कुनै वर्ग विशेषलाई उत्थान वा दमन गर्नको लागि विकास गरिएको होइन । जहां असमानता हुन्छ, त्यहां द्वन्द्ध हुन्छ । यो द्वन्द्धात्मक भौतिकवादी र समाजशास्त्रीय विचार सिद्धान्तले पनि मानेको कुरा हो । अझ यसलाई अर्थशास्त्रको भाषामा असमान वितरण भनेर भनिन्छ । आर्थिक असमान वितरणले देशको सबै ठाउंमा समान विकास हुन सक्दैन भन्ने सिद्धान्त रहेको छ । कुरा उस्तै उस्तै हो अर्थशास्त्रमा असमान आर्थिक वितरण भन्नु, राज्यको सुविधामा पहुंच नहुनु भन्नु र समाजशास्त्रीय भाषामा खानाको लागि द्वन्द्ध भन्नु । यसलाई सहि ढंगले समाधान नगरि देशमा समृद्धि ल्याउने, विकासमा भ्यागुता जस्तो उफ्रने, काठमाडौं शहरलाई सिंगापुर बनाउंछु भन्नु, देशमा समाजवाद हुदै साम्यवाद ल्याउंछौं भनेर मिडियामा फलाक्नु यी सबै पानीमा पादे जस्तै हो । यी समग्र विषय र एउटा कार्यकर्ता भएर मूल्यांकन गर्दा कतै हामी पनि त्यो बाटोमा हिड्न सकेका छौं त ? जहां मार्क्सले चाहे जस्तो समाजवादको परिकल्पना भेटाउन सकियोस् । यो निकै गम्भिर विषय हो । समाज अहिले विभाजित अवस्थामा पुगेको छ । मोवाइल हुने जति सबै फेसबुक चलाउने र सबै फेसबुके नेता । के शिक्षित, के प्रोफेसर, के वकिल, के पत्रकार, के शिक्षक, के कर्मचारी, के राजनीतिक नेता समग्र समाज नै अहिले अध्ययन कम नेता बढि भएको देखिन्छ । नेता बढि व्यवहारिक कम । यसले समाजलाई गलत बाटोतिर दोहो(याउनेछ । यी समग्र विषयलाई अध्ययन गरेर हेर्दा के देखिन्छ भने अहिले समग्र समाज दोबाटोमा उभिएको दोधारे अवस्थामा देखिन्छन् । अहिले राजनीतिक दलहरूको विश्वास गर्न छोडेर फतर फतर उफ्रंदै राम्रो काम नगर्नेलाई गालि गर्नेहरूको भिंडमा सामेल हुन थालेको देखिन्छ । केहि राम्रा काम गर्ने व्यक्तिको समर्थनमा एकजुट भएको देखिन्छ । यो पक्ष राम्रो हो तर यहि नै सहि समाधान होइन । किन भने म पनि केहि समय भ्रममा परेको थिएं । तर समग्र विषय वस्तुलाई अध्ययन गर्दा के देखिन्छ भने त्यो भनेको एउटा विषयमा विशेषज्ञता मात्र हो । त्यसले समाजको समग्र क्षेत्रमा प्रभाव र विकास गर्न सक्दैन । ऊ एउटा विशेष क्षेत्रको राम्रोसंग विकास गर्न सक्छ । जस्तो उदाहरणको रूपमा कुलमान घिसिङ्ग, डा. सन्दुक रुइत, महाविर पुन, डा. गोविन्द के.सी. र अहिले निकै चर्चामा आएका र जनताले विश्वास गरेका व्यक्तिहरू जस्तै ज्ञानेन्द्र शाही, रवि लाछिने यी सबै एउटा सानो क्षेत्रमा सफल बन्न सक्छन् तर समग्र देशको विकासमा अझ पछाडि पर्न सक्छन् । सत्य कुरा के हो भने समग्र क्षेत्रको विकास गर्ने भनेको राजनीति नै हो । यसले समग्र समाजलाई एउटै मालामा जोड्न सक्छ । बिछोडिएको समाजलाई फेरी जोड्न सक्छ । तर यो बाँदरको हातमा पर्नु हुदैन । अहिले त्यहि बाँदरको हातमा राज्य सत्ता परेको कारण अहिले समग्र समाजमा असर परेको छ । यहि समग्र समाजलाई जोडिराख्नको लागि नै राज्यको परिकल्पना गरिएको हो । जहां विभिन्न किसिमका राज्य सञ्चालन विधि हुन्छन् । समय क्रममा कुन राज्य सत्ता राम्रो भनेर भन्नु भन्दा पनि कुन राजनीतिक दलले समग्र समाजलाई समान रूपमा विकासको मोडल तयार पार्न सक्छ भन्ने कुराले महत्व राख्छ ।

म एउटा राजनीतिक कार्यकर्ता मात्र नभएर गणतन्त्रात्मक धर्मनिर्पेक्षता अंगालेको देशको नागरिक हो । मैले कसैलाई असर नपर्ने गरि यसको भरमग्दुर प्रयोग गर्न पाउनु संविधान, ऐन, कानून सबैबाट अधिकार प्राप्त छ र कुनै बाधा व्यबधान आउनु हुदैन । तर म त्योबाट पूर्ण बञ्चित जस्तै छु । गणतन्त्र प्यारालाइसिस भएको छ । यसका कुनै पनि अंगले राम्रोसंग काम गर्न सकेको छैन । यसलाई यसरी भनौं गणतन्त्रको भावना र मर्म अनुसार काम भएको छैन । उदाहरणको रूपमा हेरौं स्थानीय तह जो स्थानीय नै चुनिएर म आफ्नो गाउंठाउंको विकास र आफ्ना स्तमित्र दाजुभाई सबैलाई समान रूपमा सेवा गर्छु भनेर चुनावमा उठ्ने हो । त्यहां कुनै सेवा सुबिधाको परिकल्पना गरिएको थिएन । बढि सेवा सुबिधा उपभोग गर्नु र भ्रष्टाचार गर्नु भनेको आफ्नैलाईं र आफैलाई पछाडि धकेल्नु हो । तर यस विषयमा खासै सरोकार छैन किन भने त्यसो हुनु भनेको उनिहरूलाई नै घाटा हो । मलाई सबभन्दा पीडा दिने भनेको धर्मनिर्पेक्षताले हो । केहि घटनालाई हेर्दा कतै धर्मनिर्पेक्षता कोमामा पुगेको त होइन ? भन्ने प्रश्न उब्जिन्छ । धर्मनिर्पेक्षता भनेको त सबैले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार निर्बाध व्यवहार गर्न पाउनु पर्छ । त्यसो भए खै त गाई काटेर खानेले न्याय पाएको ? किन गाई खानेलाई भटाभट समातेर जेल हालिदैछ ? के धर्मनिर्पेक्षता भनेको हिन्दु कानून लगाउनु हो ? संविधानको कुन धारामा लेखिएको छ ? गाई काटेर खानेलाई जेल सजांय हुनेछ भनेर । एउटा सत्य कुरा के हो भने कुनै पनि जनावरलाई देवता बनाएर पुज्नको लागि पालिएको होइन । तिनीहरूलाई मासुको रूपमा प्रयोग गर्न र खेतिकिसानीमा मलको रूपमा गोवर प्रयोग गर्ने र आवश्यकता अनुसार कुनै पनि ठाउंमा प्रयोग गर्न सकिन्छ । हो, त्यसलाई अन्याय अत्याचार गर्नु हुदैन । उदाहरणको रूपमा ऊँट कतारको राष्ट्रिय जनावर हो तर किन काटेर खान्छन् ? २१ औं शताब्दिको जनतालाई अझै पनि मुर्ख बनाउन सकिन्छ भन्ने सोंच्नु मुर्खता होइन ? यस विषयलाई अझ स्पष्ट पार्न चाहन्छु । मैले पनि ३ नं. प्रदेशस्तरीय सम्मेलनमा भाग लिने अवसर प्राप्त गरेको थिएं । त्यहां पनि यो विषयलाई उठाएको थिएं तर साथीहरूले त्यो विषयलाई गम्भिर रूपमा नलिएको पाएं । त्यो विषयले प्रवेश त पायो तर त्यो शसक्त थिएन र त्यो विषयलाई नेतृत्वले पनि गम्भिर रूपमा नलिएको पाएं । मैले यो विषय किन पनि उठाउन चाहिरहेको छु भने पहिलो त धर्मनिर्पेक्षताको विरुद्ध भयो । दोस्रो यसले ठूलो समुदायलाई असर गरेको छ, अन्याय गरेको छ र धैरैलाई जेलमा सढाएको छ ।

म यहां जोड्दार रूपमा उठाउन चाहेको विशेष विषय के हो भने कम्युनिष्ट भन्नासाथ मार्क्सको विचारधारा र त्यसलाई अझ परिस्कृत र विकास गर्ने लेलिन र माओको सिद्धान्त हो । जहां मार्क्सले त्यस समयको परिवेश अनुसार मजदुर वर्गमार्फत समाजवादी राज्य सत्ता कब्जा गर्नु हो र उनले त्यसै अनुसार सम्पूर्ण गतिविधि सञ्चालन गरे । रुषमा लेलिनले शहरी विद्रोहमार्फत राज्य सत्ता कब्जा गर्न सफल भएका हुन् जुन छोटो समयमा नै असफल भयो । जसमा गाउंका किसानहरूको भूमिका थिएन । चीनमा माओले त्यस समयको परिवेश र वैदेशिक हस्तक्षपलाई समेत मध्यनजरमा राखेर नयां किसिमको आन्दोलनको परिकल्पना गरे । उनले जनताको साथ र सहयोग, जनताकै बीचबाट र जनताकै नेतृत्वमा आफ्ना विचारधारालाई प्रयोग गरेर राज्य सत्ता कब्जा गर्न सफल भए र जसको परिणाम स्वरूप आज विश्व ऊदेखि तर्सन थालेको देखिन्छ । यहि विचार र सिद्धान्त उत्तर कोरिया र क्युवामा पनि प्रयोग गरियो । जहां अमेरिकाले भएभरको नाडिदेखिको बल प्रयोग गर्दा पनि केहि गर्न सकेको छैन । यसको निचोडमा के भन्न सकिन्छ भने यदि जनतालाई नै सचेत बनाउने र आत्मनिर्भर अर्थतन्त्र हुने हो भने कसैको कुनै माइकालालको शक्तिले पनि छुन सक्दैन भन्ने यी देशहरूको उदाहरणले प्रष्ट पारिसकेको छ । यसै अन्तर्गत रहेर नेपालको प्राचिन इतिहांस र केहि नयां घटनाहरूलाई उदाहरणको रूपमा प्रस्तुत गर्न चाहन्छु । प्राचिन इतिहांस अनुसार किंरातहरूले अत्याचार गर्न थालेछन् । अत्याचार यति असह्य भयो कि स्थानीयहरूले सहनै नसक्ने भए । किंरातहरूको अत्याचार रोक्न सबै स्थानीयहरू एकजुट भए र आन्दोलन गर्न थाले । घमासान युद्ध भयो । त्यस युद्धमा धैरै मान्छेको ज्यान गयो । च्यासलको नाम नेवारी भाषा अनुसार ८०० हुन्छ, त्यहां ८०० किंरातीहरूको मृत्यु भएको थियो रे । यसरी किंरातहरूलाई लखेत्न सफल भएको इतिहांस छ । २०४६ सालको आन्दोलन सफल भएको यहिंको स्थानीकै कारण हो भन्ने कुरा व्याख्या गरिरहनु पर्दैन । अर्को रोल्पाको कुरा त विश्व समुदायले थाहा पाइसकेका छन् । रोल्पाको थवाङ्ग जसलाई न राजा, न पंचायत, न गणतन्त्रले छुन सक्यो । ऊ जहिल्यै सरकारको विरोधी थियो र छ । तर पनि कुनै सरकारले केहि गर्न सक्दैन । अर्को घटना गोरखाको एक स्थानीयहरूले कुनै पनि चुनावमा भाग लिएनन् । खै त कसले के कार्वाही गर्न सक्यो ? हो, यो उदाहरणले के प्रष्ट हुन्छ भने यदि स्थानीय जनता जागे भने कसैको केहि लाग्दैन र कुनै पनि किसिमका राज्य सत्ता (तानाशाही, क्रुर, भ्रष्ट, अत्याचारी) लाई पल्टाउन सक्छ । यहां यो घटना प्रस्तुत गर्नुको उद्देश्य के हो भने हाम्रा गतिविधिलाई हेर्दा अन्य आम पार्टी जस्तै साधरण विरोधको गतिविधिमा मात्र सिमित रहनुले हामीले चाहे जस्तो परिवर्तनलाई आत्मसाथ गर्न साकौंला ? यहां जनतालाई को क्रान्तिकारी, को पश्चगामी भनेर छुट्ट्याउन कठिन भैरहेको छ । यो आन्दोलनको भिंडमा सबैले आफुलाई राम्रै भनिरहेका छन् अनि सबैले सरकारलाई भ्रष्ट, जनविरोधी, कमिशनखोर आदि आदि भन्छन् । सबैको गाली गर्ने शैली उस्तै छ । कसैको फरक आन्दोलन छैन । सबैले आफुलाई क्रान्तिकारी भन्छन् । जनता रणभुल्लमा परेको देखिन्छ । क्रान्तिकारी भनौं कुनै त्यस्तो गतिविधि छैन । जनताको समस्या जहांको तहिं छ । त्यो समस्यालाई हामीले हल गर्ने पहल गरेका छैनौं । सिद्धान्त राम्रो वा नराम्रो भनेर छुट्ट्याउन जनतामा गएर प्रयोग नगरेसम्म कसरी भन्न सकिन्छ र ? माओको आफ्नो विचार अनुसार क्रान्ति यसकारण सफल भएको हो जहां जनताको साथ र सहयोगले भएको कुरा लुकाएर लुकाउन सकिदैन किन कि यो एउटा इतिहांस हो । माओको भनाई के हो भने क्रान्ति सफल हुन जनता र हाम्रो विचार मिल्नु *बाँकी ५ पेजमा*

# ‘पूर्वप्रधानन्यायाधीशहरूले होइन, प्रधानमन्त्रीले अदालतलाई धम्क्याइरहेका छन्’

# ‘प्रधानमन्त्रीजीको भनाइ आपत्तिजनक छ’ भीमार्जुन आचार्य, संविधानविद्







काठमाडौं । संसद विघटनबारे चार जना पूर्व प्रधानन्यायाधीशले संयुक्त वक्तव्य जारी गर्नुलाई प्रधानमन्त्री केपी शर्मा ओलीले अदालतलाई धम्की दिएको अर्थ लगाए ।

आफूसम्वद्ध युवा संघ नेपालका अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्ने क्रममा नेकपा ओली समूहका अध्यक्ष समेत रहेका उनले सडकबाट फैसला नगर्न चेतावनी दिए । ‘एक पटक अदालतमा जागिर खाएको भरमा केही मान्छे पोहोर(परार जागिर खाएको थियो कि अहिले पनि छ भन्ने बिर्सिएर यस्तो हुन्छ र उस्तो हुन्छ भन्न थालेका छन’ प्रधानमन्त्री ओलीले भने, ‘अदालतको सर्वोच्च ठाउँमा पुगिसकेका मान्छेहरूले सर्वोच्च अदालतलाई गलत ढंगले प्रभावित गर्ने, धम्क्याउने कुनै पनि क्रियाकलाप गर्न सुहाउँदैन ।’

पूर्वप्रधानन्यायाधीशहरू मीनबहादुर रायमाझी, अनुपराम शर्मा, कल्याण श्रेष्ठ र सुशीला कार्कीले शुक्रबार संयुक्त वक्तव्य जारी गरेका थिए । ओलीले उनीहरूको नाम नलिई सर्वोच्चको सर्वोच्चमा पदमा पुगेकाहरूले स्वतन्त्र न्यायालयको कदर गर्न नजान्ने तर संविधानको कुरा गर्ने भन्दै प्रश्न गरेका हुन ।

संवैधानिक कानूनका जानकारहरू भने विज्ञप्ति जारी गर्ने पूर्वप्रधानन्यायाधीशहरूले नभई प्रधानमन्त्री ओलीले सर्वोच्च अदालतलाई धम्की दिइरहेको बताउँछन ।

प्रधानमन्त्री ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले गरेको असंवैधानिक र अलोकतान्त्रिक संसद विघटनबारे सबैले टिकाटिप्पणी गर्न पाउनुपर्ने संविधानविद्हरू बताउँछन ।

***‘ओलीले अदालतलाई दिनहुँ धम्क्याएका छन’***

प्रधानमन्त्री ओलीको सिफारिसमा राष्ट्रपतिले संसद भंग गरेर मध्यावधि चुनाव घोषणा गरेपछि परेको मुद्दा सर्वोच्च अदालतको सवैधानिक इजलासमा विचाराधीन छ । यो मुद्दामा विपक्षी बनाइएका ओलीले सर्वोच्चमा लिखित जवाफ पनि दिइसकेका छन । तर हरेक दिन सार्वजनिक मञ्चहरूमा संसद विघटन गर्ने आफ्नो कदम संवैधानिक भएको दाबी मात्र गर्दैनन, संसद पुनर्स्थापना हुनै नसक्ने जिकिर गर्छन ।

शुक्रबार कैलालीको धनगढीमा आयोजित सभामा प्रतिनिधिसभा विघटन असंवैधानिक छ भन्नेहरूलाई संविधान पढ्न आग्रह गर्दै उनले भनेका थिए, प्रतिनिधिसभा पुनर्स्थापना हुन्छ भन्ने कुरा संवैधानिक, व्यवहारिक, कानूनी आवश्यकताको सिद्धान्त, अन्तराष्ट्रिय मान्यता र मर्यादा कुनै हिसाबले पनि सम्भव छैन ।’

आफू विपक्षी भएको मुद्दामा दिनहुँ जस्तो यस्तो धारणा राखेर प्रधानमन्त्रीले अदालतलाई धम्की दिइरहेको कानूनविद्हरूले बताउँछन । नेपाल बार एसोसियसनका पूर्वउपाध्यक्ष टीकाराम भट्टराई भन्छन, ‘उहाँको हातमा राज्यशक्तिको बल छ । हातमा यत्रो शक्ति लिएर बसेको व्यक्तिले आफैं विपक्षी भएको मुद्दामा बोल्न मिल्दैन । कसैले त्यसो गर्छ भने त्यो सरासर अदालतलाई धम्की दिएको हुन्छ ।’

अधिवक्ता ओमप्रकाश अर्याल पनि प्रधानमन्त्रीले निरन्तर अदालतलाई प्रभाव पार्ने अभिव्यक्ति दिइरहेको बताउँछन । ‘सरकारले चाहने हो भने न्यायाधीशको सम्पत्ति निगरानी राख्नसक्छ, महाअभियोग लगाउनसक्छ, भोलि प्रधानन्यायाधीश बन्नबाट रोक्न सक्छ’ अर्याल भन्छन, ‘पूर्वप्रधानन्यायाधीशहरू बोल्दा होइन, कार्यकारी प्रमुख बोल्दा न्यायालय प्रभावित हुनसक्दछ ।’ अधिवक्ता अर्याल अघि भन्छन, ‘कार्यकारी प्रमुख मात्रै होइन अदालतमा विचारीधीन मुद्दाको कारिणी भएकाले ओलीजीले चाहिँ यो विषयमा धारणा राख्न मिल्दैन ।’

***‘देश र संविधानको पक्षमा बोल्नु पूर्वप्रधानन्यायाधीशहरूको कर्तव्य’***

अरु केहीले पनि अदालतमा विचाराधीन मुद्दामा पूर्व प्राधनन्यायाधीशहरूले बोल्नु उपयुक्त हो त भन्ने प्रश्न गरेका छन् । तर कानून व्यावसायीहरू भने राष्ट्रिय महत्वका विषयमा प्रत्येक नागरिकले आआफ्नो धारणा राख्न पाउनुपर्ने बताउँछन ।

नेपाल बार एसोसियसनका पूर्वमहासचिव सुनील पोखरेल भन्छन, ‘सबै नेपालीको सरोकार भएको विषयलाई केही व्यक्तिहरूले जवरजस्ती अदालतमा विचारधीन मुद्दा भन्ने गलत न्यारेसन बनाउन खोजिरहेका छन ।’

संविधानविद् डा.भीमाजुर्न आचार्य त पूर्वप्रधानन्यायाधीशहरूको विज्ञप्तिले अदालतको स्वतन्त्र न्याय सम्पादमा सघाउ पुग्ने बताउँछन । ‘उहाँहरूले पूर्वप्रधानन्यायाधीशभन्दा पनि नागरिकको रूपमा आफ्नो मत राख्नुभएको देखिन्छ’ आचार्य भन्छन, ‘विज्ञले मत नै व्यक्त गर्न नपाउने भन्ने हो भने संवैधानिक कानूनको विकास अरुवद्ध हुन्छ ।’

चार जना पूर्वप्रधानन्यायाधीशहरूले अदालतलाई प्रभाव हिसाबले केही पनि धारणा व्यक्त नगरेको आचार्यको बुझाइ छ । उनी भन्छन, ‘अदालतको फैसला यस्तो आउनुपर्छ उस्तो आउनुपर्छ भनेका छैनन, विज्ञको हिसाबले आफ्नो मत राख्नु भएको छ, जुन उहाँहरूको कर्तव्य पनि हो ।’

***‘प्रधानमन्त्रीजीको भनाइ आपत्तिजनक छ’ भीमार्जुन आचार्य, संविधानविद्***

संसद विघटन राष्ट्रिय महत्वको विषय हो । यो विषयसँग हरेक व्यक्तिको सरोकार छ । सरोकार राख्न पनि पाउँछ । यो मुद्दाको पक्ष विपक्षमा टिकाटिप्पणी हुनु राम्रो हो । किनभने संवैधानिक कानून भनेको वृहत विषय हो । यसको विकासका लागि यस प्रकारको छलफल, बहस गर्न पाइन्छ । हो अदालतले यस्तो फैसला गर्नुपर्छ भन्न पाइँदैन । तर संविधान अनुकुल छैन, संविधान विपरीत छ भन्न पाइन्छ । फेरि भन्छु, हरेक नागरिकले विवाद विश्लेषण छलफल चलाउन सक्दछ । (पूर्व प्रधानन्यायाधीशहरूको वक्तव्य) चार जनाको नागरिक मत हो । त्यो मान्न अदालत बाध्य छैन । अदालत स्वतन्त्र छ ।

प्रधानमन्त्रीले पनि यसकारणले भंग गरे भन्न पाउनुहुन्छ । तर पुनर्स्थापना हुनैसक्दैन भन्ने अभिव्यक्ति राख्न हुन्न । किनभने उहाँ मुद्दाको पक्ष पनि हो । जोविरुद्ध मुद्दा परेको छ, उसले पनि बाल्न पाउने र स्वतन्त्र नागरिक बाल्न नपाउने भन्ने किमार्थ हुनसक्दैन । अदालतले संसद् पुनर्स्थापनाको पक्षमा आदेश दिने सक्दैन भन्ने ओलीजीको भनाइ आपत्तिजनक छ ।

***‘व्यवस्था नै धरापमा पर्न लाग्दा मौन बस्न मिल्दैन’ टीकाराम भट्टराई, नेपाल बार एसोसियसनका पूर्वउपाध्यक्ष***

संविधान, व्यवस्था र स्वतन्त्र न्यायापालिका नै धरापमा पर्ने खतरा देखिएपछि बोल्न नमिल्ने व्यक्तिहरू पनि बाल्न वाध्य हुन्छन । पूर्वप्रधानन्यायाधीश विश्वनाथ उपाध्यायले म्याद सकिएर बसेको प्रतिनिधिसभा पुनर्स्थापना हुनुपर्छ भन्नुभएको थियो । पूर्वन्यायाधीश कृष्णजंग रायामाझीले सात दलको आन्दोलनमा नैतिक समर्थन गर्नुभएको थियो । त्यतिबेला हामी सबैले ताली ठोक्यौं । तीन महिना अघि भारतमा वकिल प्रसान्त भुषणमाथि मुद्धा लाग्दा त्यहाँका ८ जना पूर्वन्यायाधीशले विचाराधीन मुद्दाकै विषयमा बोलेका थिए । जब-जब संविधानमाथि असंवैधानिक अतिक्रणको प्रश्न आउँछ र त्यो सार्वजनिक सरोकारको विषय बन्छ । र, त्यस वखत पूर्वन्यायाधीशहरूले आफ्नो अभिमत राख्ने चलन सर्वत्र छ ।

हामी कहाँ पनि चार जना पूर्वन्यायाधीशहरूले संसद विघटनको विषयमा बोल्नु सकारात्मक हो । त्यो कुनै धम्की होइन । बरु जसको हातमा राज्यशक्ति छ, जो विरुद्ध मुद्दा लागेको छ, उसले शक्ति हातमा लिएर कुनै हालतमा बाल्न मिल्दैन । यदि त्यसरी बाल्छ भने त्यो चाहिँ अदालतलाई धम्की दिएको हुन्छ ।

***‘पूर्वप्रधानन्यायाधीशहरूको धारणाले अदालतलाई मद्दत पुग्छ’ ओमप्रकाश अर्याल, अधिवक्ता***

प्रधानमन्त्री केपी शर्मा ओलीको असंवैधानिक कदमले गर्दा संविधान र मुलुक दुर्घटना उन्मुख छ । यस्तो बेलामा परिस्थिति नबिग्रयोस भनेर चारजनाले बाल्नु भएको देखिन्छ । यो उहाँहरूको कर्तव्य हो भन्ने लाग्छ । यस्तो विचारले न्यायाधीशहरूलाई मद्दत पुग्छ । संवैधानिक विषयमा विचार विमर्श हुँदा न्यायाधीशहरूको समय बचत हुन्छ । संविधान, कानून अनुसार फैसला गर्न बल पुग्छ ।

बरु प्रधानमन्त्री ओलीजी यो मुद्दाको कारिणी हुनुहुन्छ । उहाँ आफैं कर्ता हुनुहुन्छ । उहाँकै कारणले यो समस्या जन्मिएको हो । जसको कारणले गर्दा संसद भंग भयो, जोविरुद्ध अदालतमा १२-१२ वटा रिट परेको छ । उही व्यक्तिको शक्ति पहिला भन्दा पनि भीमकाय भएको छ । किनभने संसद भंग गरेपछि उहाँ कोहीप्रति पनि उत्तरदायी हुनु नपर्ने जस्तो अवस्थामा पुग्नु भएको छ ।

यो विषयमा प्रधानमन्त्रीको कुर्सीमा भएको व्यक्ति बोल्दा न्यायालयलाई दबाव र प्रभाव पर्छ । किनकी न्यायाधीशहरूको सम्पत्ति निगरानी राख्ने, महाअभियोग लगाउने, प्रधानन्यायाधीश बन्नबाट रोक्ने हैसियतमा प्रधानमन्त्रीजी हुनुहुन्छ । त्यही भएर त कतिपय न्यायाधीशले निरीहिता देखाउन खोजेको, संवैधानिक इजलासमै बस्न नमानेको भन्ने चर्चा सुनिन थालेको छ ।

त्यसैले पूर्वप्रधानन्यायाधीशहरूले प्रभाव पार्न भन्दा पनि भविष्यमा यस्तो असंवैधानिक र अलोकतान्त्रिक कदम नदोहोरियोस भनेर रोकथामका लागि बोल्नु भएको हो ।

# राज्यको फासिवादी चरित्रको क्रान्तिकारी पत्रकार महासंघले गऱ्यो घोर विरोध

## पत्रकार विश्वकर्मालाई यथाशिघ्र रिहाई गर्न जोडदार माग




काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघले ओली नेतृत्वको वर्तमान सरकारको प्रेस तथा विचार अभिव्यक्ति स्वतन्त्रताविरोधी प्रतिगामी फासिवादी चरित्रको घोर निन्दा एवम् भर्त्सना गरेको छ । पौष २० गते जनपत्रकार संगठन, नेपालका संयोजक शेरबहादुर विश्वकर्मा, सो संगठनका उपत्यका संयोजक मानध्वज लामा सागर र नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव मोहन पन्तलाई विना कारण नियन्त्रणमा लिएको घटनालाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी फासिवादी चरित्र प्रदर्शनको संज्ञा दिंदै घोर विरोध एवम् भर्त्सना गरेको हो ।

क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले २२ पौषमा जारी गरेको वक्तव्यमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो (सिआइबी)को टोलीले विनाकारण पत्रकारहरूलाई नियन्त्रणमा लिएर आतंकित बनाएको घटनाप्रति गम्भिर ध्यानाकर्षण भएको भन्दै प्रेस तथा विचार अभिव्यक्ति स्वतन्त्रता विरोधी राज्यको यो फासिवादी चरित्र प्रदर्शनको घोर भर्त्सना गर्दै कडा शब्दमा निन्दा गरिएको छ ।

वक्तव्यमा पत्रकारहरू लामा र पन्तलाई २० गते साँझ छाडिए पनि जनपत्रकार संगठनका संयोजक शेरबहादुर विश्वकर्मालाई प्रहरी हिरासतमै राखिएको उल्लेख गर्दै पत्रकार विश्वकर्मालाई विना शर्त यथाशिघ्र रिहाई गर्न जोडदार माग गरिएको छ । साथै, पत्रकारहरूको पेशागत र भौतिक सुरक्षाको प्रत्याभूति दिलाउने दायित्व बोकेको राज्य प्रशासनबाटै यसरी प्रेस तथा विचार अभिव्यक्ति स्वतन्त्रतामाथि ठाडो हस्तक्षेप गर्ने कार्यमा संलग्नहरूमाथि कडा कारबाही गर्न समेत माग गरिएको छ ।

वक्तव्यको अन्तमा भनिएको छ, ‘मुलुकमा प्रतिगामी फासिवादी शासनले टाउँको उठाउँदै गएको वर्तमान स्थितिमा सिंगो प्रेस जगत, त्यसमा पनि जनपक्षीय मिडिया र पत्रकारहरू अझ बढी राज्यको प्रहारको निशानामा पर्दै गएका छन् र आगामी दिनमा यो क्रम अझ बढेर जाने देखिएको छ । राज्यको यस्तो निरंकुश तथा फासिवादी कदमको विरोध एवम् प्रतिरोधमा एकताबद्ध भएर आवाज उठाउन र आन्दोलित बन्न हाम्रो संगठन सम्बन्धित सबैमा हार्दिक आव्हान समेत गर्दछ ।’

# परराष्ट्रमन्त्री ज्ञवालीको भारत भ्रमण: सीमा विवादको विषयमा होला छलफल ?

## नेपालले नै तयारी नगरेको भारतीय पक्षको दाबी

काठमाडौं । परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली भारतको औपचारिक भ्रमण जाने तय भएपछि परराष्ट्र मन्त्रालय र नेपालस्थित भारतीय दूतावासले तयारी थालेका छन । परराष्ट्र मन्त्रालयले भारत भ्रमणको मिति घोषणा नगरेपनि माघ १ गते मन्त्री ज्ञवालीको भारत जाने तयारी रहेको छ ।

मन्त्री ज्ञवालीले नेपाल-भारत संयुक्त आयोगको बैठकमा भाग लिन गइरहेका छन । सो बैठकमा दुवै देशका परराष्ट्र मन्त्रीले संयुक्त रूपमा अध्यक्षता गर्नेछन । आयोगको बैठकमा दुई देशबीच सहकार्य भएका परियोजनाहरूको विषयमा छलफल हुने बताइएको छ ।

सीमा विवादको विषयमा वार्ता गर्न मन्त्री ज्ञवाली भारत गइरहेको प्रधानमन्त्री केपी ओलीले प्रचार गरे पनि त्यस विषयलाई छलफल गर्ने कुनै एजेन्डा तय गरिएको छैन । मन्त्री ज्ञवालीले आफै त्यस विषयमा जिज्ञासा राखे भारतले त्यसलाई जानकारीको रूपमा मात्र लिने दूतावास स्रोतले जनाएको छ ।

सीमा विवादको विषयमा कुरा गर्न नेपालको तर्फबाट कुनै तयारी नरहेको भारतले भन्दै आएको छ । भारतीय दूतावासका एक पदाधिकारीले भने, ‘नेपालको कुनै तयारी छैन । बिना तयारी कस्तो छलफल हुन्छ ? त्यसैले भारतले सीमा विवादको विषयमा वार्ता गर्न कुनै एजेण्डा नै बनाएको छैन । यदि मन्त्री ज्ञवालीले छलफलकै क्रममा कुरा राख्नुभयो भने बेग्लै कुरा हो । तर भारतले एजेन्डा बनाएर छलफल गर्ने कुनै तयारी गरेको छैन ।’

नेपालले अतिक्रमित कालापानी, लिपुलेक र लिम्पियाधुराको भूमि समावेश गर्दै नयाँ राजनीतिक नक्सा प्रकाशित गरेको थियो । त्यसका लागि



संविधान संशोधन समेत गरिएको छ । यो कुरालाई लिएर भारत चिढिएको छ । अहिले वार्ता भएर कुनै सहमिति भए के नेपालले पुनः संविधान संशोधन गर्छ भन्ने भारतले ग्यारेन्टी खोजेको छ । सकारात्मक पक्ष भनेको भारत नेपालसँग वार्ता गर्न तयार भएको छ । भारतको तर्फबाट यसअघि उच्च स्तरीय भ्रमण भइसकेको छ । त्यही सिलसिलामा मन्त्री ज्ञवालीको भ्रमण हुन लागेको हो । मन्त्री ज्ञवालीको भ्रमणपछि प्रधानमन्त्री ओलीको पनि भ्रमण हुने तयारी भइरहेको छ । उनको भारत भ्रमणमा भने सीमाको विषयमा कुराकानी हुने सम्भावना रहेको बताइएको छ ।

मन्त्री ज्ञवालीले नेपालमा अहिले देखिएको राजनीतिक परिवर्तनको बारेमा भने भारतीय पक्षसँग छलफल गर्ने बताइएको छ । नेपालको राजनीतिलाई कसरी सेटल गर्ने विषयमा पनि विशेष कुरा हुने स्रोतको दाबी छ ।

# घर बन्छ, घरहरू भत्कन्छन्



● मोहनविक्रम सिंह ●

*(मोहनविक्रम सिंहले यो लेख कमलराज रेग्मीको राजनीतिक विचलनवारे लेख्नु भएको छ । यो लेख पढेर नेपाली कम्युनिस्टहरूका लागि प्रथम नेपालको कम्युनिस्ट आन्दोलनको छोटो इतिहास र अन्य विविध कोणबाट अध्ययन र विश्लेषण गर्न मद्दत गर्नेछ र साथै स्वयम् मोहनविक्रम सिंहको राजनीतिक र पार्टीगत स्थिति अहिले कुन स्तरमा छ, त्यसको मूल्याङ्कनका लागि पनि यो सामाग्री उपयुक्त ठानेर रातोपार्टी डट् कमबाट साभार गरिएको छ । मूल्याङ्कनका जिम्मा पाठकहरूलाई –सम्पादक)*

मेरा एकजना मित्रको हालसालै कमलराज रेग्मीसँग भेट भएको रहेछ । उनले मलाई रेग्मीसित भएको कुराकानीको प्रसंग सुनाएका थिए । जसलाई म तल दिँदैछु ।

नेपालको वामपन्थी कम्युनिष्ट आन्दोलनमा पाल्पाको किसान आन्दोलनले अत्यन्तै ठूलो महत्व राख्दछ । त्यो किसान आन्दोलनका संगठनकर्ता र नेता कमलराज रेग्मी हुनुहन्थ्यो । २०१७ साल पुस ३ गते उहाँ जेलमा पर्नुभयो र केही वर्षपछि जेलबाट छुटेपछि पञ्चायती व्यवस्थामा सामेल हुनुभयो । पाल्पाबाट राष्ट्रिय पञ्चायतमा निर्वाचित भएपछि उहाँलाई तलबको पेश्की मिल्यो । त्यही पैसाले उहाँले पाल्पा मेहलधाराको आफ्नो पुरानो र सानो घर भत्काएर नयाँ र ठूलो घर बनाउनुभयो ।

एकदिन उहाँ पाल्पाको टुँडिखेलमा घुम्दै हुनुहुन्थ्यो । त्यहाँबाट उहाँको नयाँ घर देखिन्थ्यो । त्यहीबेला उहाँको पाल्पाका एक जना प्रसिद्ध बाद्यबादक र संगीतज्ञ प्राणप्रसादसित भेट भयो । कमलजीले उहाँलाई मेहलधाराको आफ्नो घर देखाउँदै सोध्नुभयो, 'प्राणप्रसाद, मैले घर बनाएँ नि । तपाईं मेरो घर यहाँबाट देख्नुहुन्छ ?'

'अहँ, म त कुनै नयाँ घर बनेको देख्दिनँ । म त मेहलधाराका सबै घर भत्केको देख्छु । हेर्नुहोस कमलजी, पहिले मेहलधाराका सबै घरहरू तपाईंका थिए । सबै घरहरूमा तपाईंको स्वागत हुन्थ्यो । अनि भन्नुहोस कमलजी, पाल्पाको कुन घर तपाईंको आफ्नो थिएन ? तर अब तपाईंका लागि सबै घरका ढोकाहरू बन्द छन । तपाईंका लागि मेहलधारामा मात्रै होइन, पाल्पाका सबै घरहरू भत्किसकेका छन ।'

प्राणप्रसादको त्यो भनाइमा कमलराज रेग्मीले कम्युनिष्ट पार्टीलाई छाडी पञ्चायती व्यवस्थामा सामेल भएर प्राप्त गरेको सम्पूर्ण पद, प्रतिष्ठा र सम्पन्नताप्रति गहिरो, सही र सटिक आक्रोश र व्यंग्य लुकेको थियो । कति गम्भीर अर्थ अन्तरनिहित थियो, त्यो भनाइमा ? कति मार्मिक थियो त्यो अभिव्यक्ति ? रेग्मीजी पाल्पामा अत्यन्तै लोकप्रिय र सम्मानित नेता हुनुहुन्थ्यो । तर उहाँ पञ्चायती व्यवस्थामा सामेल भएपछि उहाँप्रतिको हार्दिकता, आत्मीयता र सम्मान समाप्त भयो । जनताका बीचमा उहाँको उच्च स्थान थियो, त्यसबाट धेरै तल झर्नुभयो । प्राणप्रसादको भनाइले जनताको बीचको उहाँप्रतिको त्यो सम्पूर्ण भावनाको प्रतिनिधित्व गर्दथ्यो ।

मेरा मित्रसित भएको कुराकानीमा कमलजीले विश्वेश्वरको मृत्युपछिको एउटा अर्को प्रसंगको पनि उल्लेख गर्नुभएको थियो । उहाँ एक दिन पाल्पाका एक जना शिक्षकसित कतै जाँदै हुनुहुन्थ्यो । ती शिक्षकले उहाँलाई अकस्मात भनेका थिए, 'कमल दाइ, तपाईं जेलमै मरेको भए राम्रो हुन्थ्यो ।'

रेग्मीजी पाल्पामा अत्यन्तै लोकप्रिय र सम्मानित नेता हुनुहुन्थ्यो । तर उहाँ पञ्चायती व्यवस्थामा सामेल भएपछि उहाँप्रतिको हार्दिकता, आत्मीयता र सम्मान समाप्त भयो । जनताका बीचमा उहाँको उच्च स्थान थियो, त्यसबाट धेरै तल झर्नुभयो । प्राणप्रसादको भनाइले जनताको बीचको उहाँप्रतिको त्यो सम्पूर्ण भावनाको प्रतिनिधित्व गर्दथ्यो ।

'मरेको भए, किन ? के भनेको यो ?' 'तपाईं छुटेर पञ्चायती व्यवस्थामा सामेल हुनु भन्दा तपाईं जेलमै मरेको भए आज कांग्रेसीहरूले विश्वेश्वरको नाम लिए झैं हामीले पनि गर्वपूर्वक तपाईंको नाम लिन सक्थ्यौं ।' प्राणप्रसाद वा शिक्षकहरूसँग भएका उक्त कुराहरू बताउँदा रेग्मीजीका मुखमा दुःख र पीडाको भाव थियो । शायद ती कुराहरूले उहाँको मनलाई भित्रसम्म घाउ पारेका थिए । शायद आज पनि त्यो घाउ चस्कने गर्दछ होला । वर्षौंसम्म पनि दुःख र पीडाका साथ उक्त कुराहरू दोर्होयाउनुको अर्थ शायद यही हो कि कम्युनिष्ट पार्टी छोडेर पञ्चायती व्यवस्थामा सामेल भएकोमा उहाँको मनमा, मनको एउटा अन्तरात्मामा केही दुःख, पीडा, र पश्चातापको भाव छ ।

कमलजीलाई भेटेर आउने मेरा मित्रले उहाँलाई सोधेका थिए, 'अब के गर्दै हुनुहुन्छ ?' 'अब केही गर्ने उत्साह र जाँगर छैन । मन लागेको बेलामा केही पढ्छु, केही लेख्छु । नत्र चुपचाप शान्तिपूर्वक बस्छु । आफैंप्रति एक प्रकारको खिन्नता छ, आत्मग्लानि ।।।'

'किन ? त्यसको कारण के हो ?'

'विचलन □ विचारबाट विचलित भएपछि त्यस्तो हुँदोरहेछ ।'

मेरा मित्रले कमलजीसित भएको कुराकानीको त्यो प्रसंग सुनाएपछि मेरा मनमा कैयौं कुराहरू खल्न थाले । खास गरेर प्राणप्रसादको 'भत्केका घरहरू'को प्रसंगले मलाई धेरै नै छोयो । कमलराज रेग्मी एक जनाको मात्रै कुरा होइन । आज त्यसप्रकारका साथीहरूको संख्या कम छैन, जो आफ्नो घर बनाउका लागि पार्टी वा सिद्धान्तबाट अलग हुन्छन या मुट्ठीभर पैसा, पद, केही सुख, केही सम्पन्नता वा पार्टी जीवनका दुःखकष्ट, अनिश्चित जीवन र भविष्यका गर्भमा लुकेका आपतहरूबाट बच्नका लागि प्रतिक्रियावादी व्यवस्थामा मिल्न जान्छन । तर उनीहरूको जीवनमा पार्टी र क्रान्तिको पक्षले गौण र व्यक्तिगत जीवन वा घर बनाउने, परिवारलाई सम्पन्न बनाउने वा जीवनका व्यक्तिगत समस्याहरूलाई समाधान गर्ने कार्यहरूलाई नै प्राथमिकता दिइरहेका हुन्छन । सायद त्यसलाई आफ्नो सफलता वा जीवनको उपलब्धि ठानेर धेरै टाढा हुँदै गइरहेका हुन्छन । शायद त्यसलाई आफ्नो सफलता वा जीवको उपलब्धि ठानेर दंग पर्दछन । तर वास्तविकता के हो ? त्यो कुरा त्यो बेला नै उदांगिन्छ, जब उनीहरूको सामना प्राणप्रसादजस्ता व्यक्तिहरूसित हुन्छ । तर त्यस्ता कुराहरूले खालि उनीहरूलाई मात्र छुन्छ वा चोट पुर्याउँछ, जसको आत्मा अझै जीवित हुन्छ । जसको आत्मामा कतै कुनै कुनामा कम्युनिष्ट सिद्धान्त, पार्टी वा आन्दोलनप्रति केही न केही आस्था, माया, इमान्दारी वा सम्मानको भावना दबेर वा लुकेर बसेको हुन्छ, जसका मनमा ती सबैबाट विचलित भएकोमा केही पश्चातापको भावना हुन्छ । तर जो आन्तरिक रूपले र सम्पूर्ण रूपले नै पतीत भइसकेका हुन्छन, उनीहरूलाई सयकडौं, हजारौं प्राणप्रसादका कुराहरूले वा बज्रवाणहरूले छुन्नन र छुन सक्दैनन ।

प्राणप्रसादको 'भत्केका घरहरू'को प्रसंगले मलाई धेरै नै छोयो । कमलराज रेग्मी एक जनाको मात्रै कुरा होइन । आज त्यसप्रकारका साथीहरूको संख्या कम छैन, जो आफ्नो घर बनाउका लागि पार्टी वा सिद्धान्तबाट अलग हुन्छन या मुट्ठीभर पैसा, पद, केही सुख, केही सम्पन्नता वा पार्टी जीवनका दुःखकष्ट, अनिश्चित जीवन र भविष्यका गर्भमा लुकेका आपतहरूबाट बच्नका लागि प्रतिक्रियावादी व्यवस्थामा मिल्न् जान्छन ।

कमलराज रेग्मीको, स्वयं उनले बताएझैं कम्युनिष्ट पार्टी र आन्दोलनबाट विचलन भइसकेको छ । तर यस सन्दर्भमा यो प्रश्नको अत्यन्तै गम्भीर अर्थ राख्छ र छानविनको माग गर्दछ, आखिर उहाँजस्ता कम्युनिष्टको पलायन किन हुन्छ ? डा. केशरजंग रायमाझी र कमलराज रेग्मी दुवै पाल्पाका कम्युनिष्ट नेता हुन । दुवै जना कम्युनिष्ट आन्दोलनबाट हटे । तर पहिलाको (रायमाझी) पतन कुनै आश्चर्यको कुरा होइन । उनको स्वभाव र चरित्रमा त्यसप्रकारको पतनको स्रोत अन्तरनिहित थियो । तर कमलराज रेग्मीको बारेमा त्यो कुरा सत्य होइन । उहाँ प्रारम्भदेखि नै ग्रामीण वर्गसंघर्षमा खारिंदै आएको लडाकू र संघर्षशील नेता हुनुहुन्थ्यो । किसान संघर्षका बीचबाट लोकप्रिय हुँदै र खारिंदै उहाँ आउनुभएको थियो । सिद्धान्त, पार्टी र क्रान्तिप्रतिको उहाँको इमानदारी, सच्चाइ र समर्पणको स्पीरिटमा कुनै शंका थिएन । तैपनि उहाँको किन विचलन भयो ? किन उहाँको पार्टी जीवनमा स्थायित्व रहेन ? किन उहाँ एउटा शिक्षकले उहाँलाई भने झैं जेलमा नै नमरे पनि बाँचुञ्जेल सिद्धान्त, पार्टी र क्रान्तिप्रति उहाँको निरन्तरता रहेन ? किन आफ्नो नयाँ र अग्लो घर बनाउन, प्राणप्रसादले भनेझैं मेहलधारा, तानसेनबजार र पाल्पाका आफ्ना सबै घरहरू भत्काउन पुग्नुभयो ? यी सबै प्रश्नहरूले ती सबैका लागि गम्भीर अर्थ र महत्व राख्दछन, जो अझै सिद्धान्त, पार्टी र क्रान्तिप्रति सच्चा, इमान्दार र सक्रिय छन ।

कमलराजजस्तो किसानहरूको वर्गसंघर्षका बीचबाट खारिएको अध्ययनशील कम्युनिष्टको त त्यसरी विचलन भयो भने आजका हाम्रा थुप्रै पार्टी सदस्यहरू जो वर्गसंघर्षबाट मात्र होइन, सामान्य जनसंघर्षबाट पनि अलग भएका छन र जसको अध्ययन सामान्य पत्रपत्रिकाहरूको उपरी र सरसरी अध्ययनसम्म मात्रै सीमित रहने गरेको हुन्छ, त्यस्ता पार्टी सदस्यहरूको विचलनको खतरा कमलराज रेग्मीमा भन्दा कैयौं गुणा बढी हुन्छ । कमलराज रेग्मी जस्तो स्थिति अगाडि आयो भने कतिजना त्यो ठक्करबाट बच्ने हुन ? त्यो भयानक प्रश्न हाम्रो अगाडि छ । कमलराज रेग्मीको जीवन त अत्यन्तै गरिबी र कष्टको जीवन थियो । केन्द्रीय पार्टीको विघटन, बाहिर पार्टीबाट कुनै निर्देशन वा सहायताको अभावको स्थितिमा त्यसप्रकारको विचलन भएको थियो । तर हामीले गत कालको अवस्था हेर्यौं भने हाम्रा थुप्रै कमरेडहरूले त्योभन्दा अत्यन्तै कम प्रतिकूल अवस्थामा निस्कृय हुने वा पलायन हुने गरेको पाउँछौं । आजको देशको कम्युनिष्ट आन्दोलनको रद्दीको टोकरी, जसलाई एमालेले देशको कम्युनिष्ट आन्दोलनको मूलप्रवाह (?) भनी नामाकरण गरेको छ, मा फ्याँकिन पुगेका छन ।

कम्युनिष्ट आन्दोलनबाट खालि किन केशरजंग रायमाझीजस्ता व्यक्तिहरूको मात्र होइन, कमलराज रेग्मीजस्ता व्यक्तिहरूको पनि पलायन हुने गर्दछ ? यो साँच्चिकै गम्भीर प्रश्न हो र यसमा व्यापक छलफलको आवश्यकता छ । शायद त्यसप्रकारको छलफल वा त्यसबाट प्राप्त हुने जवाफले भविष्यमा कमलराजजस्ता व्यक्तिहरूलाई विचलन वा पतनबाट बचाउन मद्दत गर्नेछ । त्यसप्रकारको आशा गर्नु त आदर्शवादी सोचाइ नै हुनेछ, तैपनि त्यो दिशामा गरिने सचेत प्रयत्नले शायद त्यसप्रकारको नकारात्मक सम्भावना वा त्यसबाट कम्युनिष्ट आन्दोलनलाई पुग्ने क्षतिमाथि नियन्त्रण गर्नु काफी हदसम्म सम्भव हुनेछ ।

टिप्पणी स्प्रस्तुत लेख वाङ्मय प्रज्ञा प्रतिष्ठान, पाल्पाद्वारा २०६६ सालमा प्रकाशित का. कमलराज रेग्मीको 'आमा, म र पाल्पा' पुस्तकमा छापिएको थियो । यो लेख जहाँसम्म मलाई याद छ, पहिले 'हाँक साप्ताहिक'को 'विविध' स्तम्भमा छापिएको थियो । त्यसलाई रेग्मीले आफ्नो पुस्तकमा समावेश गर्नुभएको थियो । स्वयम उहाँको आलोचना गरेर लेखिएको त्यो लेखलाई उहाँले आफ्नो पुस्तकमा समावेश गरेको कुराले गम्भीर अर्थ र महत्व राख्दछ । त्यसले बताउँछ कि आफ्नो गतकालको पार्टी जीवन छाडेर उहाँले जुन प्रकारको जीवन बाँचिरहनु भएको थियो, त्यसका लागि उहाँमा गहिरो मानसिक पीडा, अन्तर्द्वन्द्व र पश्चाताप पनि थियो । त्यसरी उहाँले आफ्नो मनको पीडालाई हल्का गर्ने र गतकालमा पार्टी छोडेको कार्यप्रति पश्चताप गर्ने कोशिस गर्नुभएको थियो ।

नेकपा (मसाल)को पार्टी सदस्यताका लागि दरखास्त दिने बेलामा उहाँले मसँग भन्नुभएको थियो, 'पहिले (२०१० सालमा) मैले पार्टीको सदस्यताका लागि तपाईंको दरखास्त लिएको थिएँ, अहिले पार्टीको सदस्यताका लागि मैले तपाईंलाई दरखास्त दिँदैछु ।' त्यो भन्ने बेलामा उहाँ धेरै नै भावुक र मर्माहित भएको देखिन्थ्यो । इतिहासले एउटा गोलचक्कर लगाएको थियो । तैपनि यो सन्तोष र प्रसन्नताको कुरा थियो कि पार्टीको टुटेको एउटा महत्वपूर्ण कडी पुनः पार्टीसित जोडिएको थियो । हाम्रो पार्टीको पोलिटव्युरोले त्यो दरखास्त स्वीकार गरेर उहाँलाई समर्थक रूपमा राख्ने ठेगान गरेको थियो । उहाँको स्वास्थ्यको कारणले उहाँ सक्रिय हुन सक्ने अवस्थामा हुनुहुँदैनथ्यो । तैपनि उहाँले बाँचुञ्जेलसम्म पार्टीको लागि नियमित रूपले लेवी पनि दिने गर्नुहुन्थ्यो । त्यसले उहाँको पार्टीप्रतिको आस्थालाई नै बताउँथ्यो । विसं २०७४ सालमा उहाँको निधन भयो । उहाँले पहिले पार्टीका साथीहरूसित यो इच्छा प्रकट गर्नुभएको थियो 'म मरेपछि मेरो शवमा पार्टीको झण्डा ओढाइदिनु ।' पार्टीको नियमअनुसार कुनै पाटी पार्टीको सदस्य वा समर्थकको पनि उसको मृत्युपछि उसको नाम सार्वजनिक गर्ने, पाटीको झण्डा ओढाउने चलन हुन्छ । उहाँको निधनपछि उहाँले पार्टीको सदस्यताका लागि दरखास्त दिएको कुरा त सार्वजनिक गर्यौं तर उहाँको शवमा पार्टीको झण्डा ओढाउने काम हुन सकेन । किनभने उहाँको परिवार त्यसका लागि सहमत भएन । त्यसकारण हामीले पार्टीको नियम र उहाँको अन्तिम इच्छालाई पूरा गर्न सकेनौँ ।

यो लेखमा कमलराज रेग्मीको विचलनको जुन आलोचना गरिएको छ, त्यो आलोचनाले उहाँको व्यक्तिगत आलोचना मात्र नभएर त्यो सम्पूर्ण कम्युनिष्ट आन्दोलनमा देखापर्ने विचलनसित सम्बन्धित छ । वास्तवमा प्रश्न यो मात्र होइन कि का. कमलराज रेग्मीको 'घर बन्दछ, घरहरू भत्कन्छन' वास्तवमा सम्पूर्ण विश्व र नेपालको पनि कम्युनिष्ट आन्दोलनमा घर बन्ने र घरहरू भत्कने काम व्यापक रूपमा भइरहेको छ । कैयौं देशहरूमा ठूला ठूला कम्युनिष्ट पार्टीहरू बने वा समाजवादी राज्यहरूको निर्माण भयो तर ती घरहरू भत्कदै गए । त्यो वास्तविकताको एउटा अस्थायी र गौण पक्ष मात्र हो । अन्तमा विश्वमा समाजवादी व्यवस्थाको भव्य महल निर्माण हुने कुरामा हामी पूरा विश्वस्त छौं ।

*(मोहनविक्रम सिंह,*
*२०७७ पुस २०, काठमाडौं)*

## कार्लमार्क्सको...

पर्छ । भनाइको अर्थ के हो भने नेपाली जनताको मत र हामी क्रान्तिकारीहरूको मत मिल्यो भने मात्र क्रान्ति सफल हुन्छ र दिगो पनि त्यहि हुन्छ । क्रान्तिकारी पार्टीको संगठन बलियो बनाउन र आर्थिक रूपमा पनि बलियो हुनको लागि एउटा कार्यकर्ता जुन क्षेत्रमा संगठित छ, ऊ त्यहि क्षेत्रलाई आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक हरेक क्षेत्रमा कसरी बलियो बनाउन सकिन्छ र आफु त्यहां कसरी बांच्ने भनेर पनि सोच्नु पर्छ र पार्टीको कामलाई पनि अगाडि बढाउन सक्ने हुनु पर्छ । मैले सैनिक कमाण्डो तालिमको बारेमा सुनेको थिएं । एउटा सिपाहीलाई सिमित हातहतियार र सिमित स्रोतसाधन दिएर कुनै पनि खानेकुराबिना एक महिनाको लागि घना जङ्गलमा छोडिन्छ रे । त्यहि सिमित स्रोतसाधन प्रयोग गरेर एक महिनासम्म बांचेर फर्केपछि मात्र ऊ सफल सेना बन्छ रे । हो, यहां क्रान्तिकारीभित्र पनि यहि रणनीति अपनाउनु पर्छ अनि मात्र क्रान्ति सफल हुन सक्छ । एकदिन अवश्य आन्दोलन हुन्छ भनेर कल्पना गर्नु भनेको खोपिको देवता पुज्नु सरह हो । भगवान आस्थाको रूपमा खोपिको देवतालाई भाकल गर्ने तर आफुले कुनै मिहिनेत नगर्ने । एउटा भनाई छ, भाग्य छ भनेर चाल्नोमा दूध अडिन्न । विचार सिद्धान्त र देशकाल परिस्थिति अनुसार आफु अनुकुल ढाल्न सकिएन भने त्यो भाकल मात्र हो, त्यसले पूरा हुन पनि सक्छ नहुन पनि । यी विचार र कतिपय मनगढन्ते वा कतिपय आरोप पनि हुन सक्छ, यसबाट प्रभावित भएर मलाई कार्वाही वा निश्कासन गर्ने सम्मको पनि सजांय होला तर यसले के अर्थ राख्छ र ? यहांबाट निश्कासन पश्चात म कुनै पार्टी गठन गरेर अध्यक्ष बनौंला रे वा कुनै पार्टीको सदस्य बनौंला रे यसले के फरक पार्छ र ? यदि म जहां गए पनि यस्तै साधरण बिरोधको कार्यक्रम मात्र गर्छु र जनताको आयश्रोत वा जीवनपद्धतिमा कुनै परिवर्तन दिन सक्दैन भने त्यसले कुनै अर्थ राख्दैन । अहिलेसम्मको घटनक्रमले यहि बोलिरहेको छ । यो कुरा मैले यहां लेखिरहनु पर्दैन र पुस्त्याइं पनि गर्नु पर्दैन । मेरो अबको चाहाना के हो भने हामी द्वन्द्वात्मक भौतिकवादी विचारधाराका असली चेला हौ भने यी उठाइएका विषयवस्तुमा मार्क्सले भने झैं द्वन्द्व, प्रतिवाद र संश्लेषणको सिद्धान्त अंगिकार गरिन्छ वा कार्वाहीको बाटोमा जाला । यहि मेरो कौतुहलको विषयले घोचिरहेको छ । किन भने द्वन्द्ववादको सिद्धान्त के हो भने समाज भनेको परस्पर विरोधी विचारको टकराव हो । यसैबाट एउटा राम्रो विचारको जन्म हुन्छ र समाजले गति लिन सक्छ । कुनै पनि विचार समाजमा प्रयोग नभएसम्म राम्रो वा नराम्रो छुट्टयाउन सकिने कुरा भएन । समाजमा नगएसम्म विरोधीसंग टकराव हुने कुरा भएन, टकराव नभएपछि के को द्वन्द्व । द्वन्द्व नभएपछि कसरी आउंछ समाजवाद ? यो संगसंगै एउटा अर्को उठाउन चाहेको विषय के हो भने हामीले बिरोधको शैली परिवर्तन गर्नु पर्ने देखिन्छ । हामीले सरकारलाई मात्र बिरोध गर्दा यसले अन्य पार्टी र हामीमा खासै परिवर्तन देखिदैन । सरकारलाई गाली गर्नु भनेको तिमी केहि सुध्रिउ मपनि सहयोग गर्छु भनजस्तै देखियो । हामीले भन्दैमा उनिहरू सुध्रिनेवाला पनि छैनन् । किन भने उनिहरू त्यसैका लागि बनेका हुन् । त्यहांबाट बाहिर गयो भने उनिहरूको राजनीति सकिन्छ । उनिहरूलाई माथिको आदेश छ, तिमीहरू हामीले भनेको कार्य गर्दैनौं भने सहयोग रोकिदिन्छौं । हो, हामीले उनिहरूलाई केहि यस्ता विषय वस्तु छन् जसले अर्थतन्त्र र जनतालाई समेत प्रभाव पार्छ । यी दलालहरूको आम्दानीको बाटो र राजनीति गर्ने आडभरोसा भनेकै विदेशी दातृ राष्ट्रको सहयोग, एनजिओ/आइएनजिओ नै हुन् जसलाई सदाको लागि बन्द गरिदिनु पर्दछ । अर्को महत्वपूर्ण विषय के हो भने विद्युत परिचालन हो । यसलाई सहि सदुपयोग गर्न सकियो भने मात्र पनि लगभग नेपालको पचास प्रतिशत व्यापार घाटा कम हुन्छ । विद्युतलाई दुई किसिमले उपयोग गर्न सकिन्छ जुन कुलमान घिसिङ्गले परिकल्पना गरिसकेको हुनु पर्छ । घरायसी खाना पकाउने लगायतमा प्रयोग गर्दा ग्यांस आयात रोकिनेछ । त्यसैगरि यातायातको साधन सबै इलेक्ट्रिबाट चल्ने प्रयोग गरियो भने तेलको आयातमा कमि आउनेछ । यहि दुई किसिमले विद्युतको व्यवस्थापन गर्न सकेमा नेपालको अर्थतन्त्रमा सुधार आउनेछ । हामीले यस्तै महत्वपूर्ण जल्दोबल्दो विषयलाई उठाउनु पर्छ जहां उनिहरूको मुल स्रोतमा असर गर्नेछ र शत्रु पक्ष कमजोर हुनेछ । माओको भनाई अनुसार क्रान्तिअघि शत्रु पक्षलाई कमजोर बनाउनु पर्ने यहि विचारसंग मेल खान्छ ।

# युवा लेखकहरूसित कुराकानी



● म्याक्सिम गोर्की ●

आफ्नो जीवनलाई सञ्चालन गर्ने मूल शक्तिहरूलाई पत्ता लगाउन नभएर, आफ्ना विचारहरूलाई कुनै खास ठाउँमा पुऱ्याएर विश्राम गर्ने आतुरी भएको कारणले धेरै मानिसहरू सोच्ने र तर्क-वितर्क गर्ने काम गर्दछन् । उनीहरूमा प्रायः 'तर्क अथवा सन्देहभन्दा टाढाका' सत्यहरूको स्थापना गर्ने आतुरी मुख्यरूपले आलोचकहरूमा पाइन्छ र उपन्यासकार र कथाकारहरूमा पनि यसको नराम्रो प्रभाव पर्दछ । लेखकको काम धेरै नै श्रेयष्कर हुन्छ, किनभने त्यसको अनिवार्य परिणाम जीवन र निरन्तर परिवर्तनशील वास्तविकताहरूमा निहित सत्य सङ्कुचित व विकृत हुन जान्छ । एङ्गेल्सले (एङ्गेल्स अति नै बुद्धिमान मानिस थिए) मार्क्सवाद कुनै जड सिद्धान्त नभएर कार्यक्षेत्रमा बाटो देखाउँने दर्शन हो भनेर एकदमै सही भनेका हुन् । यदि साधारणरूपमा भन्ने हो भने हामी के भन्न सक्दछौँ भने हाम्रा सम्पूर्ण कामहरूको उद्देश्य पुरानो संसारलाई बदलेर नयाँको निर्माण गर्नु हो । सोभियत श्रमिकहरूको सोह वर्षको वीरतापूर्ण श्रमका कल्पनातीत फलहरूले सारा संसारलाई असदिग्धरूपले के देखाएको छ भने श्रमिक वर्गमा कति जीवन-शक्ति, कति प्रतिभा र कति विराट् रचनात्मक कौशल हुन्छ । सोभियत सङ्घका हामी लेखकहरूले अहिलेसम्म न यस श्रमको असिम शक्तिमत्तालाई न त त्यसका सफलताका विविधता र वाहुल्यतालाई बुझेका छौँ ।

व्यावहारिक अनुभवको ठोस आधारमा टिकेको विश्वासका साथ के भन्न सकिन्छ भने हामी आज संसारमा जुन काम गर्दैछौँ, त्यसका सम्भावनाहरू आजका सबै कुराभन्दा र मानिसका आजसम्मका हजारौँ वर्षका हरेक किसिमका श्रमबाट निर्मित कुराहरूभन्दा बढी छन् । आफ्नो देशका प्रति, आफ्नो साहित्यको उत्तरदायित्वलाई बुझ्न र त्यसलाई पूरा गर्न हामीले आधुनिक संसारको गम्भीर र विशिष्ट अध्ययन गर्नु जरूरी छ ।

साहित्यका के के अङ्ग छन् ? अर्थात् बिम्वहरू, चरित्रहरू र समष्टिको प्रतितिधित्व गर्ने (टाइप) पात्रहरूको शब्दहरूद्वारा चित्रण कसरी हुन्छ ? शब्दहरूका दर्पणमा जीवनका घटनाहरू र वास्तविकताहरू, प्राकृतिक दृष्यहरू र चिन्तनका प्रक्रियाहरूको प्रतिबिम्वन कसरी गरिन्छ ?

साहित्यको मूल तत्व हो भाषा । भाषा नै साहित्यको मुख्य साधन हो र जीवनका यथार्थहरूसित गहिरो सम्पर्कमा आएपछि भाषाले साहित्यको कच्चा पदार्थका काम गर्दछ र यसैबाट साहित्यको निर्माण हुन्छ । एउटा असाध्यै राम्रो उखानमा भाषाको परिभाषा दिइएको छ- 'यो मह त होइन तर सबै ठाउँमा टाँसिन्छ ।' यसको अर्थ के हो भने संसारमा सङ्ज्ञा नभएको कुनै कुरो छैन । शब्द नै समस्त घटनाहरू र विचारहरूको परिधान हो । तर हरेक घटनाको सामाजिक महत्व त्यस घटनामा लुकेर रहेको हुन्छ र हरेक विचारमा किन कुनै विचारको रूप अरू नभएर त्यही नै हुन्छ, यसको कुनै-न-कुनै कारण हुन्छ । यदि कुनै साहित्यिक रचनाको उद्देश्य घटनाहरूभित्र लुकेको सामाजिक अभिप्रायलाई समग्र भावले, अति स्पस्टता र पूर्णतासहित उद्घाटन गर्नु रहेको छ भने सरल र भावहरूलाई एकदमै ठीक-ठीकरूपमा अभिव्यक्त गर्ने क्षमतासम्पन्न भाषाको आवश्यकता हुन्छ । यस कामका लागि होसियारीसाथ छानिएका शब्दहरू चाहिन्छ । हाम्रा पुराना कलाकारहरूको भाषा यस्तै थियो । त्यो त्यस्तो भाषा थियो, जसलाई शताब्दीयौँको विकासले पुष्ट बनाएको थियो । त्यो एक वास्तविक अर्थमा साहित्यिक भाषा हो, यद्यपि त्यसको उद्भव जनताको बोलीचालीको भाषबाट भएको हो । तथापि त्यो आफ्नो मूल श्रोतभन्दा धेरै नै फरक छ, किनभने वस्तुहरूलाई शब्दद्वारा प्रस्तुत गर्ने क्रियामा त्यसमा भएका सबै क्षणिक, अस्थिर, अपष्कृत र विकृत ध्वनि भएका तत्वहरू निस्किएका छन्, जुन बोलीचालीका भाषामा पाइन्छन् । तर थुप्रै कारणले तिनको भाषाको मूल आत्मासित मेल हुँदैन । भाषाको मूल आत्मा भन्नाले हाम्रो मूल आसय भाषाको त्यो रूपसित छ, जुन त्यसलाई बोल्ने मानिसहरूमा समानरूपले प्रचलित छ । बोलीचालीको भाषा लेखकहरूद्वारा चित्रित चरित्रहरूको कथोपकथनमा सुरक्षित रहन्छ भन्ने स्वयंसिद्ध कुरो हो । तर त्यसको उपयोग चरित्रलाई अझ बढी सजीव ढङ्गले प्रस्तुत गर्नका लागि गरिनुपर्दछ ।

युवावस्थामा मलाई पनि नयाँ शब्द निर्माण गर्ने ठूलो सनक चलेको थियो । सरकारी वकिलहरू र अभियुक्तहरूका वकिलहरूको धारा प्रवाही वक्तृताले ती केटौले प्रयत्नहरूलाई धेरै नै प्रोत्साहन मिल्दथ्यो । त्यहाँ पाप र पुण्य दुवै एउटै समान सुन्दर शब्दहरूमा छाँटिएर उभिएका हुन्थे र अभियोग लगाउँनेहरू तथा अभियोगबाट आफूलाई बचाउँनेहरू दुवै नै एउटै शब्दावलीको प्रयोग उस्तै चातुर्यका साथ गर्दथे । मलाई त्यो देखेर अचम्म लाग्दथ्यो र मचाहिँ नयाँ शब्द बनाउँने मूर्खतापूर्ण प्रयत्नहरूमा कापीहरू एक-पछि-अर्को रङ्गाएर फ्याक्दै जाँदै थिए । यो पनि एक किसिमको रोग नै थियो । मैले वास्तविक जीवनलाई के कुराका लागि धन्यवाद दिनैपर्दछ भने उसले एउटा राम्रो चिकित्सकले झैँ मलाई चाँडै नै यस रोगबाट निको पाऱ्यो ।

संस्कृतिको इतिहासले हामीलाई के भन्दछ भने भाषाहरूले विशेषगरी त्यसकालमा समृद्धि लाभ गर्दछन्, जतिखेर सामाजिक आन्दोलनले तीव्र रूप लिएको हुन्छ, जतिखेर उत्पादनका नयाँ साधनहरूको प्रयोग हुन थाल्दछ र वर्गसङ्घर्ष तीक्ष्णतर हुन्छ ।

हाम्रो यस भनाईको पुष्टि लोकगीत, लोकोक्ति आदिबाट पुष्टि हुन्छ । बोलीचालीको भाषाको विकासको प्राकृतिक ढङ्ग पनि यही नै हो । यस क्षेत्रमा कृत्रिम 'मौलिकताहरू' को पनि त्यसरी नै स्थान हुदैन, जसरी पुराना शब्दहरूलाई अर्थात् अर्थ घोटिँदा-घोटिँदा नष्ट भैसकेका शब्दहरूलाई समातेर बसिरहँने प्रवृतिलाई स्थान हुँदैन । आफ्नो कुरो प्रष्ट पार्न म के भनिहालौँ भने मास्कोका सडकहरूमा हुँने गफप्रति पुस्किनका मनमा निकै आदर थियो र यस दिशामा उनले आफ्नी नर्स अरिना रेदियोनोभ्नाबाट धेरै नै सिकेका थिए । हाम्रो बोलीचालीको भाषाका अनुपम विद्वान लेस्कोभले पनि एक सैनिककी पत्नी, आफ्नी नर्सबाट धेरै नै सिकेका थिए । सामान्यरूपले कुन कुरो लक्ष्य गर्न सकिन्छ भने नर्सहरू, ड्राइभरहरू, माझीहरू, सिकारीहरू र शारिरीक श्रम गर्ने सामान्य स्थितिका महिला-पुरूषहरूले हाम्रो साहित्यिक भाषाको विकासलाई निश्चितरूपले प्रभाव पारेका छन् । तर ती साहित्यकार नै थिए, जसले दैनिक जीवनको बोलीचालीको भाषाको निर्बन्ध धाराहरूका माझबाट सबभन्दा सरल, सबभन्दा बढी अर्थवाही र अधिकाधिक उपयुक्त शब्द चयन गरेर भाषालाई समृद्ध बनाए ।

साहित्यको दोस्रो अङ्ग हो- विषयवस्तु । विषयवस्तुको अभिप्राय त्यस विचारसित छ, जुन साहित्यकारको मनमा जीवनबाट प्राप्त हुँने अनुभवबाट उत्पन्न हुन्छ । यो विचार साहित्यकारको मष्तिस्कमा रूप ग्रहण नगरी बसिरहेको हुन्छ र यसले आफूलाई रूप देऊ, चित्रित गर भनेर साहित्यकारलाई निरन्तर उद्वेलित गरिरहन्छ ।

संसारमा अनेक किसिममा विषय छन्-केहीलाई सनातन विषय भन्न सकिन्छ, जस्तो मृत्यु र प्रेम । केही यस्ता विषय हुन्छन्, जुन सामाजिक परिस्थितिहरूबाट उत्पन्न हुन्छन् र जसको मूलमा व्यक्तिवाद हुन्छ, जस्तो ईर्ष्या, प्रतिशोध, लोभ आदि । तर धेरै समयअघि नै कुन कुरो भनिसकिएको छ भने हरेक कुरो परिवर्तन हुन्छ र घाम वा जूनको छायाँमा शास्वत भन्ने कुनै कुरो छैन । अब क्रान्तिको घाम उदाएको छ र त्यसले हाम्रो संसारमाथि प्रकाश फैलाइरहेको छ । त्यस प्रकाशमा हामी के देख्न सक्छौँ भने ती 'शास्वत' विषयहरूका मूलमा व्यक्तिको त्यो असहायता र करूण मित्रहीनता थियो, जुन हिंस्रक वर्गसङ्घर्षमा आधारित समाजमा व्यक्तिका लागि अनिवार्य हुन्छ, यो त्यस्तो सङ्घर्ष हो, जसमा हरेक व्यक्ति अर्को व्यक्तिसित भातको एक गासका लागि र शक्तिका लागि लड्दैछ । धेरै मानिसहरू राम्ररी नै कुन कुरो जान्दछन् भने पुँजीवादी समाजको ज्यादै ठूलो विशेषता यसका अधिकांश सदस्य जीवनका सामान्यभन्दा सामान्य आवश्यकताका वस्तुहरू जुटाउन आफ्नो सम्पूर्ण शक्ति खर्च गर्दछन् । मानिसहरू आफ्नो जीवनको यो घृणित र अपमानजनक 'विशेषता' मा अभ्यस्त भएका छन् र यसकारणले उनीहरूले आफ्नो सम्पूर्ण ध्यान आफैमाथि केन्द्रीत गर्नुपर्दछ र आफ्नैबारेमा चौबिसै घण्टा सोचिरहँनुपर्दछ । त्यसो भएर पनि यस सामाजिक प्रणालीको यो भयावह प्रकृतिलाई बुझ्ने मानिसहरू भने कमै मात्र फेला पर्दछन् ।

समाजवादी वर्गहीन समाजनको स्थापना भएपछि जुन नयाँ सामाजिक अवस्था उत्पन्न भएको छ, त्यसका कारणले यी 'शास्वत' साहित्यिक विषयहरूमध्ये केही लोप भैसकेका छन् भने केहीको चाहिँ अर्थ नै पूर्णत बललिएको छ । हाम्रो युग त्यस्तो छ, जहाँ एक व्यक्तिको मृत्यु (उसको सामाजिक महत्व जतिसुकै ठूलो किन नहोस्) भन्दा कता हो कता बढी महत्वपूर्ण र धेरै करूण विषयहरू साहित्यकारले सहजै भेट्टाउँछन् । व्यक्तिवादीहरूलाई यो कुरो राम्रो लाग्दैन, तर इतिहासले त स्वयं व्यक्तिहरूलाई नै मृत्युको सजाय दिइसकेको छ ।

साहित्यको तेस्रो अङ्ग हो- विन्यास अर्थात् मानिसहरूको पारस्परिक सम्बन्ध, अन्तरविरोध, सहानुभुति, वैमनस्य र तिनको सामान्य आपसी सम्बन्ध । म के ठान्दछे भने यी तीन अङ्गबाट 'साहित्य' शब्दको समग्र अर्थको बोध हुन्छ, यदि हामी त्यसभित्र केवल नाटक, उपन्यास र कथालाई पार्दछौँ भने शैलीका सम्बन्धमा हामी कुराकानी गर्न सक्दछौँ तर त्यो एउटा त्यस्तो कुरो हो, जुन लेखकको प्रतिभाको व्यक्तिगत गुण हो, यद्यपि के कुरो बिर्सन हुँदैन भने यी व्यक्तिगत विशेषताहरूको उत्पत्ति र विकास पनि बाहिरी कारणबाट निर्धारित हुन्छ ।

म केही कुराहरू यथार्थवादका बारेमा भन्न चाहान्छु । कुन दृष्टिले भने यो उन्नाइसौँ शताब्दीको साहित्यको आधारभुत र सबभन्दा बढी फलप्रद प्रवृति हो । एउटा त्यस्तो प्रवृति, जुन बिसौँ शताब्दीसम्म प्रचलनमा छ । यस प्रवृतिको सबभन्दा ठूलो विशेषता यसको तीक्ष्ण बुद्धिवाद र आलोचना दृष्टि हो । जुन मानिसहरूले यसलाई जन्माए, ती मानिसहरू खासगरी त्यस्ता मानिस थिए, जो बौद्धिकरूपले आफ्नो पारिपार्श्विक समाजभन्दा अघि बढेका थिए र जो प्रस्टरूपमा आफ्नो वर्ग सामाजिक र रचनात्मक दृष्टिले पुंसत्वहीनताको परिचय उनीहरूले आफ्नो शक्तिलाई यथावत राख्ने प्रयत्वस्वरूप यस वर्गले गरेको वर्वर दमनमा पाए । यी मानिसहरूलाई पुँजीपति वर्गका 'उच्शृङखल पुत्र' भन्न सकिन्छ । बाइबलमा जुन 'प्रोडिगल सन' को उल्लेख भएको हो, त्यही सरह यी मानिसहरूले आफ्नो परिवारको कारागारलाई भत्काए र जड मतवादी र परम्पराबाट प्राप्त संस्कारहरूको भारीबाट आफूलाई मुक्त पारे । यीमध्ये धेरैजसो मानिसहरू आफ्नो मन परेको खाना खान फेरि आफ्नो वर्गमा फर्किएनन्, यसका लागि हामीले तिनलाई धन्यवाद दिनैपर्दछ । उन्नाइसौँ शताब्दीको युरोपेली यथार्थवादीहरूका बारेमा हाम्रो दृष्टिकोण बुर्जुवा आलोचकहरूको मतबाट धेरै नै प्रभावित छ । यी आलोचक भाषा र विषयको गुण-दोषको विवेचना गर्दछन् तर विषयवस्तुको सामाजिक महत्वलाई पत्ता लगाउँने र तिनको उद्घाटन गर्ने साहित्यको सामाजिक महत्वलाई बुझे । स्तान्धालको स्वागत आलोचकहरू मौनताले गरे । हाम्रो देशमा ज्यादै थोरै मानिसहरू विदेशी पुस्तकहरू मौलिक भाषामा पढ्दछन् र त्यसभन्दा पनि कम मानिसहरू पश्चिमका साहित्यकारहरूको जीवनको इतिहास, उनीहरूको कार्यप्रणाली र विकाससित परिचित छन् ।

पुँजीपति वर्गका यी 'उच्शृङखल पुत्रहरू' को साहित्य कुन दृष्टिले ज्यादै मुल्यवान छ भने वास्तविकताहरूप्रति यिनको दृष्टिकोण आलोचकको छ । उन्नाइसौँ शताब्दीमा धेरै वैज्ञानिक र ओद्योगिक प्रगति भयो । यसको फलस्वरूप पुँजीवादी राज्यहरूको आर्थिक आधारलाई सुदृढ बनाउन निकै नै सफलता प्राप्त भयो । तर फ्रान्सेली साहित्य–त्यतिखेर यो युरोपको प्रधान साहित्य थियो–पुँजीपतिहरूको यस हलचलबाट त्यति खुसी थिएन र उसले मेसिनहरूको बढ्दो प्रभावको प्रशस्तिमा गीत गाएन ।

त्यस समाजमा व्यक्तिलाई आफ्नो स्थिति अनिश्चित लाग्दथ्यो । त्यही अनिश्चितताजन्य निराशाको पूर्ण स्वीकृति उन्नाइसौँ शताब्दीको साहित्यको मौलिक र मुख्य विषयवस्तु हो । शोपनहावर, हार्टमन, लियोपार्दी, स्टर्नर र अन्य अनेकौँ दार्शनिकहरूले जीवनको व्यर्थताको उपदेश दिएर यस चेतनालाई अझ बढी पुष्ट बनाए । जीवनलाई व्यर्थ ठान्ने यस दर्शनको मूलमा पनि व्यक्तिको अरक्षणीयता र समाजमा उसको एक्लोपनको चेतनाले नै काम गरेको थियो । सोभियत सङ्घको विजयी वर्गले जुन नयाँ संसारको निर्माण गरेको छ, त्यसमा व्यक्ति आर्केटिकको हिम-प्रदेशहरूमा हराउँने वा मृत्युको स्थायी आशङ्कामा रहँनुपर्ने स्थितिमा समेत आफूलाई एक्लो र असहाय अनुभव गर्दैन ।

उन्नाइसौँ शताब्दी निराशावादी दर्शनहरूको शताब्दी हो । बीशौँ शताब्दीमा आएर यो निराशावादले स्वभाविकरूपले ह्रासोन्मुख समाजतिर घोरतम उदासिनता र कठोरतम नैराश्यको रूप लिन पुग्यो । यसको भुमरीमा परेर त्यो मानवतावादलाई पनि पूर्णतया तिलाञ्जलि दिइयो, जसका बारेमा पहिलेका सबै पुँजीपतिहरूलाई ठूलो घमन्ड थियो । दया र सहानुभुतिको जुन ढोङ र आडम्बरले भरिपूर्ण नैतिकताको प्रतिपादन शोपेनहावरले गरेका थिए, धेरैले जसलाई स्वीकार पनि गरेको थिए, त्यसमाथि सिद्धान्तको क्षेत्रबाट नित्सेले भयानकरूपले प्रहार गरे भने व्यवहारको क्षेत्रबाट फासिवादले अझ अरू भयानक र निश्चयात्मकरूपमा त्यसलाई क्षत-विक्षत् बनाउँने काम गऱ्यो । आज पुँजीपति वर्गको कमजोर हुँदै गएको हातबाट यो शक्ति कायम राख्न पुँजीपति वर्ग हिटलरी फासिवादको रूपमा जुन वर्गसङ्घर्षमा प्रवृत्त हुन्छ, त्यसमा ऊ मानिसप्रति घृणा र जीवनप्रति असिम नैराश्यको प्रचारलाई नै आफ्नो मुख्य हतियार बनाउँछ ।

यहीनेर के पनि थप्नु उचिन होला भने पुँजीवादका केही सुयोग्य नोकरहरूलाई पनि (पुँजीवादी व्यवस्थामा) व्यक्तिको सामाजिक स्थितिको अस्थायित्वको आभाष र आभाषमात्र होइन, ज्ञानसमेत थियो । उन्नाइसौँ शताब्दीको लगभग सबै आत्मजीवनी छाडेर जाने प्रमुख सार्वजनिक मानिसहरूले पुँजीवादी समाजको अत्यन्त असन्तोषजनक सङ्कटनका बारेमा विस्तृतरूपमा लेखेका छन् ।

सोभियत सङ्घका विजयी श्रमिकहरूले आजसम्म जुन अनेकौँ सेवाहरू गरेका छन्, तिनमा एउटा के पनि हो भने उसका आश्चर्यजनक र वीरतापूर्ण कार्यहरूले संसारबाटै निराशावादका खियाहरूलाई खुर्केर फ्याँकिएको छ ।

पुँजीपति वर्गका 'उच्शृङ्खल पुत्रहरू' को यथार्थवादको दृष्टि आलोचनापरक थियो । त्यसले समाजका खरावीहरूको अनावरण गऱ्यो र पारिवारिक संस्कारहरू, धार्मिक जडताहरू वा कानुनी दाउपेचहरूको बन्धनमा जकडिएको व्यक्तिको जीवनको रोमाञ्चक कथा लेख्यो । तर यसले मानिसहरूलाई यो कारागारबाट मुक्त हुँने बाटो भने देखाउन सकेन । हरेक कुराको आलोचना गर्नु त सहज थियो तर आलोचकहरूसित सामाजिक जीवन वा साधारणतयाः 'जीवन' एउटा एकदमै निरर्थक बेइमानी कुरो हो भन्नुभन्दा अरू केही नै थिएन । आलोचक स्वयंले कुनखालको समाज चाहान्छन् ? त्यसको कुनै निश्चित रूपरेखा उनीहरूसित थिएन । यो कुरो बाइरनदेखि टमस हार्डी (सन् ३२ मा मरे) सम्म, शातोब्रियाँका पुस्तकहरूदेखि बोदलेयर र अनातोले फ्रान्स (यिनको सन्देहवाद धेरैजसो निराशावादसित मिल्दोजुल्दो छ) सम्म अनेकौँ लेखकले भनेका छन् ।

साहित्यमा समाजवादी यथार्थवादको अवतरण कुन किसिमले हुन सक्छ भने यो वास्तविक जीवनमा घट्ने समाजवादी रचनात्मक क्रियाहरूको दर्पण बनोस् । के हाम्रो साहित्यमा यस्तो यथार्थवादको आगमन हुन सक्दछ ? हुन सक्ने मात्रै होइन, अवश्य नै हुन्छ, किनभने अहिलेको बेलामा पनि क्रान्तिकारी समाज रचनाका त्यस्ता उदाहरण हाम्रो देशमा छन् र तिनको सङ्ख्या बढ्दै मात्र जाँदो छ । हामी त्यस्तो देशमा बस्छौँ र काम गर्छौं, जहाँ गौरवपूर्ण, सम्मानपूर्ण र वीरतापूर्ण काम हुँनु एउटा कति साधारण कुरोजस्तो मात्र हुन थालेको छ भने धेरैको त दैनिक पत्रपत्रिकाहरूमा चर्चासम्म हुँदैन । जहाँसम्म हाम्रा लेखकहरूको सम्बन्ध छ, उनीहरू यिनका बारेमा किन लेख्दैनन् भने उनीहरूको ध्यान अहिलेसम्म पनि आलोचनापरक यथार्थवादको त्यही धारासम्म सीमित छ, जसको दृष्टि एकदमै स्वभाविक र सङ्गतरूपले जीवनका न्युनता र अक्षमताहरूमा छ । बाँकी ७ पेजमा

## मार्क्सवादी सांस्कृतिक मोर्चा, नेपाल
## Marxist Cultural Front, Nepal
## प्रेस वक्तव्य

१. कला, साहित्य तथा संस्कृतिका क्षेत्रमा प्रतिबद्ध संस्कृतिकर्मीहरूले सिर्जना एवम् आन्दोलनका युगीन दायित्वहरूलाई नयाँ उचाइबाट सङ्गठित ढङ्गले पूरा गर्नुपर्ने आवश्यकता बोध गर्दै र विगत केही वर्षदेखि नेपालका क्रान्तिकारी संस्कृतिकर्मीहरूको नेतृत्वमा भइरहेको वैकल्पिक सांस्कृतिक मोर्चा निर्माणको पहललाई कार्यरूप दिँदै 'मार्क्सवादी सांस्कृतिक मोर्चा, नेपाल' गठन गरिएको छ । नयाँ युगका सांस्कृतिक कार्यभारहरूलाई पूरा गर्ने सङ्कल्पसहित सैद्धान्तिक रूपमा कला-साहित्यमा समाजवादी यथार्थवादका पक्षधर एवम् सर्वहारा सांस्कृतिक क्रान्तिका महत्त्वपूर्ण प्रयोग तथा शिक्षालाई आत्मसात् गर्ने संस्कृतिकर्मीहरूको साझा मञ्चका रूपमा रहने गरी यस मोर्चाको नीतिगत अवधारणा तय गरिएको छ । नेपालको कम्युनिस्ट आन्दोलनको ठूलो हिस्सामा भएको बुर्जुवाकरण, विचलन र दक्षिणपन्थी पतनका कारण प्रगतिशील लेखक सङ्घजस्तो लामो विरासत भएको संस्कृतिकर्मीहरूको साझा मोर्चा पनि व्यवहारतः सत्ताधारी दलकै विशुद्ध जनवर्गीय सङ्गठनमा रूपान्तरित भइसकेको परिप्रेक्ष्यमा मार्क्सवादको वैचारिक सारतत्त्व र क्रान्तिका पक्षमा उभिने सङ्गठित तथा स्वतन्त्र (असङ्गठित) सम्पूर्ण मार्क्सवादी संस्कृतिकर्मीहरूको यस संयुक्त मोर्चा वैचारिक-सांस्कृतिक पुनर्जागरण एवम् प्रतिरोध आन्दोलनका दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण र अत्यावश्यक संरचना हुने विश्वास लिएका छौं ।

२. भिन्न-भिन्न समयमा समाजवादी यथार्थवादका पक्षधर संस्कृतिकर्मीहरूको साझा र संयुक्त मोर्चाको निर्माणका लागि बहस, आन्तरिक तयारी, संवाद र बहुपक्षीय छलफलहरू हुँदै आएको हो । यसै सन्दर्भमा वर्तमान राज्यसत्ताले क्रान्तिकारी पंक्तिप्रति गर्दै आएको दमन, सरकारका निरंकुश कदम, विभिन्न लेखक तथा बौद्धिकहरूको गिरफ्तारी लगायतका घटनामा मार्क्सवादी लेखक तथा संस्कृतिकर्मीहरूका तर्फबाट साझा वक्तव्यमार्फत् विरोध जनाउने काम भयो भने एमसीसी सम्झौतालगायत सांस्कृतिक साम्राज्यवादको विरोधमा काठमाडौंमा संस्कृतिकर्मीहरूकै तर्फबाट सांस्कृतिक सभा एवम् प्रदर्शन समेत सम्पन्न गरिएको थियो । भारतीय राज्यसत्ताले पक्राउ गरेका क्रान्तिकारी कवि वरवर राव, जनअधिकारकर्मी एवम् लेखक-बौद्धिक आनन्द तेलतुमडे र नेपालको राज्यसत्ताले गिरफ्तार गरेका क्रान्तिकारी सङ्गीतकर्मी माइला लामाको रिहाइका निम्ति वक्तव्य दिँदै त्यस प्रकारका घटनाको भर्त्सना गर्ने काम पनि भएको थियो ।

३. प्रगतिशील लेखक सङ्घबाट विद्रोह तथा सम्बन्ध-विच्छेद गर्ने लेखकहरू र क्रान्तिकारी ध्रुवका विभिन्न सांस्कृतिक घटक सङ्गठन सम्बद्ध लेखकहरू लगायतको संयुक्त पहल एवम् संयोजनमा नयाँ अग्रगामी सांस्कृतिक मोर्चा निर्माणका लागि आवश्यक अवधारणापत्र तथा सङ्गठनात्मक विधि निर्माणका लागि २०७५ चैत्र ३ गते १२ सदस्यीय कार्यदल गठन भएको थियो । सोही कार्यदलले विभिन्न समयमा चरण-चरणमा बैठक र छलफल गरी अवधारणापत्र तयार गऱ्यो । कार्यदलको यही पुस १० गते बसेको बैठकले अवधारणापत्र लेखन टिमद्वारा प्रस्तावित संयुक्त मोर्चाको नाम 'मार्क्सवादी सांस्कृतिक मोर्चा, नेपाल' तय गरेको छ, साथै अवधारणापत्रलाई सुझावसहित पारित गर्दै केही महत्त्वपूण निर्णयहरू गरेको छ । त्यसअनुसार-

क. मार्क्सवादी सांस्कृतिक मोर्चा, नेपालले नेपालका समाजवादी यथार्थवादी लेखक, मार्क्सवादी संस्कृतिकर्मीहरू एवम् जनपक्षधर बौद्धिकहरूको संयुक्त र साझा मोर्चाका रूपमा काम गर्नेछ ।

ख. मोर्चामा कुनै कम्युनिस्ट दल वा सङ्गठनमा आबद्ध भएका (घटक सदस्य) वा राजनीतिक दल वा सङ्गठनमा आबद्ध नभएका (स्वतन्त्र सदस्य) दुवै किसिमका संस्कृतिकर्मीहरूको सहभागितालाई विधानतः सुनिश्चित गरिनेछ ।

ग. मोर्चाको प्रथम राष्ट्रिय सम्मेलन आउँदो चैत महिनामा सम्पन्न हुनेछ; सम्मेलनले नै मोर्चाको सांस्कृतिक घोषणापत्र, विधान, नीति, कार्यक्रम तथा आचारसंहिता एवम् सङ्गठनात्मक संरचनाबारे टुंगो लगाउनेछ ।

घ. प्रथम राष्ट्रिय सम्मेलन आयोजनाका लागि यथाशीघ्र ७५ सदस्यीय सम्मेलन आयोजक समिति विस्तार हुनेछ र हाललाई अवधारणापत्र निर्माणका लागि तय गरिएको १२ सदस्यीय कार्यदलले नै प्रारम्भिक संयोजन समितिका रूपमा काम गर्नेछ ।

ङ. बैठकले प्रारम्भिक संयोजन समितिको संयोजकमा इस्माली र सचिवमा सङ्गीतलाई चयन गरेको छ ।

४. सांस्कृतिक कर्म समग्र सामाजिक जीवनको र सामाजिक रूपान्तरणको आन्दोलनसँग सम्बद्ध महत्त्वपूर्ण कर्म हो । स्वभागत रूपले नै यो साझा प्रकारको हुन्छ । सांस्कृतिक क्रियाकलाप व्यक्तिगत हुँदैनन्, सिर्जनाविशेष व्यक्तिगत भए पनि त्यसको प्रयोजन सामाजिक-सामूहिक हुन्छ । नेपालको प्रगतिशील र वामपन्थी सांस्कृतिक आन्दोलनको सुरुवाती चरण पनि साझा र सामूहिक प्रकृतिको रहँदै आएका अनेक दृष्टान्तहरू छन् । २००६ सालमा कम्युनिस्ट पार्टीको स्थापना भएदेखि यता मार्क्सवादी सांस्कृतिक क्षेत्रमा अनेक पटक साझा गतिविधि र सङ्गठित प्रयासहरूले राजनीतिक परिवर्तन एवम् सांस्कृतिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । गणतन्त्र स्थापनापछि पनि कायम रहेको दलाल संसदीय व्यवस्थाले नेपाली समाजका आजका समस्या एवम् अन्तरविरोधहरूलाई समाधान गर्न नसक्ने तथ्य छर्लङ्गै छ । यस्तो परिवेशमा सांस्कृतिक रूपान्तरणको आन्दोलन र समग्र क्रान्तिको प्रक्रियालाई अघि बढाउन मार्क्सवादी संस्कृतिकर्मीहरू नयाँ क्रान्तिकारी ध्रुवमा मोर्चाबद्ध हुनु तथा शब्द र कर्मका माध्यमबाट आजको युगलाई नेतृत्व दिनु आवश्यक छ । अतः विभिन्न सांस्कृतिक समूह, साहित्यिक परिवार, सिर्जनशील टिम र सङ्गठनहरूमा रहेर काम गरिरहेका तथा स्वतन्त्र ढङ्गले सिर्जनात्मक कर्ममा साधनारत मार्क्सवादी लेखक, सर्जक/संस्कृतिकर्मी र बौद्धिकहरूलाई मार्क्सवादी सांस्कृतिक मोर्चा, नेपाल (Marxist Cultural Front, Nepal) मा आबद्ध हुन हामी हार्दिक अपिल गर्दछौं ।

| | |
|---|---|
| **इस्माली** | **सङ्गीत** |
| संयोजक | सचिव |

*मिति : २०७७ पुस १८, शनिबार (२ जनवरी २०२१)*

## युद्धबारे...

अन्तर्राष्ट्रियका पार्टीहरूभित्र एकदमै घनीभूतरूपले फैलिसकेको थियो । साम्राज्यवादी देशहरूमा रहेका पार्टीहरूका घेरै नेतृत्वदायी पक्षहरूले वास्तवमा घेरै निर्णायक राजनीतिक प्रश्नहरूमाथि पु'जीपतिको दृष्टिकोण अपनाएका थिए । १९०७को दोस्रो अन्तराष्ट्रियको कंग्रेसमा यो स्पष्टसित देखियो जहा' उपनिवेशवाद र युद्धको प्रश्नलाई पहिलो पटक बहसमा लिइएको थियो ।

उपनिवेशवादको प्रश्नमा, कंग्रेसको नेतृत्वदायी संस्था-कंग्रेस कमिसनले उपनिवेश सम्वन्धी नीतिमा एउटा प्रस्ताव पास गऱ्यो र यसलाई साधारण सभामा स्विकृतका लागि राख्यो । यो प्रस्तावले नामका लागि मात्रै पु'जीपतिको उपनिवेश नीतिलाई आलोचना गर्दैगर्दा उपनिवेश हडप्ने सिद्धान्तलाई पूर्ण रूपले इन्कार गरेन् । वास्तवमा त्यसवारे यसले तर्कगऱ्यो कि एउटा समाजवादी शासन अन्तरगत उपनिवेशहरू हडप्नलाई 'सभ्यताको चाहनाहरू'मा गर्न सकिन्थ्यो । यी तथाकथित मार्क्सवादीहरूको एउटा खुल्ला साम्राज्यवादी स्थिति जनरल बोडि र प्रस्तावमा क्रान्तिकारीहरूद्वारा बलियोगरी विरोध गरियो, अन्त्यमा पराजित गरियो, तर केबल सानो अन्तरले मात्रै १२७मा १०८ भोटले ।

नेतृत्वको यहि खालको अवसरवाद युद्धको प्रश्नमा लिएको अडानको सवालमा देखिएको थियो । बेबेल, एक जना जानेमाने नेता र मार्क्स र ऐंगेल्सका एकजना नजिकका अनुयायी र एशोसियटले प्रस्ताव तयार पारेका थिए । प्रस्ताव यद्धपि युद्धको घटनामा सदस्यहरूद्वारा लिइने कामको कोर्ष अथवा कुनै निर्दिष्ट दिशाविना छाडिएको थियो । यो फेरी क्रान्तिकारीहरूद्वारा- खासगरी जर्मनीकी रोजा लक्जमवर्ग र लेनिनद्वारा कडाइकासाथ विरोध गरिएको थियो । तिनीहरूले फेरि संशोधनको प्रस्ताव पेश गरे जसले युद्धबाट रक्षागर्नका लागि लडन, यदि सुरू भइहाल्यो भने युद्धको अन्त्यका लागि लडन्, र युद्ध भइहालेमा जनतालाई उठाउन र क्रान्ति ल्याउनका लागि आर्थिक र राजनीतक संकटको पुरा प्रयोग गर्न अन्तराष्ट्रियको सदस्यहरूलाई एउटा स्पष्ट दिशा दियो । यो मार्क्सले पहिले नै स्पष्ट रूपमा स्थापित गरिसकेको 'युद्धमा क्रान्तिकारी सर्वहारा स्थिति'को एउटा निरन्तरता थियो । अवसरवादीहरूले खुल्ला रूपले यो बुझाइको विरोध गर्न नसकेकोले, यो प्रस्ताव कंग्रेसद्वारा पास गरियो । जब युद्धको खतरा नजिकीदै आयो अन्तराष्ट्रियका १९१० र १९१२का कंग्रेसहरूले फेरी छलफल गरे र युद्ध सम्वन्धी प्रस्तावहरू लागु गरे । तिनीहरूले निर्णय गरेकि संसदमा सबै समाजवादीहरूले युद्ध प्रशंसाका विरूद्ध भोट हाल्नु पर्दछ । तिनीहरूले लक्जमवर्ग र लेनिनद्वारा १९०७मा पेश गरिएको संशोधन प्रस्तावका शब्दहरू उनीहरूका प्रस्तावहरूमा पनि दोहोरिएको थियो । यद्धपि दोस्रो अन्तराष्ट्रियमाथिको अवसरवादको कब्जा यति ठूलो थियो कि बहुसंख्यक नेताहरू जसले यी प्रस्तावहरू पारित गरेका थिए, यी निर्णयहरूद्वारा वाधिने मनसाय पुरै थिएन् । यो देखियो जब पहिलो विश्व युद्ध जुलाई-अगस्त १९१४मा विष्फोट भयो । जर्मन सामाजिक-प्रजातान्त्रिक पार्टी, जुन दोस्रो अन्तराष्ट्रियको बलियो नेता थियो, त्यसको नेतृत्व लियो । ट्रेड युनियन नोकरशाहहरूले युद्धका विरूद्ध र क्रान्तिका लागि मजदुरहरू उठाउन कोशिस गर्नुको वदलामा तुरून्तै मालिकहरूसित हडताल नगर्ने सम्झौता गर्न भित्र पसे । पार्टी ककस(फ्रयाक्सन) वैठकमा जुन युद्ध प्रशंसाहरूमाथी संसदीय मत पहिले अयोजना गरिएको थियो, युद्धको समर्थनमा एउटा विशाल बहुमत भोट हाले । कार्ल लिब्कनेष्च र रोजा लक्जमवर्गद्वारा नेतृत्व गरिएको क्रान्तिकरीहरूको एउटा मुठ्ठिभरले मात्रै त्यसको विरोध गरे । काउट्सकि, जो त्यो समयमा दोस्रो अन्तराष्ट्रियका प्रमुख वैचारिक नेता थिए, अनुपस्थित भएर भोट हाले । यसरी अगष्ट ४, १९१४मा जर्मन सामाजिक-प्रजातान्त्रिक पाटीले सबै पहिलेका कंग्रेसका प्रस्तावहरूलाई एकातिर फयाक्यो र साम्राज्यवादी युद्धको समर्थन गर्न संसदमा एकमतले भोट हाल्यो । क्रान्तिकारी सर्वहाराका लागि, दोस्रो अन्तराष्ट्रिय त्यो दिनबाट अस्तित्व विहिन भएर मऱ्यो । जर्मन पार्टीलाई तुरून्तै फ्रान्स, ब्रिटेन, बेल्जीयम र अन्य देशहरूमा रहेका समाजवादीहरूको बहुमतद्वारा अनुसरण गरियो । दोस्रो अन्तराष्ट्रिय एक अर्को विरूद्ध लडाइ गर्दै वेग्ला वेग्लै सामाजिक अन्ध देशभक्तिमा विभाजित भयो ।

बोल्सेविकहरूको मात्रै एउटा पार्टी थियो जसले युद्ध विरूद्धका प्रस्तावहरूमा आफ्नो अडानलाई कायम राख्यो । दोस्रो अन्तराष्ट्रियका नेताहरूको सन्दर्भमा पूर्णरूपले अवसरवादमा पतन भइरहेका थिए, विश्व युद्धको सन्दर्भमा सही मार्क्सवादी स्थिति उच्चा राख्न र कार्यान्वयन गर्न लेनिन र बोल्सेविक मात्रै थिए । लेनिनले तुरून्तै यो सही बुझाइलाई प्रस्तुत गर्दै लेखहरू प्रकाशित गरे । रसियाली सामाजिक जनवादी मजदुर पार्टी (बो.) (आरएसडिएलपी बो.)को केन्द्रीय समितिले 'साम्राज्यवादी युद्धलाई गृह युद्धमा बदल' र 'दोस्रो अन्तराष्ट्रियको ठाउ'मा तेस्रो अन्तराष्ट्रियको निर्माण ' गर्न आव्हान गऱ्यो । लेनिनले सबै वामपन्थी युद्ध विरोधी शक्तिहरूलाई एकत्रित गरेर तेस्रो अन्तराष्ट्रिय निर्माणको प्रक्रिया सुरू गरे । यद्धपि यी शक्तिहरूले १९१५पछाडिबाट सम्मेलनहरू आयोजना गर्न सुरू गरे तर ज्यादा भ्रमहरूलाई चीन सकेनन र त्यसले निरन्तरता लियो । लेनिनले ती भ्रमहरू र यी तत्वहरूका विचमा युद्धको सन्दर्भमा समाजवादका सिद्धान्तहरूमा सही क्रान्तिकारीहरूको स्थिति र रसियामा र अन्तराष्ट्रिय स्तरमा क्रान्तिकारी सामाजिक प्रजातन्त्रवादीहरूको कार्य पनि स्पष्ट पार्ने जिम्मेवारी लिए । लेनिनले यो काम दुवै रसियाभित्र साथै अन्तराष्ट्रिय स्तरमा उनका विभिन्न लेखहरूमार्फत गरे । लेनिनले उल्लेख गरेका सिद्धान्तहरू र कार्यहरूलाई निम्न तरिकामा प्रस्तुत गर्न सकिन्छः

पहिलो, समाजवादीहरू शान्तिवादी होइनन् जो सबै युद्धको विरूद्ध छन् । समाजवादीहरूले समाजवाद र साम्यवाद स्थापना गर्ने लक्ष्य राख्दछन्, जो सबै प्रकारका शोषणको अन्त्य गरेर नजिकमा आएको सम्भावित युद्धको अन्त्य गर्दछन् । यद्धपि समाजवादी प्रणाली प्राप्त गर्नका लागिको लडाइमा त्यहा' सधैभरी युद्धहरूको सम्भावना रहिरहन्छ, जो आवश्यक छन् र क्रान्तिकारी महत्वका छन् ।

दोस्रो, जब एउटा निश्चित युद्धप्रति कस्तो प्रवृति अपनाउने भन्ने निर्णय गर्दा, समाजवादीहरूका लागि प्रमुख सवालः युद्ध के का लागि लडिएको हो, र कुन वर्गले यसलाई नाट्यशाला बनाएर निर्देशित गरेको थियो । यसरी लेनिनले सुस्पष्ट पारे कि पु'जीवादी प्रजातान्त्रीक क्रान्तिको अवधिभर, मार्क्सले पु'जीवादीद्वारा चलाईएको युद्धको समर्थन गरेका थिए, जो सामन्तवादको विरूद्ध थिए र पु'जीवादलाई स्थापना गर्न र सुदृढगर्नका लागि थिए, तिनीहरू प्रगतिशील थिए र न्यायपूर्ण युद्धहरू थिए । सोही खालका मापदण्ड ग्रहणगर्दा लेनिनले सुस्पष्ट पारे कि साम्राज्यवादी युगमा र सर्वहारा क्रान्तिमा समाजवादीहरूले सबै यस्ता युद्धहरूको समर्थन गर्ने छन् ताकि यसले विश्व समाजवादी क्रान्तिलाई अगाडि लिएर जाने छ । यस्तो एउटा बुझाइ अनुसार लेनिनले युद्धहरूका प्रकारहरूका उदाहरणहरू दिए जसलाई प्रगतिशील अथवा न्यायपूर्ण युद्धहरू भन्न सकिन्छः १) उपनिवेश अथवा अर्ध औपनिवेशिक देशद्वारा उसका साम्राज्यवादी शोषकहरूका विरूद्ध गरिएका राष्ट्रिय युद्धहरू, २) सर्वहारा र अन्य उत्पीडित वर्गहरूद्वारा उनीहरूका सामन्त र पु'जीवादी शासक वर्गहरूका विरूद्ध गरिएका गृह युद्धहरू, ३) समाजवादी मातृभूमिको रक्षाका लागि गरिएका समाजवादी युद्धहरू ।

तेस्रो, लेनिनले देखाए कि माथि उल्लेखित बुझाइका आधारमा पहिलो विश्व युद्धबारे त्यहा' केही पनि चीज छैन् जसले त्यसलाई न्यायपूर्ण र प्रगतिशील भन्न सकियोस । उनले साम्राज्यवादी युद्धलाई त्यस्तो युद्धसित तुलना गरे जो १०० जना दासहरू राख्ने दासमालिक र २०० जना दासहरू राख्ने दासमालिकबीचमा एउटा ज्यादा केवल दासहरूको पुनः वितरणका लागि थियो । प्रथम विश्व युद्धको अति आवश्यक अभिप्राय औपनिवेशिक दासहरूको पुनवितरणका लागि थियो । यसरी त्यहा' कुनै पनि प्रगतिशील अथवा रक्षात्मक अथवा न्यायपूर्ण युद्ध भन्ने नै हुन सक्दैनन्थ्यो । यो एउटा अन्यापूर्ण, प्रतिक्रियावादी युद्ध थियो । यो प्रतिको एक मात्रै अडान यसलाई साम्राज्यवादी युद्धलाई गृह युद्धमा बदल्नका लागि गरिने आव्हन हुन सकदथ्यो । यसरी यस्ता युद्धको एउटा उपयोग क्रान्तिलाई निर्माण गर्नका लागि फाइदा लिनु थियो । यसो गर्नका लागि, लेनिनले देखाएकी यो फाइदाजनक थियो कि आफ्नै देशले युद्धमा हराइनथ्यो । हारले शासकवर्गलाई कमजोर गराउने सक्दथ्यो र क्रान्तिको विजयलाई सहजगर्न सक्दथ्यो । यसरी कुनै पनि समाजवादी क्रान्तिकारीले युद्धमा उसको आफ्नै सरकारको हारका लागि काम गर्नै पर्दछ ।

अन्त्यमा, लेनिनले बताए कि समाजवादीहरूको कर्तब्य यो हुन्थ्यो कि उनीहरूले शान्तिका लागि आन्दोलनमा सहभागी हुनका लागि आफ्नो कर्तब्य ठानुन् । अन्यथा, जब शान्तिका लागि आन्दोलनमा सहभागी हु'दै गर्दा, उनीहरूको कर्तब्य यो देखाउनु हो कि क्रान्तिकारी आन्दोलनविना कुनै पनि वास्तविक र दृघकालिन शान्ति सम्भव छैन् । वास्तवमा, जसले न्यायपूर्ण र प्रजातान्त्रिक शान्तिको चाहना गर्दछ उसले पु'जीपति र सरकारका विरूद्ध गृह युद्धका लागि खडा हुनै पर्दछ ।

यद्धपि यी सिद्धान्तहरू र कार्यनीतिहरू दोस्रो अन्तराष्ट्रियका सबै पार्टीहरूकाबीचमा प्रचार गरिएका थिए, केबल बोल्सेविक एउटाले मात्रै व्यवहारमा तिनको कार्यान्वयन गर्ने देखियो । युद्ध सम्वन्धी यही पद्धतिले उनीहरूलाई युद्धद्वारा उत्पन्न संकटपूर्ण अवस्थाको उपयोग गर्नलाई मद्त गऱ्यो र तीन वर्षभित्रैमा १९१७को महान् अक्टोवर समाजवादी क्रान्तिको विजय प्राप्त भयो ।

*singhhukum683@gmail.com*

## संघीय...

ओझेलमा पार्न जानिबुझीकन संसद विघटन गरेरै चुनावको राग अलापेर विषायान्तर गरेको छ । आफ्नो पद र कुर्चीकोलागी हामी यहाँछौं भन्ने ल्पेकार्ड लिएर सडकमा धर्नाहाल्ने नाराजुलुस गर्ने गरिरहेकाछन् । यिनले बनाएको संविधानमा कहाँ छ राष्ट्रिय ढुकुटी भ्रस्टाचार गर्ने पुर्व प्रधानमन्त्री डा.बाबुराम भट्टराइले वुडीगण्डकी परियोजनाबाट शेर बहादुर, प्रचण्ड र केपिओलिले तिन अरवको दरले भ्रस्टचार गरेकाछन् भनेर खुलासागर्दा उनीहरू तै चुप मै चुप छन् । प्रिण्टीङ्ग प्रेश वाइडवडि तेत्तिसकीलो सुन, आयलनिगम, टुडीखेल, ललितानिवास गोकर्ण जग्गा काण्ड, पुर्व पाँचथरको सार्वजनिक जग्गा, कोरनाको औषधि खरिद, ओम्नीकाण्ड, यि सब भ्रस्टाचार काण्डवाट मुक्ति पाउनको लागि आयलनिगम र वाइडवडी भ्रस्टाभारमा मुछिएका प्रेम कुमार राइलाई अख्तियार प्रमुख वनाइएको छ । संविधानको कुनधारामा मतपत्र च्यातेर आफ्ना छोराछोरीलाई जिताउने भन्ने छ । हारेको मान्छे वाक्सा साटेर जितेको घोषणा गर्ने उनकै चुनावमा हारेका मान्छेलाई ५ वर्ष वित्न नपाउदै चोर दुलोवाट उपल्लो सलनमा लगेर मन्त्रिवनाउने हुदाँ हुदाँ चुनावको नाटक गरेर जित्नपनि परेन आफ्नो इच्छ्याएको मान्छेलाई ओलिले खुरुखुरु मन्त्रि वनाउन थाले । यसरी हेर्दा यिनीहरूले संविधान माने त ? नियम कानुनको पालना गरे त ? सवै धोती लगाए । यी याँवत समस्याको समाधान के हो त भन्दा कसैले ओलिको सट्टा प्रचण्ड, माधव नेपाल, झलनाथ, शेर वहादुर, डा.बाबुराम भट्टराई भनेका छन् भने कसैले राजासहितको व्यवस्था त कसैले यहि व्यवस्था भित्रवाट समाधान खोज्नुपर्दछ भनेकाछन् । जनकलाकार खुसीराम पाख्रीनले एउटा गीत गाउनु भएको थियो फाटेको जालले छेकेको छेकेपनि छलङ्गै देखेको त्यस्तै छ यो व्यवस्था । यसकारण यसको विकल्प पछाडि फर्केर या यथास्थितिमा रहेर निकास निस्कन सक्दैन सक्दैन यदी यसो गरियो भने सङ्कटमाथि झन सङ्कट चुलिदै जान्छ । यस कारण जनताको सर्घष त्यागवलिदानवाट अगाडि वडेर संघीय जनगणतन्त्रात्मक व्यवस्था र जसअर्न्तगतको जनगणतन्त्रवादीहरूको सरकार निमार्णवाट देशले निकास पाउने कुरा पक्का पक्की छ । जनताले मुक्तीको सासफेर्न पाउनेछन् । यो विषय नेकपा (क्रान्तिकारी माओवादी)ले हिजोदेखि उठाउदै आएको हो । आज झनझन टडकारो वस्तुवादी भएर आएको छ । अन्तमा सवै क्रान्तिकारी परिर्वतनकारी जनगणतन्त्रवादी शक्तीहरूको उच्च साहारा वैचारीक क्षमताको साझा प्रयासवाट संघीय जनगणतन्त्र प्राप्तीको अगाडी वडौं वाटो कठीन भएपनि यो जिम्मेवारी पुरानगरी अर्को विकल्प हाम्रो सामुछैन यसरी मात्र सच्चा नेपाल र नेपालीको भविष्य सुनिश्चित हुनेछ । २०७७/९/२१

*चितवन १४ भरतपुर*

## क्रान्तिकिरी...

कृष्णप्रसाद अधिकारीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको छ ।

वक्तव्यमा भनिएको छ, 'गुल्मी जिल्लाको रुरु गाउँपालिका-४ बले टक्सार, भगवती टोल निबासी हाम्रो गौरवशाली संगठन क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सदस्य केशव अधिकारी 'अविरल'को बुबा कृष्णप्रसाद अधिकारीको ७४ बर्षको उमेरमा निधन भएको खबरले हाम्रो संगठनलाई स्तब्ध तुल्याएको छ । उहाँका एक श्रीमती, दुई छोरा र तीन छोरी हुनुहुन्छ ।

यो शोकको पीडादायी घडीमा हाम्रो संगठन केन्द्रीय सदस्य अविरल लगायत शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै दिवंगत बुबा कृष्णप्रसाद अधिकारीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ ।'

यसैबीच, पौष १५ मा निधन हुनु भएका कृष्णप्रसाद अधिकारीको शोकमा वक्तव्य निकाल्दै नेकपा (क्रान्तिकारी माओवादी) गुल्मीका इन्चार्ज टिका रानाले श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ । केशव अधिकारी नेकपा (क्रान्तिकारी माओवादी) गुल्मीको पार्टी सचिव समेत हुनुहुन्छ ।

## भारतले...

र हिन्दुवादीहरूको आन्दोलनलाई साथ दिएको उल्लेख गरेका छन् । साथै उनले नेपालको सन्दर्भमा भारतले तत्कालका लागि रणनीतिक उपलब्धि हासिल गरेको समेत दावी गरेका छन् । यस पटक सत्ता सञ्चालनमा अस्थिरता उत्पन्न हुँदा प्रधानमन्त्रीले पहिले झैँ भारतलाई दोषारोपण नगरेकोमा पनि आफूहरूको उपलब्धिको रूपमा एस डी मुनीले व्याख्या गरेका छन् ।

यस्तै भारतले यस क्रममा होसियारीपूर्वक र चलाखीपूर्वक रूपमा नेपालमा रणनीतिक उपलब्धि हासिल गरेको उनले दावी गरेका छन् । मुनीले आफ्नो लेखमा ओलीविरोधी शक्तिहरूले उनलाई हटाउन खोज्दा हतास भएका ओलीको सत्ता टिकाउन भारतले सहयोग गरेको पनि जिकिर गरेका छन् ।

भारतीय स्वतन्त्रता दिवसमा ओलीले प्रधानमन्त्री नरेन्द्र मोदीलाई टेलिफोन गर्दा सकारात्मक रूपमा रेस्पोन्स गरेको र सेना प्रमुख, रअ प्रमुख, विदेश सचिवहरूको क्रमश नेपाल भ्रमणको प्रसंग जोड्दै ती सबै भ्रमणहरू ओलीको आन्तरिक कलहका बीच नै सम्भव भएको पनि उनले उल्लेख गरे ।

'यी गतिविधिहरूबाट भारतले आफ्नो तात्कालिक र रणनीतिक लक्ष्य हासिल गरेको छ,' मुनीले लेखेका छन् । यस्तै उनले ओलीको अवसरवादी र राजनीतिक रूपमा भारतविरोधी राष्ट्रवाद पनि उजागर भएको दावी गरेका छन् । साथै कम्युनिष्ट पार्टीको एकता र प्रभुत्व भत्किँदा यसको संरक्षकको रूपमा चीन लज्जित भएको पनि उनले आरोप लगाएका छन् ।

## एसएसबीले...

८ गते उक्त पुल निर्माणका लागि काठमाडौंको इलाईट कम्पनीसँग सम्झौता भएको थियो । १८ करोड ३३ लाख रूपैयाँको लागतमा निर्माण हुने सो पुल निर्माण गर्न ३० महिनाको समयावधि तोकिएको थियो । पुलको डिजाइन गर्न गएकै बेला आफूहरूलाई एसएसबीले रोकेको इन्जिनियर कर्णले बताए ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले पनि पुल निर्माणमा एसएसबीले अवरोध गरेको पुष्टि गरे । प्रजिअ आचार्यले आफूले स्थलगत अवलोकन समेत गरेको बताए ।

सीमावर्ती बिहार जिल्लाका डिस्ट्रिक्ट मजिस्ट्रेटलाई आफूले लिखित रूपमै पत्राचार गरि अवरोध बारे बताएपनि उनले पनि माथिल्लो निकायको आदेश आए मात्र आफूले केही भन्ने बताएको प्रजिअ आचार्यले सुनाए ।

## युवा...

यहाँ म कुन कुरामा तपाईको ध्यान आकृष्ट गर्न चाहान्छु भने मिथ्या भाषण, पाखन्ड र सङ्कीर्ण मानसिकता आदि यस्ता दोष हुन्, जुन प्राकृतिक कारणहरूबाट उत्पन्न हुन्छन् र यी कारणहरूलाई हटाउन सकिन्छ ।

युवा लेखकहरूले साहित्यिक कार्यको कठिनतालाई बुझ्नु आवश्यक छ । यसका साथै उनीहरूले सधैभरू केमा पनि ध्यान दिनुपर्दछ भने हाम्रो युगले हामीसित कस्तो साहित्यको माग गरेको छ र लेखकका रूपमा आफ्ना पाठकहरूप्रति हाम्रो के उत्तरदायित्व हुन्छ । यसभन्दा पहिले यस्तो कुनै पाठक समुदाय थिएन, जो हाम्रो स्नेह र आदरको त्यत्तिकै पात्र होस्, जति आजको सोभियत पाठक समुदाय छ ।

सत्यको अनुशीलन ज्ञानको उपलब्धीको साधन हो । यो एउटा खुड्किलो हो, जसले मानिसहरूलाई माथि चढाउँछ र अघि बढाउँछ । मानिसको श्रमले नै मानिसको सांस्कृतिक विकासको सम्पूर्ण इतिहासले गर्दछ ।

म प्रायः के भन्ने गर्दछु भने जुन देशको जति अग्लो लक्ष्य हुन्छ (त्यसको सिद्धिका निम्ति मानिसहरू प्रयत्न गर्दछन्) उसको प्रतिभा र कौशलको विकास त्यति नै द्रूत र सामाजिक दृष्टिले फलप्रदः हुन्छ । म फेरि पनि जोड दिएर भन्न चाहान्छु, यो सही कुरो हो । म यो कुरो मेरो जीवनको सम्पूर्ण अनुभवहरूको आधारमा अर्थात् मैले जे-जति देखेको, पढेको र सोचेको छु, त्यसका आधारमा भन्दैछ, । सोभियत जीवनका वास्तविकताहरूले यस सत्यलाई अरू ठोस र प्रमाणिकरूपले पुष्टि गर्दछन् ।

लेनिनको कालमा सोभियत समजवादी सङ्घमा लेनिनको क्रान्तिकारी व्यक्तित्व उच्चतम लक्ष्यहरूको सिद्धिका लागि श्रमिकहरूलाई सञ्चालित गर्दै थियो र अहिले सोभियत युनियतका करोडौं श्रमिकहरू त्यस जाज्वल्यमान लक्ष्यलाई कार्यरूपमा परिणत गर्न महान् प्रयत्न गर्दैछन् र उनीहरूको यस प्रयत्नहरूबाट संसारभरिका मजदुरहरूको क्रान्तिकारी भावना बढी-भन्दा-बढी जागृत भएको देखिन्छ । उनीहरूका यी प्रयत्नहरूलाई संसारभरिका सबै असल मानिसहरूले आदरपूर्वक प्रशंसा गर्दछन् र सबै बदमासहरू त्यससित त्यत्तिकै विद्वेष पनि राख्दछन् ।

'सांसारिक मानिसहरू' अर्थात् ती मानिसहरू, जसलाई कुनै आदर्शको गरिमाले स्पर्श गर्दैन, र सबथोक जान्दछन्, जो परिस्थिति, संस्कार र जड मतवादहरू र नियम-कानुनका दबावमा परेर त्यसअनुसार आचरण गर्नमै आफ्नो कल्याण ठान्दछन्, ती मानिसहरू हाम्रो यस लक्ष्यका बारेमा के भन्दछन् भने यो एकदमै हवाई कुरो हो र यसलाई पूरा गर्नु नितान्त असम्भव छ । तर यिनै मानिसहरू हाम्रो सङ्घर्षमा सहयोग नगरेर एकदमै चलाखीका साथ जीतका फलहरूमा भाग लिन आइपुग्छन् । यस्ता मानिसहरूका लागि दाँतेको नरकको घेरामा विशेष स्थान निश्चित गरिएको छ ।

सोभियत सङ्घमा यस 'हवाई' लक्ष्यको दिशामा जे-जति प्रयत्न भएका छन्, तिनले वीरताका ऐतिहासिक कार्यहरूलाई, अद्‌भुत श्रम र खतरापूर्ण साहसिक कार्यहरूलाई जन्म दिएका छन् । यो तिनको गणना गर्ने ठाउँ होइन, तर हाम्रा लेखकहरूले यी कुराहरूलाई कार्यरूपमा परिणत हुँनु, इतिहासको घटना बन्नुभन्दा पहिले नै जान्नु आवश्यक छ । दाल, भात, रोटी उपयोगी हुन्छ । तर कसरी मानिसहरू गहुँ एकपटकको बिउले वर्षौं-वर्ष जङ्गली घाससरह आफै उम्रने विरूवाको रूपमा परिवर्तन गर्न प्रयास गर्दैछन्, जसले गर्दा वर्षैपिच्छे खेत जोत्ने कार्यमा अकारण बन्दी बनेको शक्तिलाई मुक्त गर्न सकिन्छ भन्ने जान्नु पनि धेरै उपयोगी हुन्छ ।

यसरी समाजवादी वर्गहीन समाजको स्थापनाको उच्च लक्ष्यको दिशामा हुँने समाजपयोगी श्रमबाट सत्यको सृष्टि हुन्छ, यस्तो समाजवादी वर्गहीन समाजमा अनावश्यकरूपले खर्च हुँने धेरै नै शारीरिक शक्तिलाई बौद्धिक शक्तिका रूपमा परिवर्तन गर्न सकिनेछ र यसमा सबैको प्रतिभा र योग्यताको विकासका लागि असीम क्षेत्र हुँनेछ ।

साहित्यको दायित्व जीवन एवं श्रमको दर्पण बन्नु, तिनको चित्रण गर्न र सत्यलाई बिम्बहरू र चरित्रहरूको रूपमा प्रस्तुत गर्नु हो, त्यस्ता चरित्रहरूको चित्रण गर्नु, जसले सार्वजनिक चरित्रका रूपमा मानिसको समष्टिलाई द्योतन गर्न सकुन् । एउटा भनाई छ, जति तिमी माथि चढ्न सक्छौ, त्यति नै टाढासम्म देख्न पाउँछौ । साथीहरू घ् आफ्नो यो महान् लक्ष्यको उचाईबाट तपाईहरूले तपाईको विषयवस्ते र रचना-विधिले कतिसम्म क्रान्तिद्वारा प्रोत्साहित रचनाशक्तिलाई आकार दिन सक्दछ र स्वयं तपाईहरूले कतिसम्म क्रान्तिको प्रभावलाई अनुभव गर्नु हुन्छ ? त्यो हेर्न सक्नु हुँनेछ ।

म यथार्थवादी साहित्यकार होइन । साहित्य जीवनको वास्तविकता भन्दा माथि उठोस् र माथिबाट वास्तविकतामाथि दृष्टिपात गरोस्, किनभने साहित्यको उद्देश्य जीवनको छायाँचित्र निकाल्नुभन्दा महत् छ भन्ने म मान्दछु । जे कुराहरू हाम्रा अघि छन्, तिनैको मात्र चित्रण गर्नु पर्याप्त छैन- हामीले जे कुराको आकाङ्क्षा गरेका छौँ र जसलाई उपलब्ध गर्न सकिन्छ, ती कुराहरूप्रति पनि ध्यान दिनु आवश्यक हुन्छ । अझ अगागि बढेर भन्दा हामीले जीवनका मूल शक्तिहरूलाई रूपायित गर्नुपर्दछ । हामीले साना तर आफ्नो मौलिक विशेषतायुक्त कुराहरूलाई हामीले लिनुपर्दछ र तिनलाई यस्तो महान् कुरो बनाइदिनुपर्दछ, जसबाट एउटा समष्टिको बोध होस् र जसले आफूभित्र त्यस किसिमका सबै कुराहरूका समग्र विशेषतालाई समावेश गर्न सकोस् । यही नै साहित्यको कर्तव्य हो । यदि तपाईहरूले उदाहरणका लागि उन्नाइसौँ शताब्दीका महान् रचनाहरूलाई हेर्नुभयो भने तपाईले साहित्यले दिा यस्तै गर्ने प्रयत्न गरेको पाउँनु हुँनेछ । उदाहरणका लागि बाल्जाक (उनको नाम धेरै लिइन्छ, तर उनलाई धेरै कम मानिसले मात्र जानेका छन्) जस्ता महान् लेखकहरूलाई यस कार्यमा सफलता पनि प्राप्त भएको छ ।

हाम्रो साहित्यले सबै कुराको आफूमा सामेल गर्नुपर्ने हुन्छ । मास्को रिजनका बोगोरोद्स्कका कुनै भुगोलशास्त्रीका बारेमा मथा लेख्न बस्दा हामीले त्यसको चित्रण अन्य भुगोलशास्त्रीहरूसित मिल्दोजुल्दो हुँने गरी गर्नुपर्दछ । त्यो भुगोलशास्त्री चाहे जहाँसुकैको होस्, अस्त्राखान, मुर्मान्स वा अन्यत्र कतैको केही फरक पर्दैन । हामी सोभियत सङ्घका लेखकहरूलाई के भन्ने अधिकार छ भने संसारमा एउटा त्यस्तो मानिसको जन्म भएको छ, जसको दिमाग सिक्रीहरूले बाँधिएको छैन र जो आफू स्वयंलाई र आफ्नो प्रतिभालाई, आफ्ना विशेषताहरूलाई सबैका अघि राख्न चाहान्छ । जुन बौद्धिक शक्ति अहिलेसम्म दबिएर रहेको थियो र काममा उपयोग भैरहेको थिएन, त्यो अब अद्‌भुतरूपले क्रियाशील छ । हाम्रा अधिकांश किसान पहिले मात्र ६ इञ्चसम्म गहिरो खन्दथे भने अब हामी यति गहिरोगरी हलो जोत्दैछौँ कि त्यसको भन्डारका नयाँ-नयाँ सम्पदाहरू हाम्रासामु आउँदैछन् । हामी सक्रियरूपले सङ्गटित मानव बुद्धिलाई प्रकृतिको यान्त्रिक नियमवद्धताका विरूद्ध सङ्घर्षमा आवद्ध भएको देखिरहेका छौँ, यो सङ्घर्ष उत्तरोत्तर तीक्ष्ण भैरहेको छ र यसमा मनुष्यको विजय भैरहेको छ ।

## आलोपालो

# संघीय जनगणतन्त्र निर्माणको दिशामा मोर्चा कसौं



● घननाथ सापकोटा ●

संसदीय व्यवस्थाका शासकहरूले यिनीहरूलेनै बनाएको संविधान मान्नु पनि पर्दैन यिनीहरूलाई कूनै प्रकारको कानुन पनि लाग्दैन। यिनीहरू आफुलाई संविधान र कानुन भन्दा माथि ठान्छन् फगत संविधान र नियम कानुन जनतालाई तर्साउन गलाउने डण्डा हो। यो विषय वर्तमान्सम्म आइपुग्दा प्रस्टहुन आएको छ। जसका कारण यो व्यवस्था संसार भरनै सङ्कटग्रस्त अवस्थामा गुज्रीरहेको छ। नेपालमा भने प्राय असफल नै सावितभयो। बाहिर रूपमा वोल्ने स्वतन्त्रता विरोधगर्ने पार्टी संगठन खोल्न पाउने सभासम्मेलन गर्न पाउने स्वतन्त्रता भनिए पनि आखिरी शासकहरूको आफ्नो स्वार्थमा थोरै पनि ठेसलाग्न गयोभने विक्रिगर्ने मतपत्र च्यात्ने मतपेटिका साट्ने फर्जीमत खसाल्ने धाँधलि गर्ने भ्रस्टाचार गर्ने देशका प्राक्तिक संपदा वनजङ्गल नदि खाला राष्ट्रिय ढुकुटी राँइदाँइ गर्ने भ्रस्ट्राचार गर्ने देशका प्राक्तिक संपदा वनजङ्गल नदिखोला रास्ट्रिय उद्योगधन्दा साथै सत्ताको लागि रास्ट्रघाति सन्धिसम्झौतागर्ने। अपवाद बाहेक जङ्ग वहादुरको पालादेखी हालका केपीशर्मा ओलीको कार्यकालसम्म यो प्रक्रिया निरन्तर चलिरहेको छ। देशलाई विदेशीको गुलाम वनाइरहेछन्। नेपाल आमालाई लुछिरहेका छन्। पुर्खाले पानिको भरमालडेर वचाएको यो हाम्रो देश अश अशं गरेर यताका शासकले वुझाउदै छन्। उता भारतले खुनी नक्सा फैलाउँदै छ। वर्तमानमा डवल नेकपाको वहुमतको सरकार थियो। यदी यो संसदिय व्यवस्था ठिक थियो, जनताको हितमा हुँदाहो भने यो पार्टीको सरकारलाई देश र जनाताको उन्नतिमा कामगर्न के विषयले छेकेको थियो र ? संसदिय ब्यवस्था मुट्ठीभर हुनेखाने दलालहरूको हितमा र ९०५ जनतामाथि शासनगर्ने ब्यवस्था हो जसको कारण वर्तमान ओलि सरकारमा ठुलो सङ्कट आइपर्यो। उनैले बनाएको, उनैले मान्छौं भनेको संविधान च्यातचुत पारेर संसद बिघटन गर्नुपर्यो। त्यो पार्टी नै दुइ भागमा विभाजन भएको छ। यो विभाजन कुनै विचार सिध्दान्त देश र जनताको हितमा नभएर फगत पद र कुर्सीका लागि हो। उसले बडि खायो उसका मान्छेले बडी खायो मैले पाइन मेरा मान्छेले पाएनन् उसको पल्लाभारी भयो। मेरो भएन भन्नेमात्र छ। एक अर्का पुरै रसातलमा गिरेर एकले अर्कालाई गालिगलौज अपशब्द प्रयोग गरिरहेका छन्। हिजो यिनीहरूनैहुन् चाटाचाट गर्ने आज यिनै हुन् काटाकाट गरिरहेका छन्। तत्कालको तत्काल के बदलाव आयो। यो सबै सत्ताको फोहोरी खेलहो। एकथरी शक्ति सत्ताको आडमा आफ्नो हैकम जमाउन खोजेको छ। अर्कोथरी सडकको वलमा ध्वास देखाउन खोजिरहेको छ। हिजो यीनिहरूनै भन्दथे संसारकै उत्क्ष्ट संविधान राजनैतिक क्रान्तिपुराभयो अझथप जनवाद नै आयो भन्दथे। संसारकै उत्क्ष्ट संविधान राजनैतिक क्रान्तिपुरा भएको र जनवाद आइसकेको संविधानलाई एक ब्यक्ति ओलिले धोति लगाइदिए। यस्वाट प्रस्टभयो यो संविधान कतिन जनताको पक्षमा रहेछ भन्नेकुरा। हाम्रो गौरवशालि पार्टी नेकपा (क्रान्तिकारी माओवादी) ले यो संविधान निमार्ण गर्ने संविधान सभाको चुनावको छेकछन्द देखेर यसले जनताको संविधान बनाउदैन। जनसंघर्षवाट जनगणतन्त्र प्राप्तगर्ने दिशातिर अगाडि बढ्नु पर्दछ भनेर उक्त चुनावलाई बहिष्कार गरेको थियो। वर्तमान् संविधानलाई कालो संविधान भनेर जलाएको थियो। हिजो हामिले योकुरा भन्दा धेरैले पत्याएनन् प्रशासनले हामिलाई दमनगर्यो। हाल आएर वर्तमान् घटनाले छर्लङ्गहुनआएको छ। यहाँ किसानका समस्या बग्रेल्तिछन्। उखु किसानले मिलवाट भुक्तानि नपाएर अकालमा ज्यान गइरहेको छ। विद्यार्थीहरूको अवस्था त्यस्तै छ। बेरोजगार समस्या बिकराल बनेको छ। महिला बालबालिका बलत्कारपछि हत्या गरिन्छ। न्याय र सुरक्षाको सुनिश्चितता छैन। बिदेशि हस्तक्षेप दिन दुइगुणा रात चौगुणा बडेर गएको छ। महङ्गीले आकाश छोएको छ। नेपाली भुमि कालापानि, लिपुलेक, लिम्पीयाधुरालगायत हजारौं हेक्टर जमिन भारतको आफ्नो पोल्टामा पारिरहेको छ। एमसीसी हरियो घाँस देखाएर अमेरिकी सेना नेपाल प्रवेश गर्न खोज्जदै छ। नेपालि लेण्डुप अमेरिकी सेना प्रवेश गराउने दाउमा छ। यि विषयमा ठुला भनिएका सत्ताका हकदार पार्टीहरू एकशब्द बोल्दैनन्। हाम्रो गुमेको भुमि फिर्तागर्ने कुनै छेकछन्दै छैन। यी विषयमा यावत देशका प्रमुख विषयलाई बाँकी ७ पेजमा

## वैदेशिक...

नेपालस्थित अमेरिकी दूतावासकी प्रवक्ता आना रिची-एलेनले एमसीसी अनुदान कोष खुला भइरहँदैन, त्यसैले सक्दो चाँडो सम्झौता संसद्बाट अनुमोदन गरेर कार्यान्वयनमा लैजानुपर्छ भनेकी छिन्।

तर नेपालमा डबल नेकपाभित्रकै राष्ट्रवादी तप्का, नेकपा (क्रान्तिकारी माओवादी), प्रतिबन्धित नेकपा, २३ राजनीतिक संगठनको कार्यगत एकता लगायत देशभक्त र क्रान्तिकारीहरूसहित विशाल जनपंक्तिले एमसीसी सम्झौता खारेजीको लागि निरन्तर सडक आन्दोलनमार्फत् दबाब दिंदै आएको छ।

संसद विघटन गरेपछि मन्त्री बन्न खेमा बदलेर ओली समूहमा लागेका पूर्वमाओवादी नेता टोपबहादुर रायमाझीले जलस्रोत मन्त्रीको कार्यभार सम्हालेकै दिन एमसीसी कार्यान्वयन गर्नुपर्ने अभिव्यक्ति दिए। जसको राजनीतिक वृतमा ठूलो विरोध भए पनि भित्रभित्रै एमसीसी कार्यान्वयन गराउने र एमसीसी परियोजनाको सुरक्षाको नाममा अमेरिकी सेना भित्र्याउन लागेको पनि गम्भिर आशंका राजनीतिक विश्लेषकहरूले व्यक्त गरेका छन्।

***चीनको गम्भिर आशंका***

भूराजनीतिक परिवेशमा विदेशी शक्तिकेन्द्रको टकरावले नेपाललाई फौजी प्लेग्राउन्ड बनाउने, विशेषगरी चीनको विरोधमा परिलक्षित गर्ने, चीनलाई घेराबन्दी गर्ने, तिब्बतलाई टुक्रयाउने र त्यसको लागि नेपाललाई शैन्य आधार क्षेत्र बनाउने अमेरिकी रणनीति रहेको भन्दै डबल नेकपाको पार्टी विभाजन र संसद विघटनपछि उत्पन्न परिस्थितिप्रति चीनले चिन्ता र चासो व्यक्त गरेको छ।

राष्ट्रिय स्वाधिनता, क्षेत्रीय अखण्डता, पञ्चशीलको सिद्धान्त, असंलग्नता, अन्तराष्ट्रिय विवादका मुद्दा शान्तिपूर्ण रूपमा हल गर्नुपर्छ भन्ने नीति अवलम्बन गरेको नेपाललाई साम्राज्यवादीहरूको सैन्य गठबन्धनको अंग बनाएर मुलुकलाई साम्राज्यवादी मुलुकको उपनिवेश बनाउने गम्भिर षड्यन्त्र भइरहेको समेत राजनीतिक वृतमा चर्चा चर्चा चलिरहँदा चीनले पछिल्लो विकसित राजनीतिक स्थितिलाई बुझ्न एक टोलीलाई नेपाल भ्रमण समेत गराएको छ।

नेपालको उत्तरी छिमेकी चीनबाट चिनियाँ कम्युनिष्ट पार्टी अन्तर्राष्ट्रिय विभागका उपमन्त्री कुओ येचौको नेतृत्वमा चार सदस्यीय टोली स्थलगत अध्ययनको लागि नेपाल आएको थियो। उक्त टोली पुस १२ गते नेपाल आएर १६ गते फर्किएको थियो।

उक्त टोलीले राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओली, नेकपा (दाहाल'-नेपाल समूह) का अध्यक्षद्वय पुष्पकमल दाहाल र माधवकुमार नेपाल, वरिष्ठ नेता झलनाथ खनाललाई भेटेको थियो। साथै, चिनियाँ टोलीले सभामुख अग्नि सापकोटा, जनता समाजवादी पार्टीका संघीय अध्यक्ष बाबुराम भट्टराई र प्रमुख प्रतिपक्षी कांग्रेसका सभापति शेरबहादुर देउवासँग पनि भेटवार्ता गरेको थियो।

पुस १३ गते बेइजिङमा भएको पत्रकार सम्मेलनमा नेपालको नयाँ राजनीतिक घटनाक्रमबारे जवाफ दिने क्रममा चिनियाँ परराष्ट्र मन्त्रालयका प्रवक्ता चाओ ली च्येनले 'चिनियाँ कम्युनिष्ट पार्टीले अर्काको स्वतन्त्रता, समानता, आपसी सम्मान र कसैको आन्तरिक मामिलामा हस्तक्षेपको सिद्धान्त नअपनाउने' प्रष्ट पारेका थिए। उनले चिनियाँ टोलीको भ्रमणलाई दुई मुलुकबीच मित्रता गहन पार्नका लागि रहेको दावी गरे।

***चलखेल बढाउँदै भारत***

नेपालको लिम्पियाधुरा-लिपुलेक-कालापानी लगायत भूमि कब्जा गरेको भारतले उक्त भूमिलाई समेटेर नेपालले नयाँ नक्सा जारी गरेपनि उक्त भूमि नेपालले कहिले फिर्ता गराउने हो भन्ने कुरा अनिश्चित बनेर गएको छ। नेकपा (क्रान्तिकारी माओवादी) लगायत देशभक्त क्रान्तिकारी शक्तिहरूले दिनहुँजसो सडकमा उत्रिएर अतिक्रमित भूमि फिर्ता गराउन राज्यलाई निरन्तर रूपमा दबाब दिए पनि ओली सरकारले त्यसको सुनुवाइ गरेको छैन। बरु भारतीय खुफिया एजेन्सी रअका प्रमुख सामन्त गोयलसँग मध्यरातमा आफ्नै निवासमा गोप्य मन्त्रणा गरेपछि प्रम ओलीको ठूलो आलोचना भयो। तर रअ प्रमुखसँग भएका गोप्य वार्ताका विषयमा ओलीले अहिलेसम्म पनि सार्वजनिक गरेका छैनन्। त्यस लगत्तै भारतीय स्थलसेनाध्यक्ष मनोज मुकुन्द नरवणेको भ्रमण, त्यसपछि विदेश सचिव र भाजपाका नेताहरूको बाक्लो भ्रमण, भेटघाट र गोप्य साँठगाँठले राष्ट्रिय स्वाधीनताका हिसाबले मुलुक अर्को दुर्घटनाको जोखिममा रहेको विश्लेषण भइरहेको बेला ओलीले हठात् संसदको विघटन गरिदिए। त्यसबीचमा चिनियाँ रक्षामन्त्रीको समेत भ्रमण भएको थियो। संसद विघटनपछि भारतले खुशी व्यक्त गरेकोबाट पनि यो डिजाइन र षड्यन्त्रका पछाडि अमेरिका र भारतको हात रहेको धेरैले विश्लेषण गर्ने गरेका छन्। पछिल्ले समय भारतीय कुटनीतिज्ञ श्याम शरणले एक लेख लेख्दै कम विवादित व्यक्तिलाई प्रधानमन्त्री बनाउने र उसैको नेतृत्वमा आगामी संसदको निर्वाचन गराउने तयारी भइरहेको खुलासा गरेका छन्। केही मिडियाहरूको अनुसार निकट भविष्यमै श्याम शरण नेपाल आउन लागेका पनि छन्। अर्कोतिर संसदको पुनर्स्थापनाको माग राखेर सडकमा उत्रिएको प्रचण्ड नेपाल समूह, कांग्रेस र जनसमाजवादी पार्टीलाई समेत भारतले नै खेलाइरहेको विश्लेषण पनि हुने गरेको छ। एक भारतीय मिडियाले त प्रचण्डले भारत, अमेरिका र युरोपियन मुलुकसँग सहयोगको लागि अपिल गरेको समाचार समेत प्रकाशित गरेको थियो।

उल्लेखित घटनाक्रमबाट स्पष्ट हुन्छ कि नेपालमा अहिलेको तरल राजनीतिक अवस्थामा वैदेशिक चलखेल तीव्र रूपमा बढेर गएको छ। नेपाललाई अस्थिरतातर्फ धकेलेर विदेशी शक्तिले नेपालमा निरन्तर रूपमा आफ्नो अभिष्ट पूरा गराउने खेल खेलिरहेका छन्। अस्थिरताको पयार्य बनेको संसदीय व्यवस्था रहेसम्म विदेशी चलखेल बढिरहने र नेपालको राष्ट्रिय स्वाधीनतामाथि गम्भिर संकट उत्पन्न हुने भन्दै देशको स्वाधीनताको रक्षा, जनतन्त्रको स्थापना र जनजीविकाका समस्याहरूको दीर्घकालीन समाधानका लागि मुलुकमा संघीय जनगणतन्त्र तथा वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना हुनुपर्ने आवाज यतिखेर बलियो बन्दै गएको छ।

राष्ट्रिय स्वाधीनताको रक्षाका लागि अपरिहार्य संघीय जनगणतन्त्र

नेपालको आन्तरिक मामिलामा वैदेशिक चलखेल तीव्र बन्न थालेपछि विकसित राजनीतिक संकटका बारेमा एक वक्तव्य निकाल्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले वर्तमान सङ्कटको वास्तविक निकास र राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्याहरूको समाधानका निम्ति सङ्घीय जनगणतन्त्रको स्थापनार्थ कार्यगत एकता तथा संयुक्त मोर्चा गरी सशक्त तथा प्रभावकारी ढङ्गले सङ्घर्षमा उत्रन सबै देशभक्त, जनवादी तथा वामपन्थी शक्तिहरूसित विशेष अनुरोध गर्नुभएको छ। वक्तव्यमा महासचिव किरणले भन्नुभएको छ, 'आज देशमा आन्तरिक तथा वाह्य रूपमा विभिन्न प्रतिक्रियावादी, साम्राज्यवादी तथा विस्तारवादी शक्तिहरूको चलखेल तीव्र रूपमा बढ्दै गएको छ। देशको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताको रक्षा, जनताका जनतान्त्रिक हक अधिकारको प्राप्ति र जनजीविकाको सुनिश्चितताको प्रश्नमा गंभीर खतरा उत्पन्न भएको छ। यस स्थितिमा हाम्रो पार्टी वर्तमान सङ्कटको वास्तविक निकास र राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्याहरूको समाधानका निम्ति सङ्घीय जनगणतन्त्रको स्थापनार्थ कार्यगत एकता तथा संयुक्त मोर्चा गरी सशक्त तथा प्रभावकारी ढङ्गले सङ्घर्षमा उत्रन सबै देशभक्त, जनवादी तथा वामपन्थी शक्तिहरूसित विशेष अनुरोध गर्दछ।'


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी,
ऐसेलुखर्क, बाक्सीला, भोजपुर,
ओखलढुंगा, सोलु जानु परेमा
हामीलाई सम्झनुहोस्।
सम्पर्क–
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०











प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : हुकुमबहादुर सिंह, सम्पादक : इन्द्रबहादुर राउत, फोटोः जय दाहाल, कार्यालय : काठमाडौं-१०, बुद्धनगर सम्पर्क नं. : ९८५१०७६८६४, ०१-५२६०११२ इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।